# पहिलो परिच्छेद

## १. शोधपरिचय :-

### १.१. शोधशीर्षक :-

प्रस्तुत शोध-पत्रको शीर्षक 'रमेश क्षितिजको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

### १.२. शोधकार्यको प्रयोजन :-

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली शिक्षण विभाग, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज स्नातकोत्तर तह दोश्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

### १.३ विषय परिचय :-

नेपाली साहित्यको सिर्जनामा क्रियाशील कवि, गीतकार तथा कथाकार रमेश क्षितिजको जन्म वि.सं. २०२६ वैशाखमा हिवल्चा, सल्यानमा भएको हो । साहित्य सिर्जनाका क्रममा उनी कविता, गीत तथा कथा विधामा साधनारत छन् । उनका हालसम्म 'अर्को साँझ पर्खेर साँझमा' (वि.सं.२०५७) कविता सङ्ग्रह र आफैँ आफ्नो साथी भएँ' (वि.सं. २०६३) गीत सङ्ग्रह प्रकाशित भएका छन् । विभिन्न पत्रिकाहरु जस्तै : मधुपर्क, गरिमा, मिर्मिरे आदिमा थुप्रै रचनाहरु प्रकाशित गर्न सफल क्षितिज वर्तमान समयका एक सफल साहित्यसाधक ( व्यक्तित्व) हुन् ।

वास्तविक नाम रमेश न्यौपाने भए पनि साहित्यमा रमेश क्षितिजका नामले चर्चित उनले आफ्ना गद्य कवितामा वर्तमान विकृति र विसङ्गतिको यथार्थ चित्रण गर्नुका साथै राष्ट्रप्रेम र प्रकृतिप्रेमका सुन्दर अभिव्यक्ति दिएका छन् । उनले गीतमा पनि राष्ट्रप्रेम, प्रकृतिप्रेम तथा भावनात्मक प्रेमका सुन्दर अभिव्यक्ति दिएका छन् । हाल सरकारी सेवमा संलग्न उनी 'राष्ट्रिय कविता महोत्सव' २०५१ मा प्रथम (ने.रा.प्र.प.), सर्वोत्कृष्ट गीतकार आधुनिक गीत (रेडियो नेपाल) २०५०, सर्वोत्कृष्ट गीतकार, बालगीत (रेडियो नेपाल) २०५०, बी.बी.सी. कविता प्रतियोगिता २०४९, गुरुप्रसाद मैनाली कथा प्रतियोगिता २०५५ जस्ता पुरस्कार तथा सम्मान पाउन सफल स्रष्टा हुन् । उनका बारेमा केही पत्रिकाहरुमा छोटा समालोचनाहरु प्रकाशित भएका छन् । हाल सम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका विषयमा गहन रूपमा अध्ययन अनुसन्धान नभएका कारण यहाँ उनको जीवनी, व्यक्तित्व र कृतित्वको विषयमा अनुसन्धान तथा शोधखोज गरी विस्तृत रुपमा अध्ययन गरिएको छ ।

## १.४. समस्याकथन :-

कुनै पनि शोधखोज वा अनुसन्धान निश्चित समस्याहरुमा केन्द्रित हुने गर्छ । प्रस्तुत शोध-पत्र पनि निश्चित समस्याहरूमा केन्द्रित रहेको छ । यस क्रममा रमेश क्षितिजको जीवनी, व्यक्तित्व र कृतित्वका विषयमा अध्ययन गरी त्यस सम्वन्धी उचित निष्कर्ष निकाल्ने कार्य नै यस शोध-पत्रको मूल समस्या हुनेछ । यससँग सम्वन्धित समस्याहरूलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

क) रमेश क्षितिजको जीवनी र व्यक्तित्वका पक्षहरु के कस्ता छन् ?

ख) उनको साहित्यिक यात्राको कालक्रमिक विकासक्रम के-कसरी अगाडि बढ्दै गएको छ ?

ग) उनका कृतिहरुको (कविता र गीत) अध्ययन के कसरी गर्न सकिन्छ ?

घ) उनका कृतिमा पाइने प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

ङ) उनको कृतिगत (काव्यात्मक) योगदान के-कस्तो रहेको छ ?

## १.५. उद्देश्य :-

निश्चित उद्देश्य प्राप्तिका लागि शोध-कार्य गरिन्छ । यस शोध-पत्रको मूल उद्देश्य नेपाली साहित्यको सिर्जनामा क्रियाशील रहेका रमेश क्षितिजको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहेकोछ । जसलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

क) रमेश क्षितिजको जीवनी, व्यक्तित्व पक्षको अध्ययन गर्नु ।

ख) उनको साहित्यिक यात्राको कालक्रमिक विकासक्रम पहिल्याउनु ।

ग) उनका कृतिहरूको (कविता र गीत) अध्ययन गर्नु ।

घ) उनका कृतिहरूमा पाइने प्रवृत्तिहरूको पहिचान तथा अध्ययन गर्नु ।

ङ) उनको कृतिगत (काव्यात्मक) योगदान बारे निरुपण गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा :-

कुनै पनि शोधकार्य गर्नुपूर्व त्यसभन्दा पहिले भएका कामको खोज हुनु जरुरी छ । रमेश क्षितिजको जीवनी, व्यक्तित्व र कृतित्वको विषयमा न्यून रुपमा विभिन्न पुस्तक, पत्र-पत्रिकाहरूमा केही चर्चा भएका छन् । ती निम्नानुसार रहेका छन् :-

**क) वीरबहादुर 'आले' :-**

यिनले 'कान्तिपुर' दैनिक पत्रिका २०५१ असोज-१ शनिवारको अङ्कमा 'उज्यालो क्षितिज' शीर्षकमा समीक्षा लेख लेखी क्षितिजलाई मध्य पश्चिमाञ्चलमा नै पहिलो पटक कविता उत्सवको स्वर्णपदक लैजान सफल कवि भनी टिप्पणी गरेका छन् ।

**ख) श्रीओम रोदन :**

यिनले 'जनभावना' साप्ताहिक पत्रिका २०५१/६/१० को अङ्कमा 'प्रथम पुरस्कृत कान्छा कवि रमेश क्षितिज' शीर्षकमा समीक्षा लेख लेख्दै क्षितिजलाई साहित्यका गोरेटोमा छोटो दूरी मात्र पार गर्दै गरेका कवि कथाकार तथा गीतकार भनी टिप्पणी गर्नुका साथै सशक्त युवा हस्ताक्षर भनी उल्लेख गरेका छन् ।

**ग) यदुनाथ खनाल :-**

यिनले 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रहको संक्षिप्त मन्तव्य लेखनमा क्षितिजलाई संवेदनशील, संघर्षशील एक युवा कवि भएको र उनको यो कृति युवा वर्गको नै आवाज भएको भनी उनलाई शुभकामना समेत दिएका छन् ।

**घ) तुलसी दिवस :-**

यिनले 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रहको मन्तव्य लेखनमा क्षितिजको स्रष्टा व्यक्तित्वले नेपाली कविता साहित्यको प्रदेशमा सूचिकृत हुने अवसर मात्र होइन अधिकार पनि थोरै समयमा प्राप्त गरिसकेको अभिव्यक्ति दिएका छन् । यसैगरी यिनले भदौ-१३,२०५७ मा 'नयाँ करेण्ट' साप्ताहिक पत्रिकामा 'साहित्य सभा' स्तम्भमा पनि क्षितिजको काव्यकारिताको प्रशस्त चर्चा गरेका छन् ।

**ङ) उदय निरौला :**

यिनले 'मधुपर्क' २०५७ को अषाढ अङ्कमा 'बेजोड रचनाहरूको आस्वादन' शीर्षकमा क्षितिजका कवितामा मिथकलाई महत्व नदिई सौन्दर्यलाई लपक्क शब्दको माधुर्यताले सजाई सरल भाषा प्रयोग भएको कुरा उल्लेख गरेका छन् ।

**च) विमल भौकाजी :-**

यिनले 'हिमालय टाइम्स' दैनिकको २०५७/४/२८ शनिबारको अङ्कमा 'अनुहार हराउनेलाई अनुहार' शीर्षकमा समीक्षा लेखेर क्षितिजका अधिकांश कवितामा समाज प्रतिबिम्वित भएको कुरा उल्लेख गरेका छन् । यसैगरी साप्ताहिक 'विमर्श' भदौ-२३,२०५७ मा पनि यिनले 'साँझको पर्खाइः बिहानीको सङ्केत' शीर्षकमा क्षितिजको काव्यकारिताको चर्चा गरेका छन् ।

**छ) भवानी सुबेदी :-**

यिनले 'गोरखापत्र' दैनिक पत्रिकाको वि.सं.२०५७/७/१९ को अङ्कमा 'अर्को साँझ पर्खेर साँझ' शीर्षकमा समीक्षा लेख लेखर क्षितिजलाई आशावादी र निराशावादी, कठोर र भावुक, हार्दिक र वैचारिक एकैपल्ट भएका कविका रूपमा टिप्पणी गरेको पाइन्छ ।

**ज) दीपकमणि 'दाजुभाइ' :-**

यिनले 'घटना र विचार' साप्ताहिक पत्रिका २०५७ कार्तिक-२३ को अङ्कमा 'कालजयी कविका कविताहरू' शीर्षकमा रमेश क्षितिजका कविताले अन्तर्राष्ट्रिय उचाइलाई छोएको उल्लेख गरेका छन् ।

**झ) सगरमाथा शर्मा :-**

यिनले 'खवरपत्रिका' दैनिक पत्रिका २०५७/८/२७ को अङ्कमा 'जीवन्त कविताको प्रतिबिम्व' शीर्षकमा समीक्षा लेखी रमेश क्षितिजलाई नितान्त निजीदेखि युगीन र मुलुकका ताजा समस्या बारे आफ्नो उर्जा खर्च गर्ने कवि भनी उल्लेख गरेका छन् ।

**ञ) युवराज नयाँघरे :-**

यिनले 'कान्तिपुर' दैनिक पत्रिका २०५७/८/२९ शनिबारको अङ्कमा 'कविताका शिविरमा क्षितिज' शीर्षकमा समीक्षा लेखी क्षितिजलाई विचारका तरल वान्कीलाई अत्यन्त परिपाकयुक्त असाध्य जलपसाथ र अघोरै संबेद्य साथ कविता कोर्छन् भनी उल्लेख गरेका छन् ।

**ट) कृष्णराज सर्वहारी :-**

यिनले 'नेपाल समाचार पत्र' दैनिक पत्रिकाको वि.सं.२०५७/९/१६ को अङ्कमा समीक्षा लेख लेखेर क्षितिजलाई कविताहरूमा नवीन ढङ्गको बिम्ब प्रयोगले कविता पढ्ने पाठककलाई नयाँ अनुभूति प्रदान गर्दै आफूसँगै पाठकलाई पनि डोऱ्याउने कविका रूपमा लिएको पाइन्छ ।

**ठ) गोवर्द्धन पूजा :-**

यिनले 'युगसम्वाद' साप्ताहिक पत्रिकाको वि.सं. २०५७/९/१८ को अङ्कमा 'साँझमा अर्को साँझ पर्खिने रमेश क्षितिज' शीर्षकमा एक समीक्षा लेख लेखी क्षितिजलाई एक उत्कृष्ठ कथाकार तथा राष्ट्रिय चेतना प्रवल रूपमा भएका कविका रूपमा प्रस्तुत गरेका छन् ।

**ड) आर.एम.डंगोल :-**

यिनले 'प्रतिस्पर्धा' साप्ताहिक पत्रिकाको वि.सं.२०५७ चैत्र-२ को अङ्कमा स्रष्टा दृष्टिमा 'अर्को साँझ पर्खेर साँझमा' शीर्षकमा एक समीक्षा लेख लेखी क्षितिजलाई स्थापित कवि व्यक्तित्व लिएर देखा परेका उत्साही स्रष्टाका रूपमा टिप्पणी गरेका छन् ।

**ढ) रोशन थापा 'नीरव' :-**

यिनले 'मिर्मिरे' साप्ताहिक मासिक पत्रिका २०५८ जेठ अङ्कमा 'समकालीन कविताकाशमा क्षितिजको साँझपखाई' शीर्षकमा एउटा विस्तृत समालोचाना लेखी क्षितिजलाई वर्तमान समयका विविध पाटाहरूलाई आफ्ना लेखनीको बिम्वप्रतीकद्वारा सजाउने मूलतः आधुनिक चेतनाका कविका रुपमा चित्रण गरेका छन् ।

**ण) लालगोपाल सुवेदी :-**

यिनले 'स्पेसटाइम' दैनिक पत्रिका २०५८/६/६ शविबार अङ्कमा 'यस दशककै एक सफल कविता' शीर्षकमा संक्षिप्त समीक्षा लेख लेखी क्षितिजको 'महान पीडा' शीर्षकको कवितामा सरल शब्दमै गहन कुराको अभिव्यक्ति भएको कुरा उल्लेख गरेका छन् ।

**त) निर्मला शर्मा :-**

यिनले 'दाङ जिल्लाका कवि र तिनका कविता-कृतिको अध्ययन' शोधपत्र, कीर्तिपुर-२०५९ मा क्षितिजका कवितामा मानवीय सूक्ष्म त्रासदी, यथास्थिति प्रतिको विद्रोह, युगीन चेतना समय र आत्मबोधको प्रचुरता पाइने अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

**थ) कृष्णहरि बराल :-**

यिनले वि.सं. २०६० मा प्रकाशित यिनकै 'गीतः सिद्धान्त र इतिहास' पुस्तकमा रमेश क्षितिजका गीतहरू लय प्रयोगका दृष्टिले बलिया हुनुका साथै कतिपय गीतमा बिम्ब तथा प्रतीकको सुन्दर प्रयोग पनि भएको उल्लेख गरेका छन् ।

**द) प्रकाश सायमी :-**

यिनले 'आफैं आफ्नो साथी भएँ' गीति सङ्ग्रहको भूमिका लेखनमा 'कविता र गीतको साजी संसार' शीर्षक दिएर क्षितिजलाई एक अब्बल दर्जाका गीतकार मान्न सकिने कुरा उल्लेख गरेका छन् ।

**ध) दिनेश अधिकारी :-**

यिनले 'आफैं आफ्नो साथी भएँ' गीति सङ्ग्रहमा मन्तव्य दिंदै क्षतिजलाई नेपाली मन र नेपाली पनलाई आत्मसाथ गर्ने गीतकारका रूपमा लिएका छन ।

**न) रामकृष्ण ढकाल :-**

यिनले 'आफैं आफ्नो साथी भएँ' गीति सङ्ग्रहमा संक्षिप्त मन्तव्य दिंदै क्षतिजलाई नेपाली आधुनिक गीत लेखन परम्परामा अलग अस्तित्वसहित सग्लो भएर उभिने क्षमता भएका गीतकारका रूपमा लिएका छन् ।

**प) बिन्दु शर्मा :-**

यिनले 'दोभान' साहित्यिक चौमासिक पत्रिका २०६३ वर्ष-७, अङ्क-१ मा 'केही दङ्गाली कविका कृति समीक्षा' शीर्षकमा समीक्षा लेख लेखेर क्षितिजको 'आफैं आफ्नो साथी भएँ' गीत सङ्ग्रहमा उनले प्रेम, वियोग, देशभक्ति र परदेशीका पीडालाई मूल विषयवस्तु बनाएका र उनका गीतले मिलनको सुख र विछोडको पीडा दुबैमा पठकलाई संवेदनशील बनाउने सामर्थ्य राखेको उल्लेख गरेको पाइन्छ ।

**फ) पुष्पराज आचार्य :-**

यिनले 'जनज्यति' साप्ताहिक पत्रिका २०६३ पुष-१७ को अङ्कमा 'साहित्यका उज्याला क्षितिज' शीर्षकमा संक्षिप्त समीक्षा लेखी साहित्यमा प्रचुर कलात्मकता, अनुभूत यथार्थता विषयवस्तुको सहजताले क्षितिजका रचनालाई जीवन्तता प्रदान गरेको उल्लेख गरेका छन् ।

**ब) भरतकुमार भट्टराई :-**

यिनले 'गरिमा' वर्ष २६, अङ्क-२, पूर्णाङ्क ३०३ वि.सं. २०६४ माघ अङ्कमा 'रमेश क्षितिजका कविता' शीर्षकमा एक समालोचना लेख लेखेर रमेश क्षितिज हार्दिक-तरल, सरल-सरस, कोमल-करुण, व्यथित-चिन्तित, जाग्रत-ज्वलन्त, कटु-मधुर, व्यङ्ग्यात्मक-बिद्रोहात्मक चेतका कलात्मक कविता सिर्जना गर्ने समकालीन नेपाली कविता क्षितिजका अगुवा युवाकवि भएको भनी उल्लेख गरेका छन् ।

**भ) बुद्धिसागर :-**

यिनले 'नयाँ पत्रिका' दैनिक २०६४/४/१८ शनिबार अङ्कमा 'सूर्य ग्रहण र नयाँ सपना' शीर्षकमा रमेश क्षितिजका अभिव्यक्तिमा आधारित लेख छपाएर उनलाई "धेरै कमेन्ट गर्न नचाहने मौन कवि" भनी संज्ञा दिएका छन् ।

**म) वीरेन्द्र शाही :-**

यिनले 'सल्यानी आवाज' वर्ष-६ अङ्क-६, २०६६ मा क्षितिजसँग अन्तर्वार्ता लिंदै उनलाई 'राष्ट्रियस्तरमा आफ्नो स्थान सुरक्षित गर्न सफल गीतकार, कवि तथा कथाकार' भनी उल्लेख गरेका छन् ।

यसरी क्षितिजका कृतिका विषयमा गरिएका यी पूर्वकार्यको समीक्षा गर्दा यो विषय शोधका लागि उपयुक्त देखिन्छ ।

## १.७. अध्ययनको औचित्य, महत्व र उपयोगिता :-

रमेश क्षितिज नेपाली कविता, गीत र कथा सिर्जनाका एक सशक्त व्यक्ति हुन् । उनको जीवनी, व्यक्तित्व र उनका प्रकाशित कृतिहरूको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य रहेकाले उक्त कार्यबाट क्षितिजका बारेमा अध्ययन गर्न चाहने पाठक एवम् अध्येताका लागि समेत यो सहयोगी हुनेछ । यस

शोधकार्यबाट उनको कृतिहरूको योगदानको समेत मूल्याङ्कन गरिने भएकाले यस शोधकार्यको औचित्य, महत्व र उपयोगिता स्वतः पुष्टि हुन्छ ।

## १.८. अध्ययनको सीमाङ्कन :-

नेपाली साहित्य क्षेत्रमा एक प्रतिभाशाली स्रष्टाका रुपमा देखापरेका रमेश क्षितिजको जीवनी व्यक्तित्व र उनका कृतिहरूको अध्ययन गर्नु यस शोधकार्यको उद्देश्य भएकाले उक्त विषयमा मात्र यो शोध-पत्र केन्द्रित रहको छ । अतः यही नै यस शोधको सीमाङ्कन हो ।

## १.९. शोधविधि :-

### क) सामग्री सङ्कलन :-

यो शोधपत्र तयार पार्नका लागि निम्न प्रकारले सामग्री सङ्कलन गरिएको छ ।

अ) पुस्तकालयीय पद्धतिलाई यस शोधपत्रको सामग्री सङ्कलनको प्रमुख आधार मानिएको छ । यसका लागि सम्वन्धित विषयका पुस्तक र पत्र-पत्रिकाहरूको आवश्यक अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

आ) यस शोधपत्र तयार पार्ने क्रममा क्षितिजको जीवनीपरक अध्ययनका लागि उनको जन्मस्थानका जीवित सम्वन्धित नातेदार, इष्टमित्र, बन्धु-बान्धवहरू तथा साथीभाइहरू र प्राप्त मानिसहरूसँग सम्पर्क राखी आवश्यक जानकारी लिइएको छ । यस क्रममा स्रष्टासँग तथा अन्य व्यक्तिसँग प्रश्नावली र अन्तर्वार्ता विधिलाई अपनाई यथोचित जानकारी लिइएको छ ।

### ख) सामग्री विश्लेषण :-

यस शोधपत्रमा क्षितिजको जीवनी, व्यक्तित्व र कृतिहरूको अध्ययनका क्रममा जीवनीपरक समालोचना पद्धतिलाई अँगाली कृतिपक्षको विवेचना चाहिँ वर्णनात्मक र प्रभावपरक समालोचना एवम् विद्यागत सैद्धान्तिक ढाँचाका आधारमा गरिएको छ । यसैगरी उनको योगदानको चर्चा गर्ने क्रममा आवश्यकतानुसार तुलनात्मक एवम् विश्लेषणात्मक समालोचना पद्धतिको समेत प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा :-

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित एवम् सुसङ्गठित रुपमा प्रस्तुत गर्नका लागि जम्मा ७ परिच्छेदमा विभाजन गरिएको छ र आवश्यकतानुसार ती परिच्छेदलाई शीर्षक, उपशीर्षकमा विभाजन गर्नुका साथै परिशिष्टमा शोधनायकका बारेमा लिइएको अन्तर्वार्ता राखिएको छ ।

क) पहिलो परिच्छेद : शोधपरिचय

ख) दोस्रो परिच्छेद : कविता तथा गीतको सैद्धान्तिक स्वरुप

ग) तेस्रो परिच्छेद : रमेश क्षितिजको जीवनी र व्यक्तित्वको अध्ययन

घ) चौथो परिच्छेद : रमेश क्षितिजको साहित्यिक यात्राको अध्ययन

ङ) पाँचौ परिच्छेद : विधागत तत्वका आधारमा रमेश क्षितिजका कविता संग्रह तथा गीत सङ्ग्रहको अध्ययन

च) छैठौं परिच्छेद : क्षितिजका काव्यात्मक प्रवृत्तिको अध्ययन

छ) सातौं परिच्छेद : योगदान

उपर्युक्त सात परिच्छेदलाई आवश्यतानुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको प्रस्तुत शोधपत्र सातवटा परिच्छेदले युक्त छ ।

# दोस्रो परिच्छेद

## २. कविता तथा गीतको सैद्धान्तिक स्वरूप :

### २.१. कविताको सैद्धान्तिक स्वरूप :

### २.१.१. कविताको साधारण सिद्धान्त :

कविता विधा साहित्यका विविध विधाहरूमध्ये एक पुरानो विधा हो[1] । यसलाई मानव सभ्यताको इतिहास जत्तिकै पुरानो विधाको रूपमा स्वीकार गर्नुपर्ने देखिन्छ । "लेख्य कविताको उद्‌गमस्थल संसारकै सर्वप्राचीन ग्रन्थ ऋगवेद हो[2] ।" यसमा १० मण्डल, १०५८०.२५ ऋचा, १५३८२६ शब्द र ४३२००० अक्षर छन् । यसमा प्रशस्त कवितात्मक सूत्रहरू फेला परेका छन् । तत्पश्चात् अन्य वैदिक संहिताहरू जस्तै- उपनिषद, पुराण आदिमा कवितात्मक स्वरूपहरू देख्न सकिन्छ । यसरी मंत्र द्रष्टा ऋषिहरूद्वारा श्रुतिपरम्परामा आएको मानिने वैदिक ऋचाहरूमा लयको न्यूनतम अनुशासनभित्र अधिकतम मुक्तताको खोजी छ । उषः सुक्त जस्तो केही प्रसङ्‌गहरूलाई छाडेर अन्य ठाउँमा ध्यान दिएर हेर्ने हो भने वैदिक साहित्यमा कवितात्मक प्रवाह त्यति तीव्र देखिँदैन त्यसैकारणले वेदलाई काव्य नै नभनेर कविताको पूर्वरूप भन्नुपर्ने देखिन्छ । "पूर्वीय साहित्य जगत्मा सम्पूर्ण काव्य लक्षणले युक्त लिखित ग्रन्थको रूपमा 'रामायण' र 'महाभारत' लाई लिन सकिन्छ[3] । आर्षमहाकाव्य 'रामायण' पूर्वीय साहित्यिक चिन्तनका जगत्मा पहिलो महाकाव्यमात्र नभएर संस्कृतकै सर्वोत्कृष्ट महाकाव्य पनि हो भन्न सकिन्छ ।[4]" यसका रचयिता 'वाल्मीकि'ले आदि-महाकविको सर्वोच्च सम्मान पाएका छन् ।[5] त्यसैगरी 'महाभारत'ले पनि संसारकै उत्कृष्ट बृहत्‌काय महाकाव्य हुने सुअवसर प्राप्त गरेको छ ।[6] त्यसपछि कालिदास जस्ता महान् कविबाट संस्कृत कविताले सम्पूर्ण संसारभरि ख्याति कमाएको छ ।

"पाश्चात्य जगतमा पनि ललितकलाको विविध भेदहरूमध्येको एक शाखा साहित्यको श्रव्य एवं पद्यात्मक विधालाई कविता मानिएको छ[7] ।" यसरी

---

*१. वासुदेव त्रिपाठी र अन्य (सं.) नेपाली कविता भाग ४ चौ.सं. (ललितपुरः साझा प्रकाशन, २०६०) पृ.सं. ४*
*२. केशवप्रसाद, उपाध्याय साहित्य प्रकाश, छै.सं. (ललितपुरः साझाप्रकाशन, २०५९) पृ.सं. ३७*
*३. शारदाप्रसाद, घिमिरे विश्वका कविको जीवनी, (काठमाडौं ने.रा.प्र.प्र. २०२६) पृ.सं. १३*
*४. ऐजन, पृ.सं. १*
*५. ऐजन, पृ.सं. १*
*६. ऐजन, पृ.सं. १३*
*७. वासुदेव, त्रिपाठी र अन्य (सं.) पूर्ववत् पृ.सं. २*

पाश्चात्य काव्य परम्परामा पनि कविताको विकास लोकधाराबाट गाथाचक्रको रूपमा भएको पाइन्छ । त्यस जगतमा पनि कैयौं लोक प्रचलित काव्यहरू धेरै समयपछि मात्र लिपिबद्ध भएका देखिन्छन् । "होमर" का "इलियड र ओडिसी" महाकाव्यले पश्चिममा कविताको लिखित साध्य प्रस्तुत गरेका छन् । यसरी प्लेटो र अरस्तुदेखि नै पश्चिममा महाकाव्य चिन्तनको परम्परा शुरू भइसकेको इतिहास फेला पर्छ । तत्पश्चात् पाश्चात्य साहित्यिक चिन्तनका जगत्मा भर्जिल, गेटे, वर्डस्वर्थ, शेली, किट्स आदि जस्ता सृजनशील व्यक्तित्वबाट पाश्चात्य साहित्यले फुल्ने र फल्ने सुअवसर प्राप्त गरेको छ । यसरी पूर्व, पश्चिम, प्राचीन, अर्वाचीन आदि सबैलाई हेर्दा कविताका बारेमा खास तात्विक भेद देखिँदैन । अरस्तु र भामहले कविताको चिन्तनमा दिएको परिभाषाकै सेरोफेरोमा अद्यावधि कविता विधाको सिर्जना र यसको चिन्तन भइरहेको पाइन्छ । सौन्दर्यात्मक प्रयोजनबाट सिर्जना हुने शाश्वत कविता विधाले नयाँ-नयाँ रूप ग्रहण गर्दै आधुनिक समयमा पनि आफूलाई कलात्मक ढङ्गले प्रस्तुत गरिरहेको भेटिन्छ[८] ।

पूर्वीय र पाश्चात्य काव्य सिद्धान्तको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेर हेर्दा जीवनका विविध पक्षका विवेचनाहरूमध्ये एउटा सानो पक्षको रूपमा कविता विधालाई लिन सकिन्छ । यसरी हरेक काव्यकृतिहरूमा समाजको राजनीतिक, सामजिक, शैक्षिक, आर्थिक, भौगोलिक, धार्मिक, सांस्कृतिकका साथै समसामयिक विविध गतिविधिहरूको बारेमा जानकारी भएको पाइन्छ । उपरोक्त कारणले गर्दा यसरी कविता साहित्यको एक महत्वपूर्ण विधा भएकोले पूर्वीय र पाश्चात्य काव्यशास्त्रका विद्वान्हरूले कवितालाई जीवनमूलक बनाएका छन् । यसैक्रममा काव्य रचना र कविको प्रतिष्ठा कतिसम्म हुनुपर्‍यो भन्ने कुरा पनि त्यस समयका समीक्षकहरूले कवि र काव्य सम्बन्धी धारणाबाट स्पष्ट पारेका छन् ।

कवितालाई पूर्णरूले समेट्ने यौटै परिभाषा कुनै पनि विद्वान्हरूबाट प्राप्त हुन सकेको छैन । विभिन्न युगका मानिसहरूका सामाजिक धारणाहरू, समाजको गतिविधि, चिन्तन र विचारहरू एउटै मात्र नभएर देश, काल, परिस्थिति र समायानुकूल मान्छेका चिन्तन प्रक्रियाहरू पनि परिवर्तन भइरहने हुनाले समाजको स्वरूप पनि सधै एकनासको नभएर समायानुकूल क्रमिक विकास हुँदै आएको पाइन्छ । त्यसैले कविताको परिभाषा गर्ने क्रममा वैचारिक मत भिन्नता देखापरेको छ ।

---

८. ऐजन, पृ.सं. ६४

## २.१.२. कविताको परिभाषा :

साहित्यका उपलब्ध विविध वर्गीकरणहरूमध्ये पूर्वीय वर्गीकरणले साहित्यलाई श्रव्य र दृश्यगरी दुई वर्गमा बाँडेको पाइन्छ । श्रव्य वर्ग अन्तर्गतको पद्य नै कविताको रूपमा स्वाभाविक रूपले देखापर्छ । यस परिप्रेक्ष्यमा विचार गर्दा साहित्यको श्रव्य वर्ग अन्तर्गत गद्यको व्यतिरेकमा पद्य विधा उभिएको पाइन्छ[९] । कविता साहित्यको एक पुरानो विधा हो । मानव सभ्यताको विकासक्रमको अत्यन्त क्रान्तिकारी घटना मानिने भाषाको सम्प्रप्तिदेखि यता प्राचीन लोकगीत गाथा र गाथाचक्रका क्रमिक श्रृखला हुँदै कविताको प्रारूप विकसित भएको हो भन्नुपर्ने देखिन्छ[१०] । कविता विधाले अनेक युगीन घुम्तीहरू पार गर्दै र विविध काँचुलीहरू फेर्दै आफ्ना कतिपय आधारभूत तत्वको निरन्तरताको साथ-साथै आजसम्म आइपुगेको छ[११]। विश्व कविताको प्राचीन गीत गाथादेखि वर्तमान बिन्दुसम्मको तीन सहस्रांब्दी भन्दा पनि लामो कविता यात्राका क्रममा कलात्मक तथा साहित्यिक धारा परिर्वतनहरूको प्रभावका साथै कविता विधाकै आन्तरिक विकासशीलताका कारणले पनि अनेकन महत्वपूर्ण प्रयोग तथा परिवर्तनहरू देखापरेका छन्[१२] ।

कविताको परिभाषा गर्ने क्रममा विविध विद्वान्हरू र काव्य चिन्तकका बीचमा आ-आफ्नै प्रकारका मत मतान्तरहरू फेला पर्दछन् ।

## २.१.३. पूर्वीय चिन्तकहरूका दृष्टिमा कविता :

पूर्वीय काव्य सिद्धान्तमा कवितालाई परिभाषित गर्ने क्रममा आचार्य भरतमुनिको नाम सर्वप्रथम देखापर्दछ । भरतमुनिले नाटकका सन्दर्भमा साहित्यलाई विभिन्न ढङ्गबाट प्रस्तुत गरेका छन् । तत्पश्चात अन्य विविध सम्प्रदायहरूले क्रमिक रूपमा विकसित हुँदै आएको कविता विधालाई आ-आफ्नो तरिकाले परिभाषा गरेका छन् । कविताको परिभाषा दिने क्रम बढ्दै जाँदा जगन्नाथसम्म आइपुग्दा धेरै परिभाषाहरू प्राप्त भएको पाइन्छ ।

आचार्य भरतमुनि कवितालाई परिभाषित गर्दै भनेका छन् “कवितामा कोमल र सुन्दर पद विन्यास, गूढ शब्दार्थ हीनता, युक्तिपूर्णता र सुवोधता हुनुपर्छ[१३]।

---

*९. ऐजन, पृ.सं. ४*

*१०. ऐजन, पृ.सं. ४*

*११. ऐजन, पृ.सं. ४*

*१२. ऐजन, पृ.सं. ४*

*१३. डा. हेमाङ्गराज, अधिकारी पूर्वीय समालोचना सिद्धान्त, छैं.सं. (ललितपुर: साझा प्रकाशन, २०५६) पृ.सं. २८*

अभिष्ट भावलाई संक्षेपमा गर्ने पदावली काव्य हो-अग्निपुराण ।[१४]

आचार्य भामह- शब्द र अर्थ संयुक्तरूपले काव्य हुन् ।[१५]

आचार्य दण्डी- इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो ।[१६]

आचार्य वामन- काव्यको आत्मा रीति (शैली) हो ।[१७]

आचार्य रूद्रट- निश्चित रूपले शब्द र अर्थ नै काव्य हो ।[१८]

आचार्य आनन्दवर्द्धन- शब्द र अर्थ दुबै काव्यका शरीर हुन् । काव्यको आत्माचाहिँ ध्वनि हो ।[१९]

आचार्य कुन्तक- वक्रोक्ति काव्यको आत्मा हो ।[२०]

भोजराज- दोषरहित, गुणसहित, अलङ्कारले अलङ्कृत रसमय काव्य रचना गरेर कविले कृति र लोकप्रियता वा आनन्द पाउँछ ।[२१]

आचार्य मम्मट- दोषरहित, गुणसहित शब्दार्थ काव्य हो ।[२२]

आचार्य विश्वनाथ- रसिलो वाक्य काव्य हो ।[२३]

पण्डितराज जगन्नाथ- सुन्दरभाव व्यक्त गर्ने शब्द काव्य हो ।[२४]

यसरी पूर्वीय काव्शास्त्रीहरूले विविध मत मतान्तरहरूको मूल्याङ्कन र विश्लेषणबाट रस, अलङ्कार, ध्वनि, गुण, रीति, औचित्य, बक्रोक्ति आदिलाई नै काव्यको विशिष्ट तत्व मानेका छन् ।

## २.१.४. पाश्चात्य चिन्तकहरूका दृष्टिमा कविता :-

पूर्वीय जगतमा काव्यको विकास भए झैं पाश्चात्य जगतमा पनि काव्ययात्राको चरणबद्ध विकास भएको पाइन्छ । पाश्चात्य साहित्यिक जगतमा कला र काव्य चिन्तनको वीजारोपण होमरसँगसँगै भएको पाइन्छ । होमरले काव्यको थालनी म्युज वा सरस्वतीको आह्वान गर्दै साहित्यमा दिव्य प्रेरणाको श्रोतलाई नै कविता भन्दछन् । उनले साहित्यमा दिव्य अन्तः प्रेरणाको महिमा

---

१४. डा. केशवप्रसाद उपाध्याय पूर्ववत् पृ.सं. ७
१५. डा. हेमाङ्गराज, अधिकारी पूर्ववत् पृ.सं.७
१६. ऐजन, पृ सं. ७
१७ ऐजन, पृ सं. ७
१८. ऐजन, पृ सं. ८
१९. ऐजन, पृ सं. ८
२०. ऐजन, पृ सं. ८
२१. ऐजन, पृ सं. ९
२२. ऐजन, पृ सं. ९
२३. ऐजन, पृ सं. १०
२४. ऐजन, पृ सं. १०

गएको उनका महाकाव्यबाट थाहा पाउन सकिन्छ । होमर पछिका विभिन्न पश्चिमी विद्वान्हरूले काव्यको परिभाषा यसरी दिएका छन्-

हडसन्- मूलतः साहित्य भाषाको माध्यमले जीवनको अभिव्यक्ति हो ।[२५]

अरिस्टोटल- साहित्य भाषाको माध्यमले प्रकृतिको अनुकरण हो ।[२६]

वेकन- कविता शैलीको एक रूप हो । यसको सम्बन्ध भाषणकलासित छ ।[२७]

ड्राइडन- कविता भावपूर्ण तथा छन्दोबद्ध भाषामा प्रकृतिको अनुकरण हो ।[२८]

जान्सन्- कविता छन्दोबद्ध रचना हो, यो बुद्धिको सहायताले कल्पनाको आह्वानद्वारा आनन्दलाई सत्यसँग जोड्ने कला हो ।[२९]

वर्डस्वर्थ- कविता सशक्त अनुभूतिहरूको निरबच्छिन्नवादी हो । यो शान्त क्षणमा पुनः स्मृत सम्वेगबाट जन्मन्छ ।[३०]

कलरिज- कविता विज्ञानको विपरित विधा हो, किनभने यसको मुख्य लक्ष्य आनन्द हो, सत्य होइन ।[३१]

सेली- कविता सामान्यतया कल्पनाको अभिव्यक्ति हो ।[३२]

विलियम हैजलिट- कविता कल्पना र आवेगको भाषा हो ।[३३]

रस्किन- कविता उदात्त पृष्ठभूमिमा उदात्त संवेगका लागि कल्पनाको सहायताले गरिने प्रस्तावना हो ।[३४]

टि.एस्.इलिएट- काव्य आत्मा वा व्यक्तित्वको अभिव्यक्ति होइन, अपितु आत्मा वा व्यक्तित्वबाट पलायन हो ।[३५]

यसरी पाश्चात्य जगतमा होमरबाट थालनी भएको पाश्चात्य काव्य परम्पराले दिव्यप्रेरणा प्रदान गर्दै विभिन्न सिद्धान्त, बाद र प्रणालीका युग, मोड र घुम्तीहरू पार गर्दै देश, काल, परिस्थिति, समय सापेक्षित हुँदै जीवन दर्शन र मूल्यको अभिव्यक्ति दिँदै चरणबद्ध रूपबाट काव्यको विकास भएको इतिहासलाई प्रस्तुत गरेको देखिन्छ । मूलतः पाश्चात्य काव्यमा अमृत चिन्तन, दिव्य सौन्दर्यता, रमणीयता, मानवीयता, भावात्मक अभिव्यक्ति हार्दिकता, प्रकृति

---

२५. ऐजन, पृ सं.१२
२६. ऐजन, पृ.सं.१२
२७. ऐजन, पृ.सं.१२
२८. ऐजन, पृ.सं.१२
२९. ऐजन, पृ.सं.१२
३०. ऐजन, पृ.सं.१३
३१. ऐजन, पृ.सं.१३
३२. ऐजन, पृ.सं.१३
३३. ऐजन, पृ.सं.१३
३४. ऐजन, पृ.सं.१४
३५. ऐजन, पृ.सं.१४

चित्रण, कोमलता, सरलता र सरसता आदिले काव्यको चमत्कार बढाएको पाइन्छ । यति भन्दैमा काव्य विल्कुलै दोष रहित छ भन्न चाहिँ मिल्दैन । जटिल, सौन्दर्य, क्लिष्टता, दुरूहता एवं शब्द संयोजनको कमजोरीले पनि काव्यलाई प्रभावकारिताको धरातलबाट अलग बनाएको पाइन्छ ।

## २.१.५. नेपाली चिन्तकका दृष्टिमा कविता :

पूर्वीय र पाश्चात्य जगत्मा कविताका बारेमा चिन्तन गरिए झैं नेपाली साहित्य जगत्मा पनि कविताको परिभाषा दिने क्रम देखापरेको पाइन्छ । पूर्वीय र पाश्चात्य साहित्यिक मान्यताहरूलाई समेट्दै र केही मौलिक स्पर्श दिँदै नेपाली भाषामा कविता रचिएका र कविता सम्बन्धी चिन्तन पनि प्रस्तुत भएका छन् । कविताको परिभाषा गर्ने क्रममा विभिन्न नेपाली विद्वान्हरूले कविताको परिभाषा यसरी दिएका छन् -

**कवि व्यथित-** तीब्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काँठी  कसी विचारको लगाम पक्रेर भावुकतामा चढेको नै कविता हो ।[३६]

**कवि माधवप्रसाद घिमिरे-** केही चिजलाई आफ्नो दृष्टिकोणमा  जीवन र जगतलाई हेरिआएको अमूर्त रूपलाई केही माध्यमद्वारा बाहिर प्रकट हुन्छ भने त्यो नै कविता हो ।[३७]

**रूद्रराज पाण्डे-** साहित्य एक व्यक्तित्वको अभिव्यक्ति हो ।[३८]

**पण्डितराज सोमनाथ सिग्देल-** काव्यशैलीमा लेखिएको ग्रन्थ वा मनमा निस्किएका भावलाई सुन्दर, सुचारू, रञ्जक भाषामा लेखिएको अभिव्यक्ति नै साहित्य हो । सर्वसाधारणसमेतलाई मुग्ध पार्ने अभिव्यक्ति पनि साहित्य हो ।[३९]

**बालकृष्ण सम-** कविता मानिसको अनुहार जस्तै हो, हिसी कुनै  कलात्मक शैल्पिक दक्षताको सिद्धान्तमा रहेको हुँदैन, कविता गणित होइन, न त दर्शन नै हो । यो त शृङ्गार, वीर, करूण आदि रसको भाव प्रर्दशन हो ।[४०]

कविता मानव मनको भावुक अभिव्यक्ति हो । जसलाई सृजनाशील व्यक्तित्वको जीवन र जगत्का परिवेशभन्दा माथिल्लो स्तरमा रहेर जन्माएको हुन्छ । विद्यमान सामाजिक विसङ्गति, पीडाबोध दृश्य, प्रकृति, जीवन दर्शन,

३६. ऐजन, पृ.सं.१४
३७. ऐजन, पृ.सं.१४
३८. ऐजन, पृ.सं.१५
३९. ऐजन, पृ.सं.१५
४०. ऐजन, पृ.सं.१५

राजनैतिक दर्शन, शैक्षिक परिवेश, सांस्कृतिक पर्यावरण, नैतिक उत्तरदायित्व, धार्मिक आस्था र विश्वास, आर्थिक असमानता, भौगोलिक परिवेश, दीन दु:खीहरूको विवशतापूर्ण जीवनयापनको क्रम एवं मानवीय मूल्य र मान्यताले अभिप्रेरित हुँदै प्रतीकात्मक बिम्बात्मक र विविध आलङ्कारिक शब्दहरूको सुन्दर संयोजनमा कविले आफ्नो अन्तरमनका भावहरू प्रस्तुत गर्दछ । साहित्य समाजको दर्पण हो । विद्यमान सामाजिक आस्थालाई साहित्यकारले आफ्नो रचनाहरु मार्फत समाजको अगाडि राखिदिन्छ जसले गर्दा जनमानसमा अन्तर चेतनाको प्रवाह संचार हुन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने पूर्वीय परम्परामा कविले सत्यं, शिवं र सुन्दरम्को धारणालाई समेट्दै सिर्जनामुखी प्रक्रिया र भावको महत्वलाई जोड दिएको पाइन्छ भने पाश्चात्य काव्य सिद्धान्तमा कविताले अनुभूतिको सम्प्रेषण गरी मानवीय मनस्थितिलाई अँगाल्दै जीवनमुखी प्रवृति समेटेको पाइन्छ । पूर्वीय र पाश्चात्य दुबै जगत्मा शब्द, अर्थ, शैली, भाव, रस, छन्द, लय, अनुभूति, माधुर्य, कल्पना आदिलाई काव्य तत्वहरूको रूपमा स्वीकारेको पाइन्छ । समग्रमा जवसम्म स्रष्टाले पाठकको हृदयलाई स्पर्श गर्न सक्दैन तबसम्म ऊ सफल स्रष्टा बन्न सक्दैन ।

### २.१.६. कविताको विशेष स्वरूप :-

कविता के हो र यो कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा लेखनाथ पौड्यालले कविताको सन्दर्भलाई लिएर परिभाषा दिएका छन् । कोमल भावको माध्यमबाट नैतिक र आध्यात्मिक चेतना जगाई समाज सुधारको सन्देश दिनुलाई कविता भन्दछन् । त्यसैगरी पारसमणि प्रधान शब्द थुपार्नु भन्दा भाव झल्काउनुलाई कविता मान्दछन् । त्यसैगरी मोहन कोइरालाले कलात्मक रूपमा माझिएको भाषाको प्रभाव पार्न सक्ने रूपमा कविता मानव कल्याणको निम्ति हुनुपर्छ भनेका छन् । यसरी विविध विद्वान्का दृष्टिमा कविता विविध प्रकारको देखिए तापनि कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कविता देखि खण्डकाव्य र महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटकमा निम्न लिखित मुख्य पक्ष वा तत्व देखा पर्दछन् । जस्तैः शीर्षक, संरचना, लय, विधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय भावविधान, सन्दर्भगत तत्व, व्यञ्जन, बिम्बबिधान र अलङ्कार आदि । माथिका उक्त तत्वको बेग्ला-बेग्लै वर्णन तल यस प्रकारले गरिन्छ ।

### २.१.६.१. शीर्षक :-

कुनै पनि विषयवस्तुको बारेमा लेख्न थाल्नु भन्दा पहिले त्यस विषयवस्तुको शीर्षक चयन गर्नु आवश्यक कुरा हो । त्यसैले कविता तत्वको विविध अङ्गहरूमध्ये शीर्षक पनि एक महत्वपूर्ण अङ्ग नै मानिन्छ । शीर्षक कविताका कृतिको नामाकरणमात्र नभई कृतिका सारभूत भाव विचारको सूचक पनि हो । कविता संरचनाभित्र कल्पना, अभिव्यक्ति, भाव एवं विचारको समग्र शब्द चित्र नै शीर्षक हो । त्यसैले शीर्षकको चयन गर्दा कविले पहिले नै शीर्षकको निर्धारण गरेको हुन पनि सक्छ र कविता लेखिसकेपछि शीर्षक निर्धारण गरेको पनि हुन सक्छ । पहिले नै शीर्षकको निर्धारण गरी लेखिएको कवितामा कृत्रिमता र यान्त्रिकता फेला पार्न सकिन्छ । कविताको शीर्षक सिँगै कविताको सार व्यक्त गर्ने खालको हुनुपर्छ । त्यसैले आवश्यकता अनुसार शीर्षक बिम्बात्मक र प्रतीकात्मक पनि हुनुपर्ने देखिन्छ । यदि कुनै कविताभित्र त्यसको अधुरो पक्ष फेला पर्छ भने औचित्यपूर्ण शीर्षकले कवितामा भएको कमजोरीलाई हटाइदिन सक्छ । यसरी कविताको शीर्षक चयन गर्दा सिँगै कविताको सारभूत तत्वलाई प्रतिबिम्बित हुने गरी चयन गर्नुपर्ने देखिन्छ । यदि यसो नभएदेखि कविता प्रभावकारिताको धरातलबाट पृथक रहने सम्भावना देखिन आउँछ । हुन त आजका कतिपय कविताहरू शीर्षक नभएका भेटिन्छन् । यस्ता कविताहरूको भाव, कथन पद्धति, प्रकृति आदि मूल्याङ्कन गरी उक्त कविताको प्रतिनिधित्व हुनेगरी शीर्षक चयन गर्नुपर्दछ । शीर्षक कविताको अति आवश्यकता तत्व हो । शीर्षक बिनाको कविता लङ्गडो हुन्छ र अपूर्ण बन्दछ ।

### २.१.६.२. संरचना :-

कविताका विविध तत्वहरूमध्ये संरचना पनि अत्यन्त आवश्यक तत्व मानिन्छ । संरचनाका दुई पक्ष छन् ।

अ) आन्तरिक संरचना ।

आ) बाह्य संरचना ।

### २.१.६.२.१. आन्तरिक संरचना :

आन्तरिक संचरना अँगालिएका कवितामा कथन पद्धति आख्यानीकरण, नाटकीकरण, सूक्ष्मभाव र विचार पर्दछन् । विशेषगरी यिनीहरूमध्ये पुनरावृति, संचयन, केन्द्रीय कथ्य, विचारको उठान, विकास, रागात्मक परिणति, द्वन्दात्मक समन्वय, खण्ड-खण्डका स्वतन्त्र, सहचार्य आदिलाई मुख्य मानिन्छ । यसरी

भावको उठान, विस्तार, बैठान, सुसंगति, सुसंयोजित र व्यञ्जनाक्रम, श्रृङ्खलाबद्ध गरेर प्रस्तुत गरी अन्तर-अनुप्रासीयता र अन्तर-साङ्गीतिक चक्रको क्रमिक विकास आन्तरिक संरचनाका तत्वहरु हुन् ।

## २.१.६.२.२. बाह्य संरचना :-

शीर्षकको सुन्दरता, उपयुक्त चयन, पङ्क्तिविधान, छन्द, लय, शब्दगत सुसंरचना, अनुप्रासयुक्तता, प्रतीक, रूपक, बिम्ब, भाषाशैली, पदावली, शैल्पिक सुन्दरता, क्रमबद्धता, आलङ्कारिकता, औचित्यमूलक प्रयोग, मूर्त अभिव्यक्ति, तरल अनुभूति, जटिलता, सशक्तता, सुकुमारता, सुललित, कोमलकान्त पदावली, जटिलता, कठोरता आदि बाह्य संरचनाका विशेषता हुन् । प्रभावमय शैली र भावनाको उचित संयोजन बाह्य संरचनामा रहेको पाइन्छ । यसरी कविताको क्रम बृतात्मक, चक्रात्मक, नागवेली, खण्डीय स्वतन्त्र र सहचार्यत्मक हुने देखिन्छ । कवितामा रूप र तत्वलाई गतिमय तुल्याई बाह्य र आन्तरिक संरचनाको स्वरूपलाई समावेश गरिएको भेटिन्छ ।

## २.१.६.३. लय :-

लय कविताको एक महत्वपूर्ण तत्व हो । यसले श्रोताहरूलाई अकार्षण गर्दछ । कवितामा आन्तरिक र बाह्य गरी दुई पक्षहरू  हुन्छन् । लंघु गुरू, मात्रा तथा गणको मिलान, ध्वनि क्रमिकता, वर्णको आवृत्ति, साङ्गीतिक शब्दावलीको चयन, आलङ्कारिक विन्यास आदि लयका बाह्य पक्ष हुन् भने आनन्द, समानध्वनिको पुनरावृत्ति, सङ्गीतको मीठास आदि यसका आन्तरिक पक्ष हुन् ।

छन्द वा लयको आधारमा कवितालाई पहिचान गर्न  सकिन्छ । लय र छन्द विना कविता लेखिँदैन । लयको न्यूनतम अनुशासनभित्र अधिकतम मुक्तताको खोजी गद्य कवितामा हुन्छ भने अत्याधिक अनुशासनभित्र न्यूनतम स्वतन्त्रताको खोजी पद्य कवितामा हुन्छ । यसरी कविता विधा साहित्यको लयात्मक र सौन्दर्यात्मक हुन्छ ।

मनभित्र उठेका भावहरूलाई लयपूर्ण ढङ्गमा गाउने प्रबृत्तिले छन्दको उत्पत्ति भएको हो ।[४१] यसैले छन्द र लयको अभिन्न सम्बन्ध छ । लय आन्तरिक भावावेग हो भने त्यसलाई नियमबद्ध गराउने बाह्यरूप छन्द हो । यसरी छन्दलाई लयले नै गतिमान बनाउँछ । यसरी लयलाई छन्दको जीवन तत्व भने पनि हुन्छ । मानवको

४१. ऐजन, पृ.सं.१२०

अभिव्यक्तिको इतिहाससँग छन्दको उत्पत्ति गाँसिएको छ । आदिकवि वाल्मीकिको प्रथम करूण अभिव्यक्ति छन्दमा नै अभिव्यक्त थियो । जस्तै :-

*"मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वती समा ।*
*यत्क्रौञ्चमिथुनादेकभवधीः काममोहितम् ॥"* [४२]

यही छन्दोबद्ध रचनाबाट लौकिक साहित्यमा छन्दको सुरूवात भएको मानिएको छ । त्यसैगरी वेदहरू पनि छन्दमा नै लेखिएका छन् । छन्दलाई पद्यको पर्यायवाची मानिने हुनाले छन्दकाव्य भन्दा पद्य काव्य सम्झनु पर्छ । छन्द शब्दको व्युत्पत्तिअनुसार संस्कृतमा "छन्दयति आह्लादयति इति छन्दः।[४३]" भनेर छन्दको परिभाषा दिएको पाइन्छ । यसरी छन्द शब्दले आनन्द दिने वस्तुलाई बुझाउँछ । जुन रचना स्वर र लयको आधारमा वर्ण र मात्राको निश्चित संख्या र विश्रामको नियमले नियमित हुन्छ, त्यसलाई छन्द भनिन्छ ।[४४] छन्दले वाणीलाई सम्मोहन बनाउँछ, यसको मोहिनी शक्तिले पाठक बढी आकृष्ट हुन्छ । पाश्चात्य साहित्यकार दाँते, स्कलेजिलर, डा. जोन्सन, कार्लाइल, जे.एस.मिल, जी.एच. लेवि आदि विद्वान्हरूले छन्दको सशक्त समर्थन गरेका छन् । यिनीहरूले छन्दलाई काव्यको अनिवार्य तत्व मानेका छन् ।

नेपाली बृहत् शब्दकोषमा "यति, गति र लय मिलेको वर्ण, मात्रा आदिको गणना अनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूप नै छन्द हो" भनिएको छ । अंग्रेजीमा छन्दलाई "मिटर" भनिएको छ । बृत्त या छन्दलाई ल्याटिन भाषामा "हवरसस" भनिन्छ । यसले हलोको सियाले जोतेको जमिनतर्फ सङ्केत गरेको छ । यसरी पंक्ति-पक्तिमा विभाजित छरितो अभिव्यक्ति नै छन्द या पद्य हो भन्नेमा सबैको एक दृष्टिकोण रहेको देखिएको छ । पूर्वीय र पाश्चात्य साहित्यिक चिन्तकहरूले कवितामा छन्दको न्यूनाधिक सत्तालाई स्वीकारेको पाइन्छ । पूर्वीय साहित्यमा छन्दको उचाइ बढी चुलिएको पाइन्छ जसलाई पाश्चात्य साहित्यले भेटाउन सकेको छैन । कविता विधामा हुने श्रुतिमधुर झङ्कार र साङ्गीतिक लहर साहित्यका अन्य विधाहरूमा पाईदैन । गद्य कवितामा छन्दको अनुशासन अलि खुकुलो भएपनि आन्तरिक लयको उपस्थिति अनिवार्य हुन्छ । कवितामा सौन्दर्यको जादू भन्ने तत्व नै लय वा छन्द हो । लयकै कारणले कविता दुई चार पटक पढ्दैमा या सुन्दैमा जीवनभर कण्ठस्थ भइरहन्छ । अपठित समुदायले पनि आजसम्म लयकै कारणबाट काव्यको रसास्वादन गर्ने सुअवसर

४२. ऐजन, पृ.सं.१२०
४३. ऐजन, पृ.सं.१२१
४४. ऐजन, पृ.सं.१२१

प्राप्त गरेका छन् । संसारकै प्राचीन ग्रन्थ ऋग्वेदमा सस्वर वाचन प्रक्रियाबाट छन्द मौलाएको पाइन्छ । छन्दले रामायण हुँदै महाभारतमा आइपुग्दा प्रशस्त भ्याँगिने मौका पाएको छ ।

कालिदास, माघ, श्रीहर्ष जस्ता उत्तरवर्ती कविहरूमा आइपुग्दा छन्दले कविता विधामा आफ्नो अलौकिंक सत्ता जमाई सकेको छ । वर्तमान परिप्रेक्ष्यमा पनि छन्द र लय आवश्यक तत्व मानिन्छन् र भोलिका दिनहरूमा पनि छन्दको आवश्यकता र लोकप्रियतालाई जनमानसले अस्वीकार नगर्ने कुरा विश्वास गरिन्छ ।

## २.१.६.४. भाषाशैली :

शब्दको कोमलता, मधुरता, रागात्मकता, सुललित पदावली आदि कविताको भाषाशैली अन्तर्गत पर्दछन् । कल्पना र अनुभूतिको चञ्चल भाव तरङ्गलाई मिठास दिने काम नै भाषाशैलीले गर्दछ । भाषाको मितव्ययिता र सूक्ष्मतम् अभिव्यक्तिले कविता विधामा थप गति प्रदान गर्दछ । भाषाशैली अन्तर्गत विविध प्रतीक, बिम्ब, उपमा रूपक, दृष्टान्त, अलङ्कारहरू, कलात्मक सौन्दर्य आदि पर्दछन् । कविताको भाषाशैली बिम्बात्मक, प्रतीकात्मक, लाक्षणिक र व्यङ्ग्यात्मक एवं लयात्मक हुन्छ ।

## २.१.६.५. कथनपद्धति :

कविता मानवीय अनुभव जगतको भाषिक एवं लयात्मक कथन पद्धति हो । कविताका विविध तत्वहरूमध्ये कथन पद्धति पनि एक हो, कवितामा कविले आफू स्वयंलाई एउटा पात्रको रूपमा खडा गरी आफूले आफैलाई सम्बोधन गरेर नाटकीकरण गरिरहेको हुन्छ । कविता भाषिक कथन र लेखन भएकोले यसमा पनि श्रोता र वक्ताको उपस्थिति रहेको हुन्छ । यसका दुई पक्षहरूमध्ये कविप्रौढोक्ति र कविनिवद्धवक्तृप्रौढोक्ति हुन् ।

### २.१.६.५.१. कविप्रौढोक्ति :-

कवि स्वयं आफू पात्र बनेर दर्शक पाठक, श्रोता, भावक, आस्वादक आदिलाई आफ्ना भावले सम्बोधन गर्दछ र कविले आफूलाई सम्बोधन गर्दछ भने त्यो कविप्रौढोक्ति हो । कविप्रौढोक्तिमा आत्मापरकताका कुराहरू व्यक्त गरिएका हुन्छन्

। यसरी कवि स्वयंले आफैसँग सम्बोधन गरी आफ्नै भावनाका वा मनका कुराहरू अभिव्यक्त गरेर वार्तालाप गरिरहेको हुन्छ ।

### २.१.६.५.२. कविनिबद्धवक्तृप्रौढोक्ति :-

कविनिबद्धवक्तृप्रौढोक्तिमा कविले आफ्नो अन्तरमनको भाव र अनुभूतिहरूलाई कुनै पात्र खडा गरेर श्रोतावर्गलाई सम्बोधन गरी आफ्ना भावहरू अभिव्यक्त गरेको हुन्छ । यसरी कविनिबद्धवक्तृप्रौढोक्ति विवाद, सम्वाद, द्वन्द्व आदि प्रस्तुतिद्वारा नाटकीकरणको सम्भव देखिन्छ । यसरी कथायितावद्वारा संयोजित पात्रहरूबाट गरिएको कथन नै कविनिबद्धवक्तृप्रौढोक्ति हो । यसरी कविको अभिधा अर्थमा गरिएको नाटकीकृत कथनबाट कविता रचना गरिएको संरचना बाह्यदेखि आन्तरिक तहसम्म पुगको हुन्छ । प्रथम वा द्वितीय पुरूष शैलीको अभिव्यक्ति यसमा पाइन्छ ।

### २.१.६.६. केन्द्रीय भाव :-

कविताको मूल तत्व भाव हो । जीवनजगतको समग्र विषय वस्तु र मानव चेतनाको यावत् अनुभव पुञ्ज कवितामा नअटाउने होइन । मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास, दर्शन र ज्ञान विज्ञान आदिका साथै मानव मनको समस्त अनुभव व्यापारको कथन कवितामा हुन सक्छ । कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो यही नै हो । कवितामा जीवनजगतका कुनै विषयको कथन गरिए पनि त्यसको चुरो स्वरूप केन्द्रीय कथ्य चाहिँ कुनै भावविचार (सत्य, सत्यांश वा सत्याभास) नै हुन्छ । मानवीय अनुभवको श्रवण विशेष एक खास मनोदशा जीवनकै एक भाग, जीवनको समग्रता र जीवनसन्दर्भको विराटता अँगाल्दै कविताका उपविधाहरू कथ्य विषयवस्तु र भावविधानका आयामका दृष्टिले मुक्तकदेखि आर्षमहाकाव्यसम्म उत्तरोत्तर विस्तारित हुँदै जाने कुरा पनि स्मरणीय छ । यसरी मानवीय अनुभवको मनोदशा, जीवनको समग्रतालाई नागबेली बनाई सूक्ष्म विचारले सृजितरूप नै केन्द्रीय भाव हो भन्न सकिन्छ ।

### २.१.६.७. सन्दर्भगत तत्व :-

कवितामा सन्दर्भगत तत्व भन्नाले कविताको श्रोत सामग्रीहरूलाई जनाउँदछ । कविले कविताको श्रोत सामग्रीहरू एउटै वस्तुबाट मात्र नलिई विविध विषय वस्तुहरूबाट जम्मा गर्ने गर्दछ । जीवन जगत्का विविध पक्षहरूको

अवलोकन गर्दै त्यसबाट कवि आफू विशेष रूपले प्रभावित भई प्रकृति, जीवनजगत्, संस्कृति, ज्ञान, विज्ञान, इतिहास, दर्शन, राजनीति, समाज, मानेविज्ञान, पुराण आदि शास्त्रहरू कविका सन्दर्भगत तत्वहरू हुन् । उपरोक्त विविध विषय वस्तुहरूलाई केन्द्र बनाई काल्पनिक जगतमा उडेर नौनीलाई आगोमा पगाले झैँ पगाली कलात्मक ढङ्गबाट बिम्व, रूपक, प्रतीक आदिको प्रयोग गर्दै भाव अभिव्यक्ति गर्नु नै कविताको रचना गर्नु हो भन्नुपर्ने देखिन्छ । यसरी कविताका बाह्य र आन्तरिक सामग्रीहरू पनि सन्दर्भगत तत्व नै हुन् भन्न सकिन्छ ।

**२.१.६.८. व्यञ्जना :-**

कविताका विविध तत्वहरूमध्ये सबैभन्दा सशक्त र महत्वपूर्ण तत्वको रूपमा व्यञ्जनालाई लिनुपर्ने देखिन्छ । कविताका आन्तरिक र बाह्य दुई पक्षहरूमध्ये व्यञ्जनाले आन्तरिक पक्षको भूमिका निर्वाह गरेको पाइन्छ । शब्द र अर्थ दुबैको कारणले कथन वा कृतिमा प्रस्तुत वा कथित भन्दा अप्रस्तुत अकथित सशक्त अर्थ जव पारदर्शकताका साथ झल्कन्छ त्यो व्यञ्जना हो । कविता कृतिमा या व्यञ्जना पूरै कृतिभरि व्याप्त पनि हुन सक्छ । प्रत्यक्ष भन्दा अप्रत्यक्ष भावको बक्रोक्तिमय ढङ्गले वा भावार्थ र वाच्यार्थ भन्दा व्यङ्ग्यार्थलाई कलात्मक वा चमत्कारीपूर्ण ढङ्गबाट अप्रस्तुत प्रशंसा, अतिशयोक्ति जस्ता अलङ्कार आदिले अतिरंञ्जित भई विशिष्ट कथन भन्दा अप्रस्तुत कथनलाई चाहिँदोभन्दा बढी बढाइ चढाइ गरेर अति व्यङ्ग्यात्मक प्रस्तुति कथनको प्रतीक नै व्यञ्जना हुन आउँछ । अतिशयोक्ति र अप्रस्तुत भावको प्रतीक नै व्यञ्जनाको सबैभन्दा महत्वपूर्ण तत्व हो भन्नु पर्दछ । जेहोस् व्यञ्जना कविताको एउटा आवश्यक र महत्वपूर्ण तत्व हो यसमा रूपक, बिम्व, शब्द, प्रतीक आदिको संयोजन हुन्छ ।


**२.१.६.९. बिम्बविधान र अलङ्कार :-**

कविता सूत्रात्मक र बिम्बात्मक अभिव्यक्ति भएकोले कवितामा बिम्ब विधान र अलङ्कारको उच्चस्थान रहेको पाइन्छ । कविता एउटा विशिष्ट र अलङ्कारिक शैलीको अभिव्यक्ति भएकोले कविता तत्व अन्तर्गत बिम्बविधान र अलङ्कारको अपरिहार्यतालाई पन्छाउन सकिँदैन । कविताको भाषा विशिष्ट प्रकारको हुने हुँदा कवितामा विविध बिम्बहरूको प्रयोग गरिएको पाइन्छ । यसै परिप्रेक्ष्यमा चिनियाँ कवि आए छिङ भन्दछन- “कविले बिम्बमा सोच्नु र बोल्नु पर्दछ ।” उनले

बिम्बको महत्व र गरिमालाई बढाएको पाइन्छ । यसको अतिरिक्त कविताको महत्वपूर्ण गहनाको रूपमा अलङ्कारलाई लिनुपर्ने देखिन्छ । विविध शब्दालङ्कार र अर्थालङ्कारबाट कवितालाई सजीवता र सशक्तता प्रदान गर्न सकिन्छ । उपमा, प्रस्तुत प्रशंसा, अतिशयोक्ति, बक्रोक्ति आदि जस्ता अलङ्कारले पनि कवितालाई बढी चमत्कारपूर्ण बनाई अतिरञ्जना प्रदान गरेको पाइन्छ । यसरी बिम्ब र अलङ्कारले कवितालाई बढी गहन र अर्थपूर्ण बनाएको पाइन्छ ।

## २.१.७. कविताको विधागत स्वरूप :-

कविताको स्वरूप भन्नाले कविताको विविध रूप, आकार, आयाम आदि पक्षलाई जनाउँछ । कविताका रूप, आकार र आयाम एकै प्रकारका नभएर अलग-अलग प्रकारका हुन्छन् । कविता विधाको आफ्नै बाह्य तथा आन्तरिक ढाँचा र रूप संरचना हुन्छ । मुक्तकदेखि आर्ष वा विकासशील महाकाव्यसम्म कविताका आफ्नै ढाँचा र स्वरूप हुन्छन् । यस परिप्रेक्ष्यमा विचार गर्दा मुक्तकका लघुतम् संरचना सानो कथ्य एक लयात्मक ढाँचामा नै प्रष्फुटित भइदिन्छ भने फुटकर कवितामा कथ्यको आयामका साथै कथन काल र संरचना संगठनको अपेक्षा पनि वढ्न थाल्छ । यसरी कविताको विधागत स्वरूपलाई केलाएर हेर्दा कविताका निम्न स्वरूपहरू फेला पर्छन्: तघुतम्, लघु, मध्यम र बृहत् एवं बृहत्तर वा बृहतम् । कविताको विधागत स्वरूपलाई तालिकाद्वारा निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ । जस्तै :-



### २.१.७.१. लघुतम् :

ज्यादै छोटा कवितालाई लघुतम् कविता भनिन्छ । एउटै दृश्य वा बिजुली चम्काइको संज्ञा यसलाई दिएको पाइन्छ । लघुतम् कविता वर्ग अन्तर्गत गीत, शायरी, मुक्तक, स्तुति, लोकसूक्ति, द्विपदी, त्रिपदी वा चतुष्पदी आकृतिका बैदिक ऋचा, उखान, दोहा चौपाया, जापानी तीन हरफे हाइकु आदि पर्छन । यसरी जीवनजगत्का अनुभूतिलाई रागात्मक र कलात्मक किसिमले भाषाका माध्यमबाट व्यक्त गर्ने क्रममा लयात्मकता अँगालिँदा प्रकट हुने कविता विधाको स्वयंमा पूर्ण रहने लघुतम् एकाई वा श्रेणीलाई नै मुख्यत लघुतम् कविता रूप भनिन्छ ।

### २.१.७.२. लघु :-

लघुतम् कविता भन्दा केही लामा कवितालाई कविताको लघु रूप भनिन्छ । कविताको लघुरूप अन्तर्गत फुटकर कविता आउँछ । यसमा गीत, शायरी, गजल, ओड, स्तोत्र, छोटो कविता आदि पर्दछन् ।[४५] यस प्रकारको कवितामा अनुभूतिको एक प्रवाह रहेको पाइन्छ । एउटै बसाइँमा एउटै सासले पाठ गरेर सकिने र यौटै श्रृङ्खलामा व्यक्त हुने लघु कविता प्रायः जसो एउटै अनुच्छेदमा पाइन्छ । यसरी जीवनका एकै घडीको व्यक्त अनुभूतिलाई पाठकवर्गसम्म पुर्‍याउने शक्ति लघु कवितामा पाइन्छ । औद्योगिक क्रान्ति पश्चात् पश्चिमी मुलुकमा आएको छापाखाना तथा पत्रिकासँग कविताको घनिष्ट सम्बन्ध स्थापित भएपछि नै फुटकर कविताको यात्रालाई क्रमशः बढी प्रभावित गर्दै आएको पाइन्छ ।[४६]

### २.१.७.३. मझौला :-

लघु कविता भन्दा लामा र बृहत् कविता भन्दा छोटा कवितालाई कविताको मझौला रूपको संज्ञा दिएको पाइन्छ । यसरी कविता विधाको लघुरूप फुटकर कविता र बृहत्रूप महाकाव्यको बीचमा रहने मध्यवर्ती रूपका निम्ति विविध संज्ञा उपलब्ध भए पनि यसको सर्वाधिक प्रचलित संज्ञा खण्डकाव्य हो ।[४७] यही मध्यवर्ती स्थितिका कारणले यसलाई कविता विधाको मध्यम वा मझौला रूप भन्ने गरिन्छ । यस अन्तर्गत खण्डकाव्य, कोशकाव्य, गाथा, स्तोत्र, लामा कविता आदि पर्दछन् । मोहन कोइरालाको केही लामा कविताहरू यस अन्तर्गत पर्दछन् । यसरी कविताको मध्यम रूप जीवन दर्शनको एउटै पक्षको अभिव्यक्त गरी महाकाव्यको सानो रूपमा विकसित भएको इतिहास फेला पर्छ ।

---

४५. वासुदेव त्रिपाठी र अन्य (सं.) पूवर्वत् पृ.सं.४४
४६. ऐजन, पृ.सं.४६
४७. ऐजन, पृ.सं.५२

### २.१.७.४. बृहत् :-

कविताको बृहतरूप भन्नाले महाकाव्यलाई बुझाउँछ ।[४८] महाकाव्यमा मानव जीवनको विराट चरित्र चित्रण गरी सिङ्गै मानवजीवनका आरोह-अवरोह एवं जीवन दर्शनका उतार चढावहरूलाई विस्तृत विवेचना गरिएको हुन्छ । मानव जीवनका सवल र दुर्वल पक्षको व्याख्या एवं विश्लेषण महाकाव्यमा गरिएको पाइन्छ । यसरी काव्यको सबैभन्दा विकसित रूप नै महाकाव्य हो ।[४९] महाकाव्यमा जीवनजगत्का विविध विषयहरूमा बिस्तृत व्याख्या गरिएको हुन्छ । महाकाव्यमा आख्यानिकीकरण, संरचना, आकार, विपुलता, सुसंगठितता र सशक्त संरचना आदि गुणहरू फेला पर्छन ।

### २.१.७.५. बृहत्तर/बृहतम् :-

बृहत्तर तथा बृहतम् दुबै रूपको समष्टि संज्ञा हो महाकाव्य । संस्कृत काव्य परम्परामा सामान्य र आर्षमहाकाव्य गरी दुई थरी महाकाव्य परिभाषिक स्तरमा स्वीकारिएका छन् । पाश्चात्य जगत्मा ललित र विकसित महाकाव्य पारिभाषिक स्तरमा छन् । आर्षमहाकाव्य “रामायण” र “महाभारत” जस्ता श्रोत ग्रन्थहरू विश्व वह्माण्डका विविध पक्षहरूको विवेचना भएको उपजीव्य काव्यग्रन्थ नै बृहत्तर एवं बृहतम् काव्य हुन् । चौबीस हजार श्लोक भएको “रामायण” महाकाव्यले कविताको बृहत्तर रूपको प्रतिनिधित्व गर्दछ ।[५०] त्यसपछिको दोश्रो महाकाव्य महर्षि व्यासको लगभग एक लाख श्लोकको “महाभारत” हो ।[५१] अनेक देवगाथा, वीरगाथा, ऋषिगाथाहरूको उपयोग गरी रचिएको “महाभारत” लाई बृहतम् कविताको स्वरूप मान्नुपर्ने देखिन्छ ।

पाश्चात्य कविता परम्परा क्रमश प्राचीन ग्रीस र रोमबाट प्रारम्भ गरिएको छ । ईशापूर्व आठौंदेखि पन्ध्रौ शताब्दी बीचको समयका आदिकवि होमर (होमरेस) का “इलियड” र “ओडेसी” महाकाव्य नै पाश्चात्य कविता परम्पराका प्राचीनतम् सामग्री मानिन्छन् ।[५२] यसरी पूर्वीय साहित्य जगत्मा उपलब्ध “रामायण” र “महाभारत” तथा पाश्चात्य साहित्य जगतमा उपलब्ध “इलियड” र “ओडेसी” महाकाव्य बृहत्तर/बृहतम् कविता स्वरूपका नमुना हुन् भन्नुपर्ने देखिन्छ ।

---

४८. ऐजन, पृ.सं.७८
४९. ऐजन, पृ.सं.७८
५०. ऐजन, पृ.सं.६४
५१. ऐजन, पृ.सं.६४
५२. ऐजन, पृ.सं.६८

## २.१.८. नेपाली कविताको विकासक्रमः-

नेपाली कविताको विकास कहिलेदेखि भयो भन्ने कुरा जान्नुभन्दा अगाडि नेपाली भाषाको इतिहासलाई थाहा पाउनुपर्ने देखिन्छ । साहित्यिक अभिव्यक्तिको माध्यम भनेको नै भाषा हो । जबसम्म कुनै पनि भाषाको इतिहासलाई पत्ता लगाउन सकिँदैन तबसम्म त्यस भाषामा लिखित विविध साहित्यिक अभिव्यक्तिलाई पनि विश्लेषण गर्न सकिँदैन । अतः नेपाली भाषाको उद्भव र विकासको प्रकृयालाई खोज्दै जाँदा नेपाली भाषाको लेखन परम्पराको सर्वप्राचीन सामग्रीलाई फेलापर्नु पर्ने देखिन्छ । यस क्रममा अगाडि बढ्दै जाँदा दामुपालको अति संक्षिप्त दुल्लु अभिलेख (वि.सं. १०३८) फेला पर्न आएको छ ।[५३] यसै आधारमा नेपाली भाषाको लेखन परम्परा विक्रमको एघारौँ शताब्दी मै थालिएको पाइन्छ ।

भारोपेली परिवारको आर्यइरानेली शाखा अन्तर्गत संस्कृत, प्राकृत र अपभ्रंश भाषाहरुको क्रमिक अन्तर्विकासको श्रङ्खलालाई छुँदै मोटामोटी रूपमा विक्रमको एघारौँ शताब्दीतिर भारतीय अन्य नव्य आर्यभाषा सरह नेपाली भाषाको पनि उद्भव भएको देखिन्छ ।[५४] नेपाली कविताको पुरानो श्रोत वा इतिहासलाई खोज्दै जाँदा लोकगीत, लोकगाथा र लोककथासम्म पुग्नु पर्ने देखिन्छ ।

अधिकांश संसारका भाषा र साहित्यको विकास मौलिक र श्रुति परम्पराबाट नै थालिई लिखित र शिष्ट परम्परामा पुगेको पाइन्छ । यही प्रक्रियालाई नेपाली भाषा र साहित्यले पनि आत्मसात गरेको इतिहास भेटिन्छ । विक्रमको एघारौँ शताब्दीदेखि लोक धाराबाट मौखिक रूपमा आरम्भ गरिएको साहित्यिक परम्परा उन्नाइसौं शताब्दीमा शिष्ट र लिखित कविताको रूपमा परिणत भयो । नेपाली लेख्य बाङ्मय परम्पराको सबभन्दा पुरानो साक्ष्य "भास्वती" टीका "अनुमानित समय वि.सं. १४५७" ले प्रदान गरेको छ ।[५५] यति हुँदा-हुँदै पनि नेपाली लोक साहित्यको मौखिक गीति परम्परा डोटी र कर्णाली भेकमा पन्ध्रौं शताब्दीदेखि गाइँदै आएको पाइन्छ । यसरी नेपाली भाषाको केन्द्रीय थलोको रूपमा कर्णाली प्रान्त र डोटी प्रान्तलाई लिनुपर्ने देखिन्छ । त्यस भेगमा गाइने देवगाथा, वीरगाथा साथै अन्य संस्कार गीत आदिले लोक कविताको पूर्व सामग्रीहरुको काम गरेका छन् । त्यस भेगमा गाइने

५३. ऐजन, पृ.सं.९७
५४. ऐजन, पृ.सं.९७
५५. ऐजन, पृ.सं.९७

फाग, सगुन, पडेली, चाँचडी, चैत, भैनी आदि उल्लेखनीय गीति कविताको मूल श्रोत हुन् भन्न सकिन्छ ।

यसरी नेपाली भाषाको क्रमिक विकास एवं विस्तार पश्चिमी कर्णाली प्रान्तबाट पूर्वी नेपाल, सिक्किम, भुटान, दार्जिलिङ, भारत, वर्मा आदि मुलुकहरुमा अन्तर्राष्ट्रिय भाषाको रूपमा हुँदै आएको पाइन्छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नुभन्दा पहिले नै पूर्वी नेपाली भाषिकाका क्षेत्रमा माहल, कर्खा, चाँचरी, सवाई, सँगिनी, चुड्का, फाग, बालुन, बालगीत आदि कविता परम्पराको थालनी भएको देखिन्छ । यसै क्रममा नेपाली कविता परम्पराको लेख्य वा शिष्ट रूप उन्नाइसौं शताब्दीमा श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको नव नेपाल निर्माणको वीरतापूर्ण विजय अभियानसँगै थालिएको पाइन्छ । वि.सं. १८२६ तिरको पृथ्वीनारायण शाहको वीरतालाई झल्काएर लेखिएको कविता नेपाली कविताको लेख्यस्तरमा प्रथम कविता मानिएको छ । यसका कवि सुवानन्ददास थिए ।

नेपाली कविताको विकास प्रक्रियाको स्वरूपलाई ठम्याउने क्रममा मूलतः ध्यानदिनु पर्ने आधारभूत जानकारीहरू यिनै हुन् । यसै परिप्रेक्ष्यमा नेपाली कविताको विकासयात्रालाई सर्वप्रथम दुई भागमा बाँड्नुपर्ने देखिन्छ । विक्रमको उन्नाइसौं शताब्दीमा नेपाली कविताको लेख्य परम्परा थालिनुभन्दा अघिको विक्रमीय एघारौंदेखि अठारौं शताब्दीसम्मको समयावधि नेपाली कविताको विकासयात्रामा लेख्य कविता परम्पराको पूर्वाधार वा पूर्वपीठिका हो भन्नुपर्ने देखिन्छ ।[५६] यसलाई लोकधारा वा मौखिक धाराको रूपमा पनि चिन्न सकिन्छ । विक्रमको एघारौंदेखि चौधौं शताब्दीसम्मका लेख्य सामग्रीहरू फेलापार्न नसके तापनि पन्ध्रौं शताब्दीदेखि पछिका कतिपय पुराना कविताहरू भने सङ्लन भएकाले विक्रमीय एघारौंदेखि चौधौं शताब्दीसम्मको समयाबधिलाई पृष्ठभूमिको पनि पूर्वार्धकाल मान्नुपर्ने देखिन्छ ।[५७] त्यसपछिको पन्ध्रौं शताब्दीदेखि अठारौं शताब्दीसम्मको समयावधिलाई उत्तरार्धकालको संज्ञा दिन सकिन्छ । यो उत्तरार्धकालको समयावधि (पन्ध्रौंदेखि सत्रौं शताब्दीका) बीचमा कर्णाली र डोटी भेगका पश्चिम र केन्द्रीय नेपाली भाषिकामा नै कवितात्मक लोक सामग्रीहरू फेला परेका छन् । अठारौं शताब्दीतिर र त्यो भन्दा पछिका लोक कवितात्मक सामग्रीहरू क्रमशः कर्णाली पूर्वका पूर्वी नेपाली भाषिका क्षेत्रमा पनि फेला पर्ने

५६. ऐजन, पृ.सं.९९
५७. ऐजन, पृ.सं.१००

गरेको पाइएको छ । यो लोकधारा आजसम्म पनि निरन्तर रूपले चलि नै रहेको छ ।

शिष्ट वा लेख्य नेपाली कवितायात्रा उन्नाइसौं शताब्दीको दोस्रो चरणदेखि वर्तमानसम्म लगभग सवा दुई सय वर्षजतिको हुन आएको मानिन्छ । यसरी नेपाली कविताको पृष्ठभूमिकाल विक्रमको एघारौं शताब्दीसम्मको समयावधि हो । यही समयावधिलाई आधार मानेर वर्तमान विन्दुसम्ममा नेपाली भाषामा कविता निरन्तर रूपले लेखिदैं आएको पाइन्छ ।

## २.१.८.१. काल, विभाजनः-

नेपाली भाषामा चरणवद्ध तरिकाले नेपाली कविताको विकास भएको पाइन्छ । साहित्यिक कालविभाजन मूलतः ऐतिहासिक चेतनाबाट अनुप्राणित अवधारणा हो ।[५८] कुनै पनि विभाज्य समयावधिलाई तीन कालमा विभाजन गरी हेर्ने परम्परा इतिहाससम्मत प्रचलन मानिन्छ । यस परिप्रेक्ष्यमा इतिहास सम्मत काल विभाजनको अवधारणा अनुरूप शिष्ट वा लेख्य नेपाली कविताको वि.सं. १८२६ देखि २०६५ (वर्तमान विन्दु) सम्मको लगभग २४० वर्षको कवितायात्राको क्रमलाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन कालखण्डमा विभाजन गरेर हेर्न सकिन्छ ।[५९] काल विभाजनको क्रममा विद्वान्हरूबीच केही मत-मतान्तरहरू फेला परेतापनि मूलतः नेपाली कविता लेखनको यात्रा तीनकालमा विभक्त गरिएको छ ।

क) प्राथमिक काल (वि.सं. १८२६ देखि १९४०)
ख) माध्यमिक काल (वि.सं. १९४१ देखि ९१७४)
ग) आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)

### २.१.८.१.१. प्राथमिक काल (वि.सं. १८२६ देखि १९४०):-

उन्नाइसौं शताब्दीको प्रथम चरणदेखि शिष्ट लेख्य नेपाली कविता परम्पराको थालनी भएको मानिन्छ । यस कालका मुख्य नेपाली कविता जगतका प्रेरक परिवेशका रूपमा पृथ्वीनारायण शाहको वीरतापूर्ण नेपाल एकीकरणको अभियान, इतिहास प्रसिद्ध नेपाल अंग्रेज युद्ध एवं सुगौली सन्धी (वि.सं. १८७२-७३), जंगबहादुर राणाको अभ्युत्थान र वि.सं. १९०३ को कोतपर्वलाई लिनुपर्ने

५८. ऐजन, पृ.सं.१००
५९. ऐजन, पृ.सं.१००

देखिन्छ ।[६०] यस कालले मौलिक लोकधाराको पृष्ठभूमिको समयावधि पार गरी शिष्ट नेपाली लेख्य परम्पराको इतिहासलाई थालनीगरेको पाइन्छ । वि.सं. १८२६ मा सुवानन्ददासले लेखेको पृथ्वीनारायण शाह सम्बन्धी वीर बन्दनाको कविता यसकालको मूल उपलब्धि मानिन्छ । सुवानन्ददास यसकालका केन्द्रीय प्रतिभा मानिन्छन् । सुवानन्दपछि शक्तिबल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, राधावल्लभ, सुन्दरानन्द बाँडा आदि कविहरू आउँछन् । नेपाल राष्ट्रको नव निर्माण र वीरताको उन्मेष तथा विस्तारतर्फ यो कालले निकै महत्वपूर्ण भूमिका खेलेको इतिहास भेटिन्छ । यसकालको पूर्व पृष्ठभूमिमा लोकधारा अन्तर्गत वीरगीत, देवगीत, लोककविता, गीतगाथा, नाट्यगाथा आदि देखापर्दछन् । नेपाली कविताको प्राथमिक काललाई पनि दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

क) पूर्वार्ध काल (१८२६ देखि १८७२)

ख) उत्तरार्ध काल (१८७३ देखि १९४०)

## २.१.८.१.१.१. वीरधाराः-

नेपाली कविताको प्राथमिक काललाई मोटामोटी रूपमा दुई भागमा बाँड्न सकिन्छ । यो पूर्वार्ध वा पूर्व प्राथमिक काललाई मूलतः वीरधाराको रूपमा चिनिन्छ । नेपाली भाषाको लिखित काव्य वीरबन्दनाबाट शुरु भएको छ भन्ने कुरा हालसम्मको अनुसन्धानले प्रमाणित गरिसकेको छ । विश्व साहित्यकै ऐतिहासिक पृष्ठमूमिलाई पल्टाउँदै प्रायः सबैजसो कविताको इतिहास वीरगाथाबाटै थालिएको पाइन्छ ।[६१] आफ्नो स्वाभिमान र राष्ट्रको संरक्षणको खातिर उत्साही भावहरू बोकी युद्ध र सृघर्षको वीरतामय उद्गार व्यक्त गरिएको काव्य नै वीर काव्य हो । यस कालका कविहरूले यही उत्साही भाव बोकेर कविताको रचना गरेको पाइन्छ । वीरधाराका यस कालका कविहरूमध्ये सुवानन्ददास, शक्तिवल्लभ अर्याल उदयानन्द अर्याल, यदुनाथ पोखेल, गुमानी, सुन्दरानन्द बाँडा आदि देखापर्छन् ।

## २.१.८.१.१.२. भक्तिधारा :-

नेपाली कविताको इतिहासमा वि.सं. १८७३-१९४० सम्मको समयावधिलाई नेपाली कविताको प्राथमिक कालको उत्तरार्धकाल भनेर चिनिन्छ । यसलाई उत्तरप्राथमिक काल भनेर पनि जान्न सकिन्छ । यो काल भक्तिधाराका रूपमा

६०. ऐजन, पृ.सं. १०३
६१. ठाकुरप्रसाद पराजुली नेपाली साहित्यको परिक्रमा, (काठमाडौंः विद्याप्रकाशन, २०४५) पृ.सं. ११२

चिनिने गर्दछ । यसकालका कविहरूले भक्तिमार्गलाई अँगालेको इतिहास पाइएको छ । भक्तिधारालाई अर्को शब्दमा धार्मिक तथा आध्यात्मिक धारा पनि भन्न सकिन्छ । यस धारामा पण्डित, पौराणिक कविहरू तथा जोगी सन्त कविप्रतिभाहरूको विशेष योगदान रहिआएको देखिन्छ । भक्तिधारामा अनुवाद तथा रूपान्तरणको प्रवृत्ति विशेष रूपमा देखापरेको छ । नेपाली कविता परम्परामा धार्मिक कविताहरूलाई नै भक्ति कविता भनिन्छ । काव्यको प्रभाव परेको प्रसङ्ग उल्लेख गरेका छन् भने केहीले आन्तरिक राष्ट्रिय, परिस्थितिको कारण पनि औँल्याएका छन् । वि.सं. १८७२-७३ को सुगौली सन्धीको नैराश्यजनक परिस्थितिले गर्दा पनि कविहरू भक्तिमार्गतर्फ लागेका हुन् भन्ने कुरा स्वाभाविक रूपले अनुमान गर्न सकिने विषय वस्तु हो । भक्तिधाराका मुख्य कविहरूमध्ये वसन्त शर्मा, यदुनाथ पोखेल, रघुनाथ पोखेल, भानुभक्त आचार्य, ज्ञानदिलदास, पतन्जली गजुरेल आदिको नाम प्रमुख मानिन्छ र भक्तिधारालाई पनि निम्न उप-धारामा विभाजन गरिएको छ ।

क) सगुणभक्ति धारा

ख) निर्गुणभक्ति धारा

सगुणभक्ति धारा पनि दुई भागमा विभक्त छ ।

अ) कृष्णभक्ति धारा

आ) रामभक्ति धारा

### २.१.८.१.१.२.१. कृष्णभक्ति धारा :-

नेपाली भक्ति काव्य परम्परामा कृष्णभक्ति उपधारा पनि महत्वपूर्ण मानिन्छ । कृष्णभक्ति उपधारा गोपी गीतका क्रममा श्रृङ्गारमूलक कृष्णभक्तितर्फ झुकेको छ ।[६२] यस उपधाराका मुख्य कविहरू इन्दिरस, विद्यारण्य कशरी, बसन्त शर्मा, यदुनाथ पोखऱ्याल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल, छविलाल नेपाल आदि हुन् । यस उपधाराका केन्द्रीय कविका रुपमा बसन्त शर्मालाई मानिन्छ ।

### २.१.८.१.१.२.२. रामभक्ति धारा :-

नेपाली कविताजगत्मा कृष्णभक्ति धारापछि धार्मिक आध्यात्मिक धारामा रामभक्ति धारा देखिन्छ । यस धाराका कविहरुले उच्चमानवीय गुणहरूको प्रदर्शन गरी रामायण महाकाव्यको रचना गरेको पाइन्छ । यस धारामा रामचन्द्रको उच्च

६२. वासुदेव त्रिपाठी र अन्य (सं.) पूर्ववत् पृ.सं. १०६

आदर्शलाई देखाउने प्रयास गरिएको देखिन्छ । यस धाराका कविले आदर्श जीवन पद्धतिको बोध गराई धार्मिक सुधारको सन्देश दिएको पाइन्छ । भानुभक्त आचार्य यस धाराका केन्द्रीय प्रतिभा हुन् । अन्य कविहरूमा रघुनाथ पोखर्‍याल, पतञ्जली गजुर्‍याल, हरिदास आदि देखापर्छन् ।

### २.१.८.१.१.२.३. निर्गुणभक्ति धारा :-

यस धारालाई सन्त जोसमनी धाराका रूपमा चिन्न सकिन्छ । यसमा साधुक्कडी भाषाको प्रचूर प्रभाव भएतापनि सन्त कवि ज्ञानदिलदासले ठेट नेपाली भाषामा आफूलाई चिनाएका छन् । साधुक्कडी निर्गुणधाराले भजन, लहरी, लोककाव्य प्रस्तुत गर्नुका साथै यसले छन्दको ढाँचा र वर्णमात्रिक छन्दलाई अँगालेको छ ।[६३] सन्तहरूको बाह्य निर्गुण भए पनि भक्ति भाव जगाएर ज्ञान उत्पन्न गरी मानवताको हित गर्नु तथा मुक्ति वा स्वर्गप्राप्तिको कामना गर्नु नै यिनीहरूको मूलभूत लक्ष्य हुन्छ । यिनीहरूले भक्तिभावलाई मान्दछन् तर भक्तिका नाममा ठगीको बिरोध गर्दछन् । निर्गुण आध्यात्मिक धाराका कवि, शशिधर स्वामी, गोविन्ददास, वसन्त शर्मा, भानुभक्त आचार्य, ज्ञानदिलदास आदि हुन् । यस उपधाराका कविमा उदयलहरीका लेखक ज्ञानदिलदास प्रमुख मानिन्छन् ।[६४]

### २.१.८.१.२. माध्यमिक काल (वि.सं. १९४१-७४) :-

नेपाली कविताको विकास यात्रामा माध्यमिक काल भन्नाले मोटामोटी वि.सं. १९४२-७१ का बीचको लगभग साढे तीन दशकको समयावधिलाई जनाउँछ ।[६५] प्राथमिक कालको लेखोटको युग पार गरी छापाखानाको प्रवेशले नै यो काल बढी चर्चित छ ।[६६] मुद्रण र श्रृङ्गारिकता नै यस कालका मुख्य प्रवृतिगत विशेषताहरु मानिन्छ । पुरानो नेपाली कविता/आधुनिक नेपाली कविताको सङ्क्रान्ति कालको रूपमा यो माध्यमिक काललाई लिनुपर्ने देखिन्छ ।[६७] अनुवाद र रूपान्तरणको प्रवृति कम भई मौलिक रचनातर्फ उन्मुख रहनु यसकालको मूलभूत उपलब्धि हो । माध्यमिक कालको नेपाली कविताको परिचायक केन्द्रीय प्रवृत्ति श्रृङ्गारिक भावधारा हो । संस्कृत कविताको सौन्दर्य र शिल्पपक्षका साथै फारसी तथा उर्दू, हिन्दी

६३. ऐजन, पृ.सं. १०६
६४. ऐजन, ११०
६५. ऐजन, पृ.सं. १०८
६६. ऐजन, पृ.सं. १०९
६७. ऐजन, पृ.सं.१०९

कविताका सिर्जनाका शिल्प प्रविधिप्रति नेपाली कविहरूको रूचि बढ्न पुग्नु निश्चय नै यस कालको एक उल्लेख्य कवितात्मक अभिलक्षण हो । यस कालमा पनि पृष्ठभूमिकालीन लोकधारा सवाई लहरी आदिका माध्यमबाट सञ्चालित छ भने खासगरी लहरी काव्यले श्रृङ्गारिक धारालाई यसका उत्तरार्धमा निकै उदेलित पनि तुल्याएको पाइन्छ ।[६८] यस कालको नेपाली कविताको परिचायक अर्को एक प्रवृति कवि समूह तथा कवितात्मक वातावरणको थालनी हो । यस क्रममा मोती मण्डलीको प्रसङ्ग विशेष उल्लेखनीय हुन आउँछ ।

यो काल श्रृङ्गारिक धाराले बढी चर्चित भएकाले नर-नारीका यौवन श्रृङ्गारिक भावावेगलाई नै कविताको विषय वस्तु बनाई उद्दिपन विभावको रूपमा प्रकृतिको पनि वर्णन गरी गजल कविताहरूको रचना गरिएको पाइन्छ । माध्यमिककालीन नेपाली कविताका प्रवर्तक तथा श्रृङ्गारिक धाराका केन्द्रीय एवं अगुवा कवि मोतिराम भट्ट हुन् ।[६९] यस धाराका राजीवलोचन जोशी, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त , कृष्णप्रसाद रेग्मी, होमनाथ खतिवडा, श्यामजीप्रसाद शर्मा, शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, चक्रपाणी चालिसे आदि प्रमुख महत्वपूर्ण अन्य कविहरू हुन् ।

### २.१.८.१.३. आधुनिक काल (वि.सं. १९७५ देखि वर्तमान सम्म)

माध्यमिककालीन श्रृङ्गारिक कविता सङ्ग्रह सूक्तिसिन्धु (वि.सं. १९७४) पछि नेपाली कविताको आधुनिक काल प्रारम्भ भएको मानिन्छ । वि.सं. १९७५ देखि हालसम्मको समयावधि नेपाली कविताको आधुनिक कालको रूपमा परिचित छ । वर्तमान बिन्दु वि.सं. २०६६ सम्ममा आधुनिक कालले नौं दशक (लगभग ९१ वर्ष) को समयावधिलाई पार गरिसकेको छ । नेपाली भाषाको लेख्यस्तरीय व्याकरणको स्थापना क्रमसँगै कविता लेखन प्रति अभिरूचि देखाई कविता सौन्दर्यप्रति विशेष अभिप्रेरित भई संस्कृत कविताको मानक र पाश्चात्य अंग्रेजी कविताप्रति पनि चासो राख्दै नेपालको राजनैतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक एवं नवजागरणका राष्ट्रिय लहरहरूप्रति सम्बन्धित भई राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरूको उल्लेख गर्दै मानवीय मूल्य र मान्यताप्रति चनाखो हुँदै बौद्धिक, वैज्ञानिक र प्राज्ञिक विषयप्रति बढी सचेत भई आधुनिक नेपाली कविता अगाडि

६८. ऐजन, पृ.सं.१०९
६९. ऐजन, पृ.सं.१११

बढेको देखिन्छ ।[७०] आधुनिक नेपाली कवितालाई पूर्वार्ध र उत्तरार्धमा विभाजित गर्ने हो भने महाकवि लक्ष्मीप्रसाद देवकोटाको देहावसान वर्ष (वि.सं. २०१६) लाई साँधका रूपमा लिन सकिन्छ । वि.सं. १९७५-२०१६ सम्मको चारदशकको समयावधिलाई आधुनिक नेपाली कविताको पूर्वार्ध काल भनिन्छ ।[७१] त्यसैगरी वि.सं. २०१७ देखि हालसम्मको झण्डै पाँच दशकको समयावधि आधुनिक नेपाली कविताको उत्तरार्धकाल मानिन्छ ।

वि.सं. १९७५ देखि लेखनाथ पौड्याल परिस्कारवादी धाराको आरम्भ गरे । वि.सं. १९९० सम्ममा परिस्कारवादी धारा केन्द्रीयस्तरमा पुगेको पाइन्छ । पछि वि.सं. १९९१ देखि स्वच्छन्दतावादी धारा नै आधुनिक नेपाली कविताको केन्द्रीय धाराका रूपमा प्रकट भएको पाइन्छ । सिद्धिचरण श्रेष्ठ र लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी धाराका सहप्रवर्तक मानिन्छन् ।[७२] यसरी नेपाली कविताको पूर्वार्धमा परम्परागत आध्यात्मिक मूल्यमा आधारित भई अनुशासित ढङ्गबाट कविताको रचना गरी संस्कृत काव्य र मूल्यका शिखरहरु ताकी बङ्गाली र हिन्दी शास्त्रीय कविताका आधारमा परिस्कारवादी कविता रचिएका पाइन्छन् । यिनमा आध्यात्मिक, नैतिक र सामाजिक पक्षलाई ख्याल गरी राष्ट्रिय चेतना जगाइएको पाइन्छ ।

आधुनिक नेपाली कविताको प्रारम्भिक चरणमा लेखनाथ पौड्यालको भूमिका अग्रणी रहेको पाइन्छ । यसकालका अन्य प्रतिभाहरूमा सोमनाथ सिग्द्याल, धरणीधर कोइराला, महानन्द सापकोटा, बालकृष्ण सम, भवानीप्रसाद खतिवडा, माधवप्रसाद देवकोटा आदि कविहरू आधुनिक कालका पूर्वार्धमा देखापर्छन् । सरलताको लागि आधुनिक नेपाली कविताको काललाई मूलतः चार धाराहरूमा विभाजन गरी व्याख्या गर्ने प्रयास गरिएको छ । जस्तैः

१. परिस्कारवादी धारा वि.सं. १९७५-१९९०
२. स्वच्छन्दतावादी धारा वि.सं. १९९१-२०१६
३. प्रयोगवादी धारा वि.सं. २०१७-२०२९
४. समसामयिक धारा वि.सं. २०३० वर्तमान विन्दुसम्म

### २.१.८.१.३.१. परिस्कारवादी धारा ( वि.सं. १९७५-१९९०) :-

नेपाली कविताका क्षेत्रमा माध्यमिककालीन श्रृङ्गारिक धाराले देखाएको नग्नता, अश्लीलता र अमर्यादितपन तथा यौन आवेग र उत्तेजनालाई तोड्दै

७०. ऐजन, पृ.सं. ११३
७१. ऐजन, पृ.सं. ११४
७२. ऐजन, पृ.सं. ११४

नैतिक एवं धार्मिक, आध्यात्मिक चेतनको पुनर्स्थापनाका प्रवृत्तिप्रति सहमति जनाउँदै कवि लेखनाथ पौड्यालले नयाँपाराका कविता लेख्न थालेका हुन् । फुटकर कविताद्वारा उनले प्रकृति सौन्दर्य, सामाजिकता, नैतिक चेतना र आध्यात्मिकता जस्ता नयाँ विषय क्षेत्रतर्फ कवितालाई डोऱ्याउन खोजेका छन् । परिस्कारवादी धारालाई शास्त्रीय वा क्लासिकल धारा पनि भनिन्छ । परिस्कारवादी धाराका प्रवर्तक लेखनाथ नै मानिन्छन् । यस धाराका कवितामा शिष्टता, नैतिकता, मर्यादितता, सामाजिकता, धार्मिकता, साँस्कृतिक तथा राष्ट्रिय र देशभक्तिको भावना पाइन्छ । लेख्य काव्य परम्पराको अनुशासनमा रही कविता लेख्ने र कविताको भाव, लय, भाषाशैली शिल्प, संरचनामा संयम साथै सन्तुलन एवं परिष्कार र परिमार्जन चाहने परिप्रेक्ष्यमा नै यस धारालाई परिष्कारवादी धारा मानेको पाइन्छ ।[७३] यस धाराले अङ्गालेका सामाजिक परिष्कार, सुधार परिवर्तनका चेतना र आध्यात्मिक परिष्कारका सन्दर्भमा पनि यसलाई परिष्कारवादी धारा मानेको पाइन्छ ।[७४] बौद्धिक चाप, शिल्प परिष्कारको मनोरम, सौन्दर्य र वस्तुपरकतालाई परिष्कारवादी धाराले विशेष जोड दिएको छ । विशेषतः परिष्कारवादी धारा संस्कृत साहित्यिक दर्शनसँग बढी सम्बन्धित भएको पाइन्छ । लेखनाथ पौडेल, सोमनाथ सिग्द्याल, बालकृष्ण सम, धरणीधर कोइराला, महानन्द सापकोटा, चक्रपाणी चालिसे, गोपाल पाण्डे 'असीम' वदरीनाथ भट्टराई, भीमनिधि तिवारी, माधवप्रसाद देवकोटा आदि परिष्कारवादी धाराका कवि हुन् । त्यसपछि यस धारामा समेटिन पुग्ने दार्जिलिङ तर्फबाट मुख्य कविहरु हुन् पारसमणि प्रधान, हर्कजंगसिंह क्षेत्री, रामचन्द्र गिरी, गम्भीर राई, भूपदास राई आदि । त्यसपछि पनि शास्त्रीयता एवं नीति उपदेशका प्रवृति मुख्यतः अँगाल्दै देखापर्ने कविहरू हुन् हरिनारायण उपाध्याय, भीष्मप्रसाद उपाध्याय, नित्यानन्द तिमिल्सिना, पद्मप्रसाद ढुंगाना, जगन्नाथ गुरागाई आदि हुन् ।[७५] यस धाराका उत्तरवर्ती कविहरू मध्ये पुष्पलाल उपाध्याय प्रमुख मानिन्छन् ।

## २.१.८.१.३.२. स्वच्छन्दवादी धारा (वि.सं. १९९१-२०१६) :-

नेपाली कविताको आधुनिक युगमा परिष्कारवादी धारापछि तत्कालै देखापरेको स्वच्छन्दतावादी धारा हो । पाश्चात्य जगतमा प्रचलित रोमान्टिक धाराबाट प्रभावित हुँदै नेपाली साहित्यमा वि.सं. १९९१-९२ देखि परिष्कारवादी धाराको

७३. ऐजन, पृ.सं.११९
७४. ऐजन, पृ.सं.११९
७५. ऐजन, पृ.सं.१२१

विरोधको रूपमा यो धारा देखापरेको छ । यो धाराले वि.सं. १९९१-२००३ को प्रथम चरणपार गर्दै वि.सं. २००४-१६ सम्मको समयावधिमा दोस्रो चरणमा पुगेर व्यङ्ग्यविद्रोह र क्रान्तिको तीव्रतालाई अगाडि सारेको पाइन्छ ।[७६] पछि विस्तारै यस धाराले क्रमशः प्रगतिवादलाई अङ्गाली स्वच्छन्दवाद नै स्वच्छन्दतावादी प्रगतिवादी धारामा परिणत भएको पाइन्छ ।[७७]

आधुनिक नेपाली कविताको यो धारा मूलतः बेलायतको ईसवीय उन्नाइसौं शताब्दीको पूर्वार्धको अंग्रेजी कविताको रोमान्टिक धाराबाट बढी प्रभावित भएको पाइन्छ ।[७८] स्वच्छन्दवादी धाराकै क्रममा प्रगतिवादी धारा पनि नेपाली साहित्यमा देखापरेको छ । नेपाली साहित्यमा यो धारालाई निम्त्याउने काम महाकवि देवकोटाबाट भएको पाइन्छ । परिस्कारवादका कट्टर नीति, नियम, धर्म, संस्कृति, मर्यादा, नैतिकता आदि विविध बन्धनहरूलाई स्वच्छन्दतावादी धाराले फुका गरिदिएको छ । साहित्यिक अभिव्यक्तिको क्रममा भावको सहज प्रवाह, सुकुमार शैली, सहज प्रकृति, सौन्दर्य चेतना र प्रगतिवादको स्पर्श गर्नु नै स्वच्छन्दवादी धाराका मूलभूत विशेषताहरू ठहर्छन् । यति हुँदा-हुँदै पनि यस धाराद्वारा आत्मपरक वा व्यक्तिमूलक अभिव्यक्तिलाई भावको प्रवाहमा ढाली उन्मुक्त तवरले प्रकृति, सौन्दर्य एवं व्यञ्जनात्मक वर्णन गरेको पाइन्छ । दीनदुखी र असहायहरूको विवशतापूर्ण जीवनयापन प्रति सहानुभूति राख्दै सामाजिक भावना प्रगतिवादको हुँकार गर्दै क्रान्ति र विद्रोहको चेतना जगाउनु पनि स्वच्छन्दतावादी धाराको मूल धर्म मानिन्छ । नेपाली कवितामा स्वच्छन्दतावादलाई निम्त्याउनको लागि "शारदा" पत्रिकाको महत्वपूर्ण योगदान छ ।[७९] स्वच्छन्दतावादको सहप्रवर्तकका रूपमा महाकवि लक्ष्मीप्रसाद देवकोटा र कवि सिद्धिचरण श्रेष्ठको मूल भूमिका रहेको देखिन्छ । यस धारामा सम्मिलित हुने मुख्य कविहरू युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधव घिमिरे, भवानी भिक्षु, केदारमान व्यथित, गोपालसिंह नेपाली, गोमा, प्रेमराजेश्वरी आदिको नाम आउँछ । यस धाराका अन्य कविहरूमा लक्ष्मीनन्दन चालिसे, भवदेव पन्त, भीमदर्शन रोका, ऋषभदेव शर्मा, जनार्दन सम, म.वि.वि.शाह, श्यामदास वैष्णव, फणिन्द्रराज खेताला, देवीप्रसाद

७६. ऐजन, पृ.सं.१२१
७७. ऐजन, पृ.सं.१२२
७८. ऐजन, पृ.सं.१२२
७९. ऐजन, पृ.सं.१२२

पौडेल, बसन्त कुमार शर्मा, माधवलाल कर्माचार्य, उमानाथ शास्त्री, लक्ष्मण लोहनी, नीरविक्रम प्यासी आदि पर्दछन् ।[८०]

## २.१.८.१.३.३. प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९) :-

नेपाली साहित्य लेखनको क्रममा महाकवि लक्ष्मीप्रसाद देवकोटाको देहावसान पश्चात् कवि मोहन कोइरालाको प्रयोगधर्मी कवित्वले प्रयोगवादी धाराको आमन्त्रण भएको पाइन्छ । रूपरेखा पत्रिका (वि.सं.२०१७) मा मोहन कोइरालाको “घाइते युग” कविता प्रकाशित भयो, यही कविताका माध्यमद्वारा नेपाली कविता लेखनको क्षेत्रमा प्रयोगवादी धाराले आफ्नो लोकप्रियता फैलाउँदै गएको पाइन्छ ।[८१] यस धाराले नेपाली कविता लेखन परम्परा र पद्धतिमा एउटा नयाँमोड ल्याउन सफलता हाँसिल गऱ्यो । प्रयोगवादी धाराले एकातिर प्रतीकवादी, अतियथार्थवादी र विसङ्गतिवादी अवचेतन लेखन र अमूर्त लेखनका श्रृङ्खलाको समष्टिगत प्रभावमा कविता अर्थिनु पर्ने पक्षलाई अगाडि साऱ्यो भने अर्कातिर परिस्कारवादी र स्वच्छन्दतावादी धाराका पाठकहरूको लागि यो प्रयोगवादी धारा निकै दूर्वोध्य र क्लिष्टतापूर्ण सावित भयो ।[८२] प्रयोगवादी कविता लेखन परम्पराले ईश्वर रहित र विकासवादी जीवशास्त्रीय पृष्ठभूमिमा मानव जीवनलाई यौनवासनाको आँखाले हेर्ने गरेको पाइन्छ । यस धाराले जीवनलाई वीभत्स, विद्रुप, विसङ्गत, व्यर्थ, निस्सार र शून्य देख्दछ । अर्थमा जीवनको इच्छा भन्दा मृत्युबोधलाई वढी मन पराउने गरेको प्रवृत्ति यस धारा अन्तर्गत फेला पार्न सकिन्छ ।[८३] यति हुँदा-हुँदा पनि जीवन र जगत्को विसङ्गति वा शून्यतालाई पन्छाएर भ्रमकै रूपमा भएपनि मानवीय अस्तित्व र अस्मिताको खोजी प्रयोगवादी धाराले गरेको भेटिन्छ । यस विन्दुमा आएर प्रयोगवादी लेखनले विसङ्गतिवादको पाटो पार गरी अस्तित्ववादको क्षेत्रमा प्रवेश गरेको पाइन्छ ।

कवितामा बिम्ब र प्रतीकको प्रयोग गरी पुराना काव्य परम्परालाई तोडेर नयाँ बिम्ब शैलीमा चित्रात्मक ढङ्गबाट भाषालाई माझ्दै जीवनका फोहर घृणास्पद र वीभत्स पक्षलाई जटिलताको कसीमा घोटेर प्रयोगवादी धारा अगाडि बढेको पाइन्छ । वि.सं.२०१७-२०३० सम्मको समयावधिमा यो धारा फैलिएको पाइन्छ । प्रयोगवादी धाराको केन्द्रीय प्रतिभा कवि मोहन कोइराला हुन् भने त्यसपछिका

---

८०. ऐजन, पृ.सं.१२३
८१. ऐजन, पृ.सं.१२७
८२. ऐजन, पृ.सं.१२७
८३. ऐजन, पृ.सं.१२७

प्रमुख यस धाराका कविहरूमा जगदीश शमशेर, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, तुलसी दिवस, पुष्कर लोहनी, उपेन्द्र श्रेष्ठ, पारिजात, कुन्दन शर्मा, कुमार नेपाल, पोषण पाण्डे, रत्न शम्सेर थापा, कृष्णप्रसाद श्रेष्ठ आदि हुन् । यही क्रममा देखापरेका आयामेली आन्दोलन र यसका प्रमुख कविहरूमा इन्द्रबहादुर राई, वैरागी काइला र ईश्वर वल्लभ देखा पर्दछन् ।

### २.१.८.१.३.४. समसामयिक धारा (वि.सं. २०३०- वर्तमान विन्दुसम्म):-

नेपाली कविता लेखनका क्षेत्रमा प्रयोगवादी धाराको कारणले कवितालाई क्लिष्ट र दुर्बोध्यतातिर लग्यो । त्यसै कारणले यो दुर्बोध्यताबाट मुक्ति प्राप्त गर्ने चाहना बोकेर नेपाली कविता लेखनको क्षेत्रमा समसामयिक धाराले प्रवेश गरेको पाइन्छ । प्रयोगवादभन्दा पूर्वसन्ध्या प्रहरमा प्रचलित स्वच्छन्दतावादी र परिष्कारवादी धाराको अन्तराललाई जोड्नको लागि नेपाली कविता लेखनको क्षेत्रमा समसामयिक धाराले प्रवेश गरेको पाइन्छ ।[८४] मूलतः समसामयिक गतिविधि, राजनैतिक चेतनाको सञ्चार, आर्थिक विपन्नता, नैतिकता आदि विविध विषय वस्तुको वकालत गर्नको लागि समसामयिक धाराको परिवेशमा रहेर कविहरूले कविता लेखेको पाइन्छ । यस धारामा सरल भाषाशैली, सहज प्रवाह र सरस एवं प्रभावकारी कवितात्मक अभिव्यक्ति भेटिन्छ । नेपाली साहित्यमा यस धारालाई प्रवेश गराउने मूल हात हरिभक्त कटुवालको देखिन्छ । नेपाली साहित्यमा प्रचलित यस धारामा बेला-बेलामा अन्य केही साहित्यिक चहलपहलहरूको रूपमा तरलतावाद, बुटपालिस आन्दोलन, राल्फा, अकविता, भोकोपिंढी, मन्त्र, योङ्गराइटर फ्रन्ट, अमलेख आदिलाई लिइन्छ ।

वर्तमान बदलिँदो सामाजिक परिवेशमा सामाजिक अवस्था, राजनैतिक गतिविधि, बौद्धिक चेतनास्तर आदिको कारणले समाजमा देखापरेका सामाजिक विसङ्गतिहरूप्रति घोर विरोध जनाई समाज सुधारको पक्षमा सहभागी बन्न र साहित्यलाई कृत्रिमताबाट जोगाउनको लागि सहज रूपले साहित्यको विकास थालिनु पर्दछ भन्ने मान्यता तरलवादको रहेको पाइन्छ ।[८५] यस धाराका प्रतिभाहरु मीनबहादुर विष्ट, विजय वजिमय, अनिता तुलाधर, विमल कोइराला, अशेष मल्ल, विश्व विमोहन श्रेष्ठ, सरूभक्त श्रेष्ठ, नवराज कार्की, तोया गुरूङ, विष्णुविभु घिमिरे, दिनेश अधिकारी, फणिन्द्र नेपाल, किशोर पहाडी आदि हुन् । यस धाराका

८४. ऐजन, पृ.सं.१३२
८५. ऐजन, पृ.सं.१३२

अन्य कविहरूमा कृष्णभूषण वल, गगन विरही, हेमन्त श्रेष्ठ, जीवन आचार्य, शिव अधिकारी, विधान आचार्य, नरेन्द्रराज पौड्याल, गोविन्द गिरी प्रेरणा, विमल निभा, कृष्ण धराबासी, शारदा शर्मा, प्रतीक ढकाल, मोहन बन्जाडे आदि हुन् ।

### २.१.८.१.३.५. समानान्तर धाराका प्रतिभाहरू :-

आधुनिक नेपाली कविताको उत्तरार्धको प्रथम चरणमा प्रयोगवादी धाराले निकै चर्को विवाद ल्यायो । यस अवधिमा स्वच्छन्दतावादी, परिष्कारवादी र प्रगतिवादी कविहरूले आफ्नो पुरानो मान्यतालाई पुनः स्थापित गरी आत्मविश्वासपूर्वक पुरानै प्रवृतिलाई अपनाई कविता रचना गरेको पाइन्छ । यी कविहरूमा भरतराज पन्त, भरतराज मन्थलीय, आनन्ददेव भट्ट, जगतबहादुर जोशी, कालिप्रसाद रिजाल, मोदनाथ प्रश्रित, गोविन्द भट्ट, भवानी घिमिरे, देवीप्रसाद वनवासी, जनकप्रसाद हुमागाईँ, मेघराज मञ्जुल, रामचन्द्र भट्टराई, नारायणप्रसाद शर्मा आदि हुन् ।

यही समयावधिमा परिष्कारवादी, स्वच्छन्दतावादी तथा प्रगतिवादी धाराबाट प्रेरित भई विभिन्न पद्य कविहरू पनि देखापर्दछन् । जस्तै- कञ्चन पुडासैनी, डमरूबल्लभ पौड्याल, रत्नदेव शर्मा, कृष्णप्रसाद ज्ञवाली, कृष्णप्रसाद पराजुली, तुलसीराम शर्मा कश्यप, कृष्णचन्द्र देवकोटा, भानुभक्त पोखरेल, बासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, रामबाबु सुवेदी, गणेश विषम, दुर्गा मजगैयाँ, देवकान्त पन्थ, तेजनाथ घिमिरे, देवीप्रसाद सुवेदी, मोदिनीनाथ प्रतिवेशी आदि हुन् । यस समयमा उदाएका परिष्कारवादी र स्वच्छन्दतावादका मध्ययिकाका रूपमा देखापर्ने कविहरू घटराज भट्टराई, टीकाराम रेग्मी, डिल्लीराम तिमल्सिना, मुकुन्दशरण उपाध्याय आदि हुन् ।

यही समयावधिमा हाँस्यव्यङ्ग्य तर्फ गद्य वा पद्य दुबैमा कविता रचना गर्ने बासुदेव लुइँटेल, दाताराम शर्मा, भैरव अर्याल आदि देखापर्दछन् । गद्य कविका रूपमा यस अवधिमा क्षेत्रप्रताप अधिकारी, तीर्थराज पन्त, कृष्णप्रसाद दुवाल आदि कविहरू देखापर्दछन् । गीति कविताका क्षेत्रमा चर्चित प्रतिभाहरूमध्ये किरण खरेल, विश्ववन्धु थापा, माधवप्रसाद भावुक, छिन्नलता, कृष्णप्रसाद पराजुली, यादव खरेल, कालिप्रसाद रिजाल, दैवज्ञराज न्यौपाने, गोपाल योञ्जन, हिरण्य भोजपुरे, गणेश रसिक, अमर गुरूङ, चाँदनी शाह, रवीन्द्र शाह, कृष्णहरि बराल आदि देखापर्दछन् । त्यसैगरी स्वच्छन्दतावादी गद्य कविहरूमा सुशील कोइराला, सुभाष घिसिङ, यादव खरेल, प्रेम शेर्पा आदिको नाम देखापर्छ ।

यसरी नेपाली कविता यात्राका अन्तर्विकासलाई हेर्ने हो भने विविध धारा र उपधारालाई छिचोल्दै करिव साढे आठ दशकको समयावधि पार गरेर वर्तमान विन्दुसम्म आइपुगेको पाइन्छ । समयासापेक्षित ढङ्गबाट नयाँ-नयाँ धारा र उपधाराहरू अँगाल्दै नेपाली कविताको यात्रा वर्तमान समयसम्म निरन्तर रूपले चलिरहेको पाइन्छ ।

## २.२. गीतको सैद्धान्तिक स्वरूपः-

### २.२.१.गीतको शक्ति :-

गीत ज्यादै पुरानो र ज्यादै लोकप्रिय विधा हो । यो सधैं एकनासले चलिरहेको छ । गीतले मानिसलाई आकर्षित गर्ने प्रमुख कारण भाषाका माध्यमद्वारा अभिव्यक्त हुने विषयवस्तुको भावपूर्ण प्रस्तुति हो । भावको तीव्र प्रक्षेपका दृष्टिले गीतलाई उछिन्ने अर्को साहित्यिक विधा छैन । गीतलाई सबैले बुझ्न सक्छन् । यसको भाषा सरल हुने हुँदा अशिक्षितले पनि सुनेर आनन्दानुभूति गर्न सक्छन् । यस्तो शक्तिका कारण आफ्नो लेखनको प्रारम्भिक चरणमा नै धेरैजसो गीतकारहरू आफ्नो गीति सिर्जनाको उचाइमा पुग्न सफल देखिन्छन् ।

### २.२.२. गीतको प्राचीनताः-

गीत अत्यन्तै प्राचीन विधा हो । यो मौखिक परम्पराबाट शुरु भएर लिखित परम्परामा पनि उत्तिकै लोकप्रिय छ । पश्चिममा दुःखान्त तथा सुखान्त नाटकको उत्पत्ति गीत तथा नृत्यकै गर्भबाट भएको हो । कविताको पनि गीत सहयोगी हो । प्रारम्भिक समयका कवि र गायक एउटै व्यक्ति हुन्थे भने विश्वका धेरैजसो कविता गाउनकै लागि लेखिन्थे । संस्कृत साहित्यको अत्यन्त प्राचीन कृति मानिने ई.पू. १५०० तिरको ऋग्वेद पनि गीतको सहयोगले मौखिक परम्पराबाट हुर्केको मानिन्छ । सामवेदलाई त झनै सङ्गीतको भण्डार मानिन्छ । वैद्धिक कालपछिको मानिने बौद्ध साहित्यको थेरी गाथामा पनि गीति गुण पाइन्छ भन्ने जानकारी पाइन्छ ।

पश्चिमेली मुलुकमा लेख्य गीतको नमुना आजभन्दा लगभग ४६०० वर्ष अघिको फेला परेको छ र ई.पू. २६०० तिर इजिप्टमा प्रचलित मान्छे मर्दा गाइने शोकगीत, राजाको प्रशंसा गर्न लेखिएका स्तुति गीत, भक्तिगीत आदिलाई गीतको प्राचीनतम नमूना मान्ने गरिन्छ । गीतले प्राचीन समयदेखि नै आफ्नो अस्तित्व राख्दै अन्य साहित्यिक विधालाई समेत हुर्काउने कार्यमा सहयोग गरे पनि यसलाई

स्वतन्त्र अस्तित्व प्रदान गरेर व्याख्या र विश्लेषण गर्ने काम भने प्रारम्भिक चरणमा कसैले गरेनन् ।

### २.२.३. **गीतको परिभाषा :-**

गीत तत्सम शब्द हो । यो शब्द 'गै' धातुमा 'क्त' प्रत्यय लागेर बनेको छ र यसले गाइएको कुनै रचनाविशेषलाई सङ्केत गर्छ । अङ्ग्रेजीमा गीतलाई बुझाउन 'सङ' (Song) तथा 'लिरिक' (Lyric) अनि 'लिरिक्स' शब्दहरु प्रयोग गरिन्छन्। 'सङ' शब्दले सामान्यतया गाइएको रचनाविशेषलाई बुझाउने गर्छ तापनि गाउने उद्देश्यले लेखिएका रचनालाई पनि यस अर्थमा लिइएको पाइन्छ । गीत वाद्ययन्त्रसहित वा वाद्ययन्त्रबाहेक र एक्लै वा समूह रूपमा पनि गाउने रचनाविशेष हो ।

गीतलाई परिभाषित गर्ने काम निकै पछाडि मात्र भएको पाइन्छ । पन्ध्रौं तथा सोह्रौं शताब्दीदेखि मात्र युरोपमा गीतका नयाँ दृष्टिकोणको थालनी प्रारम्भ भयो । गीतमा शब्दसंयोजनको सिद्धान्तको प्रारम्भ सोह्रौं शताब्दीदेखि नै भएको मानिन्छ । यसै शताब्दीमा नै इटालीका ह्युगो रेम्यान (Hugo Riemann) ले गीतको परिभाषा दिने प्रयास गरेको देखिन्छ । गीतलाई चिनाउने सन्दर्भमा केही विद्वानहरूले दिएका परिभाषाहरू यहाँ प्रस्तुत गरिन्छ :-

१. "सङ्गीतसँग स्वरको सामञ्जस्य भएको वा गरिने शब्दहरूको लयबद्ध अभिव्यक्तिलाई गीत भनिन्छ ।"[१२९]

- Encyclopedia Americana.

२. "एक्लै वा समूह रूपमा वाद्ययन्त्रसहित वा यसको अभावमा नै गाइएको वा गाउनका लागि तयार पारिएको रचनालाई गीत भनिन्छ ।" [१३०]

- New Encyclopedia Britanica.

३. "गाउनका लागि रचना गरिएको छन्दमा रचित कविता विशेषलाई गीत भनिन्छ ।"[१३१]

-Joseph T Shipley.

---

१२९.कृष्णहरि बराल, गीत, सिद्धान्त र इतिहास (विद्यार्थी पूस्तक भण्डार काठमाडौं– २०६०) पृ.सं.१७

१३०. ऐजन, पृ.सं. १७

१३१. ऐजन, पृ.सं. १७

४.  "एउटै वक्ताको एउटै मनस्थिति तथा भावना संवेगात्मक रूपमा अभिव्यक्त भएको रचनालाई गीत भनिन्छ ।"[१३२]

-W.H. Hudson.

५.  "एउटै वक्ताको भावना तथा विचार अभिव्यक्त गर्ने सीमित प्रकारको लम्बाई भएको कवितालाई गीत भनिन्छ ।"[१३३]

–Bekson, Karl and Arthur Ganz.

६.  "सामान्यतः गीत भाषाका फाँटको त्यस्तो भावुक र लयात्मक अभिव्यक्ति हो , जसलाई सङ्गीतसँग कविताका समागमको तरल झङ्क्रिति पनि भन्न सकिन्छ ।"[१३४]

– डा. वासुदेव त्रिपाठी

७.  "जीवन भोगाइका क्रममा प्राप्त भाव र अनुभूतिको कलात्मक, संवेगात्मक र गेयात्मक प्रस्तुति नै गीत हो ।"[१३५]

– डा. मोहनहिमांशु थापा

८.  "गीत पद्यको त्यस छोटो र आख्यानरहित गेय संरचनालाई भनिन्छ, जसमा कुनै भाव वा विचारका प्रक्रियाको अथवा मानसिक अवस्थाको तीब्र अभिव्यक्ति हुन्छ ।"[१३६]

– मोहनराज शर्मा

माथिका परिभाषाका आधारमा गीत भनेको लय तथा सङ्गीत व्यवस्थामा आवद्ध सङ्क्षिप्त तथा आत्मपरक रचना हो भन्न सकिन्छ ।

## २.२.४. गीतको संरचना :-

अन्य विधाझैँ गीतको पनि आफ्नै किसिमको संरचना हुन्छ । गीत मुख्यतः दुई भागमा विभक्त हुन्छ । यसको पहिलो भागमा केन्द्रीय वा मूल भावलाई व्यक्त गर्न एक वा एकभन्दा बढी पङ्क्तिहरू आएका हुनछन् र गीतको मूल कुरो बताउने यस्तो भागलाई 'स्थायी' वा 'ध्रुवपङक्ति' भन्ने चलन छ । यस भागमा गीतकारले आफूले भन्नुपर्ने मुख्य कुरालाई अभिव्यक्त गर्छ । 'स्थायी' भाग

१३२. ऐजन, पृ.सं. १७
१३३. ऐजन, पृ.सं. १७
१३४. ऐजन, पृ.सं. १८
१३५. ऐजन, पृ.सं.१८
१३६. ऐजन, पृ.सं.१८

बाहेकका अन्य भाग वा अनुच्छेदलाई भने नेपालीमा 'अन्तरा' भन्ने गरिन्छ । गीतकारले यी अन्तरा भागमा स्थायी भागमा भएको मूल कुरालाई पुष्टि गर्ने वा स्थायीमा अभिव्यक्त एउटै मूल भावको केन्द्रीयतामा अन्तरा भागको भाव घुम्ने हुनाले गीतको ढाँचा रैखिक रूपमा अगाडि बढ्न पाउँदैन । स्थायीको वृत्तवरिपरि वृत्तकारीय ढाँचामा गीतको भाव अभिव्यक्त हुने गर्दछ । आयामका दृष्टिले गीत सङ्क्षिप्त विधा हो ।

## २.२.५. गीतका तत्वहरू:-

गीत गेय विधा हो । यसैले यसका तत्वहरू कविता भन्दा केही फरक नै हुन्छन् । गीतका प्रमुख तत्वहरू भाव, कल्पना, सङ्गीत, बिम्व तथा प्रतीक र भाषा हुन् । यिनको छोटकरीमा चर्चा यहाँ गरिन्छ ।

### २.२.५.१. भाव :-

भाव गीतका लागि अनिवार्य तत्व हो । पूर्व तथा पश्चिममा प्राचीन समयदेखि हालसम्मका आचार्यहरूले गीत तथा कवितामा भावको आवश्यकतालाई स्वीकारेका छन् । पूर्वीय आचार्यहरूले रसको मूलका रूपमा स्थायी भावको चर्चा गरेका छन् । उनले औंल्याएका स्थायी भाव, रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय र शम गरी नौवटा र तेत्तीसवटा व्यवभिचारी भाव पनि छन् । पश्चिमी साहित्यकारहरूले पनि एरिस्टोटलकै पालादेखि भावको अस्तित्व स्वीकारेका छन् ।

यसरी अन्तरहृदयमा अवस्थित कारूणिक तथा सुकोमल भाव वेगपूर्ण संवेगका रूपमा अभिव्यक्त हुँदा गीत अत्यन्त भावपूर्ण बन्छ र श्रोता वा पाठक दुबैलाई आकृष्ट गर्न पुग्छ । यसैकारणले गीतमा भावको उपस्थिति अनिवार्य मानिन्छ ।

### २.२.५.२. कल्पना:-

'कल्पना' तत्सम शब्द हो । यसको सामान्य अर्थ स्मृतिपटमा उत्पन्न नयाँ कुरा भन्ने हुन्छ । प्राचीनकालदेखि नै साहित्यमा कल्पनाको भूमिका बारेमा विद्वानहरूले प्रत्यक्ष वा परोक्षरूपमा चर्चा गरेका छन् । कल्पनाका बारेमा व्यापक चर्चा गर्ने विद्वान सेमुअल टेलर कलरिज हुन् । उनले 'वायोग्राफिया लिटरेरिया' मा कल्पनालाई संश्लिष्ट र जादुगरी शक्तिका रूपमा वर्णन गरेका छन् । उनले कल्पनाले विलय भएको मानवमनको शक्तिलाई पनि बाहिर ल्याउने कार्य गर्छ

भनेका छन् । कलरिजले कल्पनालाई प्रारम्भिक र द्वितीयक गरी दुई भागमा बाँडेका छन् । प्रारम्भिक कल्पनाले जीवित वस्तुको संवेदना र प्रत्यक्षीकरणबीच मध्यस्थता गर्छ र यो सबै मानवमा समान रूपमा रहेको हुन्छ । द्वितीय कल्पनाचाहिं काव्यगत हुन्छ । कलरिजका अनुसार द्वितीय कल्पनाका अभावमा उत्कृष्ट काव्य सिर्जना हुँदैन किनभने यो नै काव्य सिर्जनाको मूल ऊर्जा हो । देखे, सुनेका वा भोगेका राम्रा नराम्रा अनुभवहरूलाई ताजा, आकर्षक र चमत्कारपूर्ण बनाउन द्वितीय कल्पनाको भूमिका महत्वपूर्ण हुन्छ । कलरिजका विचारमा प्रचुरमात्रामा मनोवेग सशक्त कल्पनाको अभावमा काव्य उत्कृष्ट हुन सक्तैन, बरू अलङ्कार गौण विषय हुन् । कवि वर्डस्वर्थले पनि कल्पनाका बारेमा आफ्नो मत प्रकट गरेका छन् ।

यसरी प्रारम्भिक कालदेखि हालसम्म पनि कल्पनाको महत्वका बारेमा धेरैथोरै चर्चा भई नै रहेको पाइन्छ । यसबाट के पुष्टि हुन्छ भने कल्पनाले गीत वा साहित्यका अन्य विधालाई फोटोकपी यथार्थ हुनबाट बचाई अज्ञान वा रहस्यका गर्भमा रहेका कुरालाई पनि ज्ञात गराउने तथा प्रकट गर्ने कार्यभा मद्दत गर्छ । यसैले कल्पना गीतको अत्यावश्यक तत्व हो ।

### २.२.५.३. सङ्गीत :-

गीतका लागि सङ्गीत अनिवार्य तत्व हो । गीतकारहरू आनन्ददायक ध्वनिको ढाँचा सिर्जना गर्न तथा अर्थलाई अझ प्रभावकारी बनाउनका लागि सङ्गीतको प्रयोग गर्छन् । सङ्गीतलाई भाषाका माध्यमबाट अभिव्यक्त हुने मौखिक सङ्गीत तथा वाद्ययन्त्रको प्रयोगबाट अभिव्यक्त हुने सङ्गीत गरी दुई भागमा छुट्याई हेर्न सकिन्छ । भाषाकै माध्यमद्वारा अभिव्यक्त हुने शब्द सङ्गीतलाई पनि पङ्क्ति-पङ्क्तिबीच प्रयुक्त बराबर वा घटिबढि अक्षरहरुको वितरणका कारण उत्पन्न लय र पङक्ति-पङक्तिमा भएको पद, पदावली तथा वर्णहरूको आवृत्तिका कारण उत्पन्न ध्वनिसङ्गीत गरी दुई भागमा वर्गीकरण गरेर हेर्न सकिन्छ ।

### २.२.५.३.१. लय :-

लयको सम्बन्ध समय र गतिसँग हुन्छ । बराबरी वा उही समयमा पढ्न वा गाउन सकिने गरी पङ्क्ति-पङ्क्तिबीच भाषाका स्वर तथा ब्यञ्जन वर्णहरूको सही व्यवस्थापन गरिँदा लय प्रकट हुन्छ भने यसमा स्वर तथा ब्यञ्जन वर्णहरूको संख्या, बलाघात तथा सुरले महत्वपूर्ण भूमिका निर्वाह गर्छ र यसले गर्दा नै

गीतलाई गेय पनि बनाउँछ । गीत एउटै नियमित लय व्यवस्था, मिश्रित नियमित लय व्यवस्था र अनियमित वा मुक्त लय व्यवस्था गरी तीन प्रकारका लयव्यवस्थामा आधारित हुन्छन् । यसरी गीत लेख्दा गीतकाले अनेक किसिमबाट लय मिलाई गीत लेख्छ र गीतलाई गेयात्मक बनाउँछ ।

### २.२.५.३.२. ध्वनिसङ्गीत :-

गीतमा सङ्गीतको सृष्टि लयका साथै एउटै पङ्क्ति वा पङ्क्ति-पङ्क्तिबीच दोहोरिएर आउने एउटै वा एकै प्रकारको वर्ण वा पद, पदावलीहरूले पनि गर्ने गर्छन् । गीतमा धेरैजसो अनुप्रासका कारण सङ्गीतको सृष्टि हुन्छ भने एउटै स्वरवर्ण तथा व्यञ्जनवर्णको आवृत्ति अनि पद तथा पदावलीको आवृत्तिका कारणले पनि सङ्गीतको सिर्जना हुने गर्दछ । गीतमा सबै प्रकारका अनुप्रासको प्रयोग पाइन्छ । तुलनात्मक रूपमा भने अन्त्यानुप्रासको प्रयोग ज्यादा पाइन्छ । अनुप्रासले मुख्य चार प्रकारको काम गीतमा गर्छ । ती हुन्- आनन्द प्रदान गर्ने, सम्झन सजिलो पार्ने, संरचना निर्माण गर्ने तथा प्रभावपूर्ण ढङ्गले शब्दहरूलाई व्यवस्थापन गर्ने। यसरी लय जस्तै ध्वनिसङ्गीत पनि सङ्गीतको महत्वपूर्ण अङ्ग हो ।

माथिका भाषाका माध्यमबाट अभिव्यक्त हुने लय तथा भाषिक ध्यनिसङ्गीतका कारण गीत सङ्गीतात्मक बन्छ भने मौखिक (गायन) तथा वाद्यसङ्गीतको प्रयोग पनि गीतमा हुने गर्छ । गीतलाई पूर्णतामा खुलाउन मौखिक तथा वाद्यसङ्गीतले पनि महत्वपूर्ण भूमिका खेल्छ ।

## <u>२.२.५.४. बिम्ब तथा प्रतीक :-</u>

### २.२.५.४.१. बिम्ब :-

बिम्ब तत्सम् शब्द हो । यसलाई संस्कृतमा 'प्रतिच्छाया'को अर्थमा प्रयोग गरेको पाइन्छ । यसलाई अङ्ग्रेजीमा 'इमेज' (Image) भनिन्छ । सामान्य अर्थमा कुनै वस्तु, कार्य, भाव, विचार तथा संवेगमय मानसिक तस्विरहरूलाई प्रतिनिधित्व गर्ने भाषिक एकाइलाई बिम्ब भनिन्छ । कुनै भनाइलाई सादृश्यात्मक बनाउन बिम्बले ठूलो सहयोग पुऱ्याउँछ । साहित्यमा उपमान बिम्ब रचनाको मूल उपकरण हुन्छ । बिम्बलाई ऐन्द्रिकताका आधारमा दृश्यात्मक, गन्धसम्वन्धी, स्पर्शसम्बन्धी, श्रव्यात्मक, स्वादसम्बन्धी, गतिसम्बन्धी, गरी विभिन्न वर्गमा बाँडेको पाइन्छ । धेरै जसो गीतमा उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, दृष्टान्त

आदि अलङ्कारका रूपमा आउने गर्छन् । यसरी गीतमा बिम्बको उपस्थिति पनि सुनमा सुगन्ध बढाउन गरिन्छ ।

### २.२.५.४.२. अर्थालङ्कार :

अर्थको चमत्कारका कारण सौन्दर्य प्रकट गर्ने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । अर्थालङ्कारका भेदमा विद्वानबीच मत-मतान्तर पाइन्छ । भरतले नाट्यशास्त्रमा तीनवटा अर्थालङ्कारको चर्चा गरेका छन् भने अग्निपुराणले सोह्र, भामहले अठ्तीस, रुययकले सात भेदका अठ्सठ्ठी उपभेद, जगन्नाथले एकसय एकाउन्न तथा रामचन्द्र गुणचन्द्रले दुई सय अलङ्कारको चर्चा गरेका छन् । गीतमा प्रयोग हुने केही मुख्य अलङ्कारमा उपमा, रूपक, अपन्हुति, अतिशयोक्ति, विशेषोक्ति, सन्देह, लोकोक्ति, असङ्गति, विरोधाभास, उत्प्रेक्षा, विभावना, व्यतिरेक, निदर्शना आदि पर्छन् । यी र यस्तै धेरै अलङ्कार गीतमा प्रयुक्त हुन्छन् । यिनीहरूले सौन्दर्यको सृष्टि गर्छन् ।

### २.२.५.४.३. प्रतीक :

प्रतीक (Symbol) बिम्बकै विशिष्ट रूप हो किन भने खास धारणा व्यक्त गर्ने बिम्बलाई नै प्रतीक भनिन्छ । प्रतीकले आफ्नो वास्तविक अर्थलाई अर्को वस्तुमा आरोपित गरी गीतको कुनै पङ्क्ति, अनुच्छेद वा पूरै गीतलाई नै पनि ध्वन्यात्मक बनाइदिन्छ । प्रतीकलाई परम्परित वा सार्वजनिक तथा व्यक्तिगत, विश्वव्यापी अनि स्थानीय गरेर वर्गीकरण गरिएको पाइन्छ । गीतमा पनि यस्तै प्रतीकहरूको प्रयोग हुने गर्छन् । गीतमा समुद्र, वन, उपवन, नदीनाला, फूलपात, वनस्पति आदिबाट प्रतीकहरू आउन सक्छन् भने प्राणीजगत तथा निर्मित वस्तुबाट पनि प्रतीकहरू निर्माण गरिन्छन् । यसैगरी निथक, लोकसाहित्य तथा पूर्व सन्दर्भबाट पनि प्रतीकहरू निर्माण गर्ने गरिन्छ । गीतमा थोरै शब्दमा धेरै भन्न सक्ने सामर्थ्य अलङ्कारबाट भन्दा पनि प्रतीकबाट प्राप्त हुने गर्छ । बिम्ब र प्रतीकको अभावमा गीत सौन्दर्यबाट वञ्चित हुने मात्र होइन यसले विशिष्टता पनि प्राप्त गर्न सक्तैन ।

यसरी बिम्ब तथा प्रतीक गीतका सौन्दर्य प्रदायक हुन् भने गीतलाई सौन्दर्य दिन वस्तुको मानवीकरण र 'अर्थको तह' ले पनि अहम् भूमिका खेल्छन् । गीतको स्तर लाक्षणिक वा साङ्केतिक अर्थको मात्रामा पनि भर पर्छ ।

## २.२.५.५. भाषा :-

गीत भाषाका माध्यमबाट अभिव्यक्त हुने कलाविशेष हो । गीतले अस्तित्व भाषाकै सहयोगबाट प्राप्त गर्छ भने श्रोता तथा पाठकहरू गीतको अर्थ भाषा नै सुनेर लागाउँछन् । गीतका कथ्य विषयको अभिव्यक्ति भाषाकै माध्यमद्वारा हुन्छ र गीतलाई सङ्गीतात्मक बनाउन पनि भाषाकै स्वर तथा व्यञ्जन वर्णहरूको भूमिका महत्वपूर्ण हुन्छ । बोलचालको गद्यबाट छुट्याउनेदेखि लिएर सौन्दर्यको सृष्टि गर्न तथा अर्थलाई विस्तार दिनका लागि गीतमा शब्दहरूको उचित व्यवस्थापन हुनुपर्छ । यस्तो हुँदा विचलनको मात्रा बढेर भाषाको स्वाभाविक रूपमा परिवर्तन पनि आउने गर्छ । गीतकारहरू लय मिलाउनका लागि, अर्थको विस्तार गर्नको लागि तथा प्रभावकारीता उत्पन्न गर्नका लागि अनि सौन्दर्यको सृष्टि गर्नका लागि भाषाको मूल रूपलाई भाँच्ने पनि गर्छन् । गीतको भाषा कृत्रिम नभएर सहज तथा क्लिष्ट नभएर सरल हुन्छ । गीतमा कथ्य भाषाको प्रयोग पनि स्वीकार्य हुन्छ र भाव अनुकूलको वर्णसंयोजनमा पनि ध्यान दिने गरिन्छ ।

यसरी गीतमा सामान्यतः थोरैमा धेरै कुरा भन्न सकिने प्रकारले भाषाको प्रयोग गरिन्छ तर सङ्गीतको सिर्जना गर्नका लागि, कुनै कुरालाई जोड दिएर भन्नका लागि, अर्थलाई विस्तार गर्नका लागि तथा पाठक/श्रोतालाई संवेगात्मक उत्कर्षमा पुऱ्याउनका लागि गीतकारहरू उही पद वा पदावली वा वाक्यलाई दोहऱ्याई-तेहऱ्याई प्रयोग गर्ने पनि गर्छन् । गीतको स्तर निर्धारणमा भाषाको पनि अहम् भूमिका हुन्छ ।

## २.२.६. नेपाली गीतको विकासक्रम :-

नेपाली भाषामा लेख्य गीतको रचना चलिनुपूर्व लोकगीत समाजमा निकै प्रचलित थियो र अहिले पनि छँदैछ । लोकगायकहरू मेलापात गर्दा आडपर्व आदि मनाउँदा तथा जात्रा आदिमा जाँदा आफ्ना मनका भावनाहरू वाद्ययन्त्रको सहयोगबाट र कहिले यसको अभावमा मौखिक रूपले मात्रै पनि व्यक्त गर्ने गर्थे । यस्तै कुनै गीतमा तात्कालीन परिस्थितिको अभिव्यक्ति पनि हुने गर्थ्यो । समाजमा लोकगीत व्याप्त भए पनि नेपालीमा यसको गर्भबाट सोझै लेख्य गीतले जन्म लिन भने सकेन बरू यो लोक विशेषता पहिले कविताले ग्रहण गऱ्यो ।

नेपालीमा लेख्य गीतको विकासलाई निम्न चरणहरूमा विभाजन गरेर हेर्न सकिन्छ :

### २.२.६.१. पहिलो चरण : पृष्ठभूमि काल (प्रारम्भदेखि वि.सं.१९४० सम्म):-

नेपाली कविताको इतिहासमा पहिलो मानिएको सुवानन्द दासको 'पृथ्वीनारयण' शीर्षकको कवितामा केही मात्रामा लोकविशेषताको प्रयोग पाइन्छ । सुवानन्द दासको कविताका तुलनामा यदुनाथ पाखेलका कविता बढी गेयात्मक पाइन्छन् । हीनव्याकर्णी विदापतिले त संस्कृतका ठूला गीतकार जयदेवद्वारा रचित 'गीतगोविन्द' लाई नेपालीमा अनुवाद नै गरेको पाइन्छ । यिनको यो रचना मौलिक नभए पनि महत्वपूर्ण थियो । यिनले 'सात राग' लेखेर सातवटा रागको परिचय पनि दिएको पाइन्छ । भक्ति धाराका कवि वसन्त शर्माका कवितामा पनि लोकलय भेटाउन सकिन्छ । पतञ्जली गजुऱ्यालद्वारा लेखिएको 'वालगोपाल वागी' शिर्षकको कविता गीति गुणबाट धेरै नजिक छ । यसैगरी कवि इन्दिरसले गरेको 'श्रीमद्भागवत्' दशमस्कन्धको पूर्वाद्धको एकतीसौँ अध्यायको अनुवाद गोपिका स्तुति' मा पनि गीति गुण देख्न सकिन्छ । गीति चेतनाका दृष्टिले भक्तिधाराका अन्य कवि भन्दा भनुभक्त आचार्य बढी शक्तिशाली देखिन्छन् । उनीद्वारा रचित 'रामायण' का केही श्लोक तथा उनका फुटकर कविता 'बालजी वर्णन' तथा 'कान्तिपुरी नगरी' मा गीति गुण प्रशस्त पाउन सकिन्छ । कवि ज्ञानदिल दास पनि उल्लेख्य नाममा पर्छन् ।

नेपाली गीतको विकासमा लालबहादुरको 'भोटको सवाई' नरबहादुर रानाको 'जङ्गबहादुरको सवाई' तथा लीला विश्वकर्माको 'मुक्तियारको सवाई' हरूले पनि केही टेवा दिएको पाइन्छ । यसैगरी दरबारमा सञ्चालित थियटर परम्परा, दरबारमा सञ्चालन हुने अन्य मनोरञ्जनात्मक कार्यक्रमका साथै वीर शम्शेरले भारतबाट भित्र्याएका विख्यात वस्तादहरूको साङ्गेतिक क्रियाकलापले पनि यो समयमा नेपाली गीतको विकासमा उल्लेख्य भूमिका निभायो ।

यसरी यो समयमा रचित रचनाहरूमा धेरथोर गीति विशेषताहरू पाइए तापनि ती कृतिहरूलाई अनुभूति प्रधान गीतका रूपमा राख्न नसकिने देखिन्छ । यो समयावधि लोकगीत तथा संस्कृत गीति परम्पराबाट बढी प्रभावित देखिन्छ । जेहोस यो समयमावधि अनुभूति प्रधान गीतलेखनको पृष्ठभूमिका रूपमा उल्लेख्य छ ।

### २.२.६.२. दोश्रो चरण :अनुभूति प्रधान गीतको प्रारम्भ र विकासकाल (वि.सं. १९४१ देखि २००७):-

नेपाली गीतको इतिहासमा अनुभूति प्रधान नेपाली गीतको स्वरूप निर्माण मोतीराम भट्टबाट भएकाले उनको आगमन देखि रेडियो नेपालको स्थापना नहुन्जेल दोस्रो चरणमा पर्न आउँछ । यस समयावधिमा मोतीराम भट्टले वि.सं. १९४१ को छेउछाउदेखि नै गीत तथा गजल लेख्न थालेको जानकारी पाइन्छ । उनको महत्वपूर्ण योगदान नेपाली गजल लेखनको शुरूवात हो । उनका नाटकमा पनि गीतको प्रयोग छ । उनले 'पिकदूत' (१९७२) गीतिकाव्य पनि लेखेका थिए । उनका गजलहरू 'मोती-ग्रन्थावलीमा सङ्ग्रहित छन् । उनकै प्रभावमा लक्ष्मीदत्त पन्तु 'इन्दु' ले थुप्रै जगल लेखेको पाइन्छ । उनका गजलका कृतिमा 'सङ्गीत चन्द्रोदय' र माध्यमिक नेपाली पद्य हुन् । मातीराम जस्तै यिनले पनि श्रृङ्गारिक भावका गजल लेखेको पाइन्छ । यस समयावधिमा गीतरचनाका सन्दर्भमा सम्भुप्रसाद ढुङ्गेलको योगदान महत्वपूर्ण देखिन्छ । यिनले आफ्ना विभिन्न नाटकभित्र पनि गीत गजलको प्रयोग गरेका देखिन्छन् । यस समयका अन्य गीतकारहरूमा बहादुरसिंह बराल, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा , अलिमिया, भीमनीधि तिवारी, ठाकुरनाथ रिमाल, केवलपुरे किसान, गोकूलप्रसाद जोशी, धर्मराज थापा, माधवप्रसाद घिमिरे, सुरेन्द्रबहादुर शाह, गोविन्द शर्मा विमल, म.वी.वि.शाह, तारणीप्रसाद कोइराला आदि हुन् भने विभिन्न लोक भाका सवाई तथा लहरी साहित्यले पनि यो समयमा प्रशस्त प्रभाव पारेकै थियो । यसै समयमा चक्रपाणि चालिसेको राष्ट्रिय गान पनि रचना हुन पुग्छ ।

यसरी यो समयावधिमा रचित थुप्रै गीतहरू प्रकाशनमा आएको तथा गीति विशेषतालाई ध्यान दिई लेखिएको पाइन्छ । यो चरण नेपाली गीतको महत्वपूर्ण चरण हो । यसैका प्रभावले रेडियो नेपालको स्थापनापछि नेपाली गीतले झनै मौलाउने सौभाग्य पायो ।

### २.२.६.३. तेस्रो चरण : विस्तार काल (२००७ देखि हाल सम्म) :-

वि.सं. २००७ साल चैत्र २० गते रेडियो नेपालको स्थापना  भयो । यसको स्थापना पछि नेपाली गीतले झनै झ्याङ्गिने मौका पायो । रेकर्डमा सजिलो ल्याउन र छोटा समयमा धेरै गीत प्रसारण गर्नका लागि पहिले लेखिएका गीत छोटा पार्नुका साथै ६ देखि १० पङ्क्तिका धेरै मात्रामा त ८ पङ्क्तिका गीत लेखिन थाले । यसरी नेपाली गीतले आफ्नो स्वरूपमा अझ स्पष्टता पायो । यो काललाई

विस्तार कालका साथै आधुनिक काल मान्न सकिन्छ । यस चरणलाई ३ उपचरण (मोड) मा विभाजन गरेर हेर्न सकिन्छ ।

## २.२.६.३.१. **पहिलो मोड** (**२००७ देखि २०१६ सम्म**) :-

यस समयमा रेडियो नेपालको स्थापना भन्दा पहिलेकै गीतकारहरूका गीतहरू बढी रेडियोबाट प्रसारित भए । रेडियो नेपालमा गीत सङ्गीतको कार्यक्रममा सर्वप्रथम शंकर लामिछानेद्वारा रचित 'मेरो दिल टुक्रा बनेर' शीर्षकको गीति कविता हरिप्रसाद रिमालले गाएको जानकारी पाइन्छ ।

यस चरणमा गीत लेख्ने गीतकारहरू केही पुरानाका साथै नयाँमा सिद्धिचरण श्रेष्ठ, जनार्दन सम, लक्ष्मण लोहनी, कोइलीदेवी माथेमा, कुलचन्द्र कोइराला, अगमसिंह गिरी, भैरवनाथ रिमाल कदम, माधवप्रसाद खनाल भावुक, प्रेमविनोद नन्दन, पुष्प नेपाली, लीलासिंह कर्मा, भूपि शेरचन, कृष्णप्रसाद पराजुली, छिन्नलता, डा.राममान तृषित, किरण खरेल, रत्नशमशेर थापा, हरिभक्त कटुवाल, मोदनाथ प्रश्रित, श्यामदास वैष्णव, भोग्यप्रसाद शाह, जनकप्रसाद हुमागाईं आदि हुन् । यस चरणका गीतमा प्रमुख रूपमा प्रेमका विविध भावहरूको अभिव्यक्ति पाइनुका साथै देशभित्रको अस्तव्यस्थ अवस्थालाई आधार वनाइएको पाइन्छ ।

## २.२.६.३.२. **दोस्रो मोड** (**२०१७ देखि २०४६ सम्म**) :-

वि.सं. २०१७ साल पौष १ देखि पञ्चायती व्यवस्थाको प्रारम्भ भएपश्चात नेपाली गीत लेखनमा स्वतन्त्रताको हनन् हुन गयो । रेडियो नेपाल र अन्य सरकारी सञ्चार माध्यमबाट सत्ताका गुणगान गाइएका तथा मायाप्रितिसँग सम्बन्धित खालका गीतमात्र प्रसारणमा आउन थाले । यस अवधिमा पहिलेका केही गीतकार तथा यसै समयका गीतकारहरू पनि देखा परे । यिनीहरू मध्ये केही व्यवस्था अनुकूल गीत लेख्न सकृय रहे भने केही अप्रत्यक्ष रूपमा विविध नाम राखी गीत लेख्न थाले । राजनैतिक चेतनाका गीत लेख्ने केही लेखकहरू त पटक-पटक सत्ताको तारो बन्नुका साथै सताइनेमा पनि परे । यस समयावधिभित्र गीत लेखन प्रारम्भ गर्ने गीतकाररूमा प्रेम प्रकाश मल्ल 'मधुकर', यादव खरेल, जगतमर्दन थापा, अम्बर गुरुङ, बैरागी काईंला, क्षेत्रप्रताप अधिकारी, भीम विराग, ईश्वरबल्लभ, रवीन्द्र शाह, नगेन्द्र थापा, हिरण्य भोजपुरे, शरण प्रधान, मेघराज मञ्जुल, रायन, गणेश रसिक, गोपाल योञ्जन, चेतन कार्की, विश्वल्लभ, राजेन्द्र थापा, डा.वासुदेव त्रिपाठी, चाँदनी शाह, नीर शाह, रामेश, जी.शाह, कालीप्रसाद

रिजाल, अविनाश श्रेष्ठ, श्याम तमोट, कृष्णहरि बराल, श्रीपुरुष ढकाल, दिनेश अधिकारी, नारायणकुमार आचार्य, विजय सुब्बा, नरेन्द्रराज प्रसाइँ, रमण घिमिरे, श्रवण मुकारूङ, डा.तारानाथ शर्मा, युद्धप्रसाद मिश्र, दमननाथ ढुङ्गाना, विश्वबन्धु थापा, पासाङ बङबल, कञ्चन पुडासैनी, तुङ्गमदैन थापा, कृष्ण जोशी, रामविक्रम सिजापति, प्रदीप रिमाल, उत्तम श्रेष्ठ, दीप श्रेष्ठ, गौरी नेवा, बालकृष्ण सजीव, मदन दीपबिम, विश्वम्भर प्याकुर्‍याल, विजय श्रेष्ठ, शिवशङ्कर थापा, वसन्त थापा, नवराज कार्की, किरण प्रधान, योगेश वैद्य, पुरूषोत्तम सापकोटा, राजेन्द्र रिजाल, शम्भुजित वाँसकोटा, शिव अधिकारी, राजेश, सहदेव राणा, दामोदर घिमिरे, डा.दिर्घसिंह बम, रमेश क्षितिज, बुलु मुकारूङ, बुद्धवीर लामा, राजेन्द्र सारा, दिव्य खालिङ, प्रल्हाद पाखरेल, बमबहादुर थापा जिताली, रामचन्द्र पुडासैनी, शिलाबहादुर मोक्तान, सगुन शाह, गगन विरही, रवि प्रञ्जल, वीरेन्द्र पाठक, धनेन्द्र विमल, सुरेन्द्र राना, शम्भुकुमार मिलन , सुवासचन्द्र ढुङ्गेल, भूपाल राई, मुकुन्दराज शर्मा, ज्ञानेन्द्र गदाल, व्याकुल पाठक, प्रमोद ढुङ्गाना, प्रकट पङ्गेनी शिव, भीम खरेल, डा.भिष्मराज प्रसाई, डा.विश्वनाथ प्रेम, दीपक जङ्गम, रमेश पौडेल, सिन्धु राना, शिला पन्त, अजनबी शाह, लालगोपाल सुवेदी, भारती खरेल, वासुदेव अधिकारी , जीवननाथ धमला, ध्रुव मधिकर्मी आदि पर्छन् । यी र यस्तै अन्य स्रष्टाहरूका गीत यो समयमा रेकर्ड र प्रसारणमा आए । यसैगरी जनताका गीतहरू र रक्तिमका गीतहरू पनि यस समयावधिका उपलब्धी हुन् ।

यसरी यो समयावधिमा पञ्चायती व्यवस्थाप्रति समर्थन, राजमुकुटप्रति आस्था, पञ्चायती व्यवस्थाको बिरोध अनि समानताका स्वर समेटिएका गीत तथा देशभक्तिको प्रयोग, मायाप्रेमको संयोग र वियोग भावको प्रस्तुति तथा जीवनका दु:खद अनि सुखद पक्षको अभिव्यक्ति समेटिएका गीतहरू रेकर्ड र प्रकाशनमा आएको देखिन्छ । यो अवधिमा चलचित्रका गीत लेखिए भने शैलीगत नवीनता पनि थपियो ।

### २.२.६.३.३. **तेस्रो मोड** (**२०४७ देखि हाल सम्म**) :-

पञ्चायती व्यवस्थाको समाप्ति प्रजातान्त्रिक व्यवस्थाको पुन: प्रारम्भले नेपाली गीतमा नवीनता थप्यो र विस्तारको दायरा फराकिलो हुँदै गयो । नयाँ-नयाँ एल्वम र प्रकाशनमा तिब्रता आयो । चलचित्र धेरै बन्दा तिनमा गीत लेखनको माग पनि बढ्यो यो समयावधिमा प्राइभेट स्तरमा पनि थुप्रै रेकर्डिङ स्टुडियोहरू खुले र खुल्दैछन् । विभिन्न पश्चिमी सङ्गीतप्रधान गीतहरू पनि

लोकप्रिय  छन् । व्यवस्था विरोधी गीत लेख्न पनि छुट नै छ । यो समयावधिमा सञ्चालित युद्धको समर्थन र बिरोधमा पनि गीत आए । यस समयमा थपिएका अन्य स्रष्टाहरूमा आनन्द अधिकारी, आलोकश्री, हरिहर तिमल्सिना, हित गुरुङ, खिलबहादुर भावुक, रेनु थापा, बलदेव मजगैयाँ, विष्णु राई, सुकुम शर्मा, नेत्र एटम, भावेश भुमरी, दीपक लोहनी, नवराज लम्साल, इन्दिरा प्रसाइँ, चन्द्रा शर्मा, कृष्ण अविरल, रञ्जुमार्ग, गोवर्द्धन पूजा, मणि लोहनी, पुष्पलता आचार्य, पद्यमराज जोशी 'स्पन्दन', तीर्थराज शर्मा, अनमोलमणि पौडेल, सावु गदाल, गणेश श्रेष्ठ 'अपेक्षा', एस.पी.कोइराला, स्वागत नेपाल, हरिदेवी कोइराला, रमेशजङ्ग सिजापति, राजकुमार वगर, महेश प्रसाइँ, गङ्गाप्रसाद भेटवाल, रामेश्वर राउत 'मातृदास', वीरदल विकल, उज्ज्वल जी.सी. 'बिखर्ची', उषा शेरचन, शक्तिनारायण श्रेष्ठ, हरिमाया भेटवाल, भूपेन्द्र खड्का, बिन्दु शर्मा, विष्णुबहादुर सिंह, लक्ष्मण सिटौला, सनील पुरी, कविराज बान्तवा, उषा भट्ट, धर्मराज लुइँटेल, प्रमिला महत, तेजप्रसाद पाण्डे, रमेश अधिकारी, मणि थापा, हरिकृष्ण सिलवाल, श्याम रिमाल, सरोज कार्थक, सरू बराल, राजीवनन्दन कर्माचार्य, शाश्वत पराजुली, मधुसूदन गिरी, डा. विमल कोइराला, हेम सुवेदी, नारायण श्रेष्ठ तथा गोवर्द्धन श्रेष्ठ आदि देखिन्छन् ।

यो समयावधिमा एकपछि अर्को गीतकार थपिने क्रम तिब्र छ । गीतमा पनि नौला प्रयोग बढेका छन् । यस समयावधिका गीतहरूमा मानवता तथा समानताको भावको अभिव्यक्ति धेरै नै भएको पाइन्छ । संस्कृतिको प्रयोगका साथै स्थानीय रङको प्रयोग पनि बढ्दो छ । राजनैतिक अस्थिरताका कारण देशले भोगेका कष्टको चित्रण पनि हालका गीतमा पाइन्छ ।

यसरी नेपाली गीतले विभिन्न चरण र उपचरण पार गर्दै आएर विकासको गतिलाई अगाडि बढाएको छ । चाहे अनुभूति प्रधान गीत होउन चाहे चलचित्र या बालगीत सबैमा जनताका भावना, सुख-दुःख, अभाव र पछौटेपन तथा प्रगतिका सन्देश गुञ्जँदै आएका छन् यो लामो यात्रामा नयाँ प्रविधिले दिनानुदिन चुनौति र अवसर पनि थपेकै छ । समग्रमा नेपाली गीतको भविष्य उज्ज्वल छ ।

# तेस्रो परिच्छेद

## ३. रमेश क्षितिजको जीवनी र व्यक्तित्वको अध्ययनः

### ३.१. जीवनी

### ३.१.१. पारिवारिक पृष्ठभूमिः-

राप्ती अञ्चलका ५ वटा जिल्लामध्ये सल्यान जिल्ला एक पहाडी जिल्ला हो । नेपालका केही पिछडिएका जिल्लाभित्र नाम उल्लेख गर्न सकिने यस जिल्ला शिक्षा, स्वास्थ्य, यातायात लगायत विकासका न्यूनतम पूर्वाधारहरूको कमिले छट्पटिन विवश छ । आर्थिक अभावका कारण जनताहरू भारतका विभिन्न शहर-गाउँमा भौतारिन विवश यस जिल्ला प्राकृतिक रूपले भने सम्पन्न नै छ । काखमा शारदाको बेंसी सल्बलाइराखेको देखिने यस जिल्लाका डाँडाकाँडाबाट उत्तरतिर सिस्ने लगायतका हिमश्रृङ्खला मुस्कुराइरहेको तथा दक्षिणतिर दाङ उपत्यका र तराईका समथर भू-भागले पछ्यौरी फिजाएको सहजै देख्न सकिन्छ भने पूर्वमा घामले खित्का छोड्दा पश्चिममा भेरीले नृत्य देखाइरहेको हुन्छ । कुभिण्डे दहलाई बलबाहुले उठाइरहेको यस जिल्लाले खैराबाङ देवी मन्दिर तथा छायाक्षेत्र-शंखमूल जस्ता पवित्र धार्मिक स्थललाई पनि काखैमा सम्हालेर गौरवको अनुभूति गरेको देखिन्छ ।

एकातिर रोग, भोक, अशिक्षा तथा गरीबिसँग लड्दैगरेको तथा अर्कातिर प्रकृतिको मनोरम उपहारलाई काखैमा च्यापेको यस जिल्लाको हिवल्चा गा.वि.स. वडा नं. ४ मा पिता पवित्रराज न्यौपाने तथा माता विमला न्यौपानेका ज्येष्ठ सुपुत्रका रूपमा वि.सं. २०२६ साल वैशाख १३ गतेका दिन रमेश न्यौपानेको जन्म हुन्छ । यिनै रमेश न्यौपाने पछि साहित्यमा रमेश क्षितिजका नामले चिनिन्छन् ।

राजनैतिक पृष्ठभूमि बोकेको परिवारमा जन्मिएका रमेशलाई तत्कालीन परिवेशमा शिक्षा आर्जन गर्न त्यति समस्या थिएन । बुबा पवित्रराज न्यौपानेका ७ दाजुभाई भए तापनि उनका बाजे लोकराज उपाध्यायको सल्यान तथा दाङमा समेत पुर्ख्यौली विर्ता जग्गा भएका कारण आर्थिक अवस्था कमजोर नभएको जानकारी पाइन्छ । ठूलो र संयुक्त परिवार भए तापनि ठाउँ-ठाउँको बसाईंले त्यति असहजता देखिदैन । जग्गा जमिनको पर्याप्त आम्दानीका कारण रमेशको बाल्यकाल के लाउँ, के खाउँमा वितेन भन्ने सहजै अनुमान गर्न सकिन्छ ? राजनैतिक रूपमा पनि सक्रिय यस परिवारमा विभिन्न उच्चस्तरका मान्छेसँग पनि सम्बन्ध भएका कारण तथा सरकारी उच्च ओहदाका पदाधिकारीरूको घरमा

आवत जावतका कारणले पनि शैक्षिक वातावरण यस परिवारमा भएकै देखिन्छ । जसका फलस्वरूप रमेशमा पढौं भन्ने भावनाको विकासका साथै समाजमा नाम छोड्न केही गर्नुपर्छ भन्ने भावनाको विकास पनि भएको देखिन्छ ।

घरमा नै शैक्षिक वातावरण पाएका रमेशले औपचारिक शिक्षा दाङ जिल्लाको तात्कालीन श्री सिद्ध जनता मा.वि. श्रीगाउँबाट शुरू गरेका थिए । त्यहाँ कक्षा ५ सम्म अध्ययन गरेका उनलाई पारिवारिक बसाइँ-सराइका कारण कक्षा ६ देखि अध्ययन गर्न सल्यान जानुपर्ने भयो । फलस्वरूप उनले कक्षा ६ र ७ श्री महेन्द्र रत्न नि.मा.वि. हिवल्चामा अध्ययन गरेको र त्यहाँ कक्षा ७ सम्म मात्र भएका कारण पुनः उनी ८ देखि एस.एल.सी.सम्म अध्ययनका लागि श्री सिद्ध जनता मा.वि. श्रीगाउँमा नै फर्केको देखिन्छ । यसपछि भने उनी शिक्षा आर्जनका क्रममा अन्य ठाउँमा पुगेको देखिन्छ ।

परिवारमा एक मात्र छोरा भएका कारण उनको बाल्यकाल रमाइलै थियो । बाल्यकालमा उनको स्वभाव शान्त, सालिन र रसिक भएको उनका पिता पवित्रराज न्यौपाने बताउँछन् । अन्य बहिनीहरू भवानी, सुशीला र इन्दिरालाई अत्यन्त माया गर्ने रमेशले गाउँले जीवनको प्रत्यक्ष अनुभूति गर्ने मौका पाएका थिए । यसैले उनका रचनाहरूमा ग्रामीण परिवेश निकै सशक्त भएर आएको पाइन्छ ।

यसरी एक दाइ, तीन बहिनी र आमा-बुबा गरी ६ जनाको मध्यम परिवारमा सल्बलाएको देखिन्छ रमेशको पारिवारिक पृष्ठभूमि ।

### ३.१.२. रमेश क्षितिजको बाल्यकालः

बाल्यकालमा रमेश शान्त स्वभावका थिए । उनले कसैसँग त्यस्तो उल्लेखनीय झैं-झगडाको घटना घटाएको देखिदैन । पढाइमा राम्रो भएका कारण उनी गुरूहरूका प्यारा थिए । बुबा-आमा तथा बहिनीहरूका त त्यसै प्यारा । सृजनशील स्वभावका कारण उनलाई बुबा र गुरूहरूले प्रेरणा दिएको देखिन्छ । यस सन्दर्भमा उनले पहाडी जन-जीवनको राम्रो अनुभूति गर्न पाए । प्राकृतिक वातावरणले बाल्यकालमा पारेको प्रभाव हाल आएर उनका सृजनामा छचल्किएको देखिन्छ । कप्तान बाका लडाइका कथा समेत उनले सृजनामा व्यक्त गर्छन् सामाजिक भोगाइका उपजका रूपमा । एउटा शैक्षिक वातावरण भएको परिवारमा हुर्केका कारण रमेशको बाल्यकाल सुखद र सौभाग्यशाली थियो ।

### ३.१.३. शिक्षा दीक्षाः-

अनौपचारिकरूपमा घरमा नै सामान्य शिक्षारम्भ गरेका रमेशले औपचारिक शिक्षा वि.सं. २०३१ सालदेखि श्री सिद्ध जनता मा.वि. श्रीगाउँ दाङमा आरम्भ गरेको देखिन्छ । पढाइमा राम्रा भएकाले उनलाई साथीहरू तथा गुरूहरूले राम्रो व्यवहार गर्थे । उनी कक्षाका राम्रा विद्यार्थी भएकाले पनि उनको कसैसँग झै-झगडा गर्ने र फाल्तु कुरा गरी दिन विताउने बानी थिएन भन्ने कुरा प्रष्ट हुन्छ । कक्षा १ देखि कक्षा पाँचसम्मको औपचारिक शिक्षा उनको त्यही विद्यालयमा सु-सम्पन्न भयो । पछि कक्षा ६ मा भने उनको परिवार सल्यान बस्नुपर्ने भएको कारण उनी पनि सल्यान जिल्लाकै महेन्द्र रत्न नि.मा.वि. हिवल्चामा जानुपर्ने भयो । त्यहाँ पनि उनको कक्षा क्रियाकलाप राम्रो रह्यो । यसका साथै पहाडी मनोरम वातावरण तथा गाउँले निश्छल परिवेशले उनको सृजनशील व्यक्तित्वमा मलजल पुऱ्यायो । बुबाको प्रेरणा र गुरूहरूको उर्जाले उनको साहित्यिक व्यक्तित्व प्रस्फुटन हुन  थाल्यो । उनलाई चियाइरहेका डाँडाकाँडाले, कलकल बग्ने खोलानालाले मुस्कुराहट दिने हिमश्रङ्खलाले र ताल तलाउका साथै वनजङ्गलले पनि घचघच्याउन थाले । उता कप्तान बाका कथा त धेरै चाख मानेर सुन्थे उनी । त्यसैले उनले विद्यालय स्तरमै कविता तथा गीतहरू लेख्न थाले । सृजनाको तोते बोली विस्तारै बोल्न शुरू गरे उनले । उनको पहाडी परिवेशको विद्यालय शिक्षा कक्षा सात सम्म मात्र सीमित भयो । किनकि त्यहाँ कक्षा आठ थिएन । उनी पुनः झरे दाङ्गतिर पुरानै ठाउँमा ।

कक्षा आठ देखि कक्षा दश सम्मनै उनको औपचारिक शिक्षा यात्रा पुरानै विद्यालय श्री सिद्ध जनता मा.वि. श्रीगाउँमा भएको देखिन्छ । यस क्रममा उनले सल्यानी परिवेश र दङ्गाली परिवेशको गहिरो अध्ययन गरिरहेका देखिन्छन् । उनको पढाई राम्रो हुनुका साथै लेखन शैली पनि कलात्मक थियो । उनी लेखाइमा कक्षाका उदाहरण नै बन्ने गर्थे । यसै क्रममा उनले उनका नेपाली विषयका गुरू लीलाबहादुर डाँगीलाई सम्झन्छन् । जसले कक्षामा उनको उत्तरपुस्तिका उदाहरणका रूपमा देखाउने र वाचन समेत गर्न लगाउँथे । उनै लीला सर र हेडसर भीष्मबहादुर के.सी.लाई उनी प्रेरणाका स्रोत सम्झन्छन् । विद्यालय स्तरका साहित्यिक गतिविधिमा उनी अगाडि हुन्थे । उनले त्यतिखेर नै कविता, गीत र निबन्ध लेखनबाट पुरस्कार समेत पाउँथे । उनले वि.सं. २०४१ सालको शिक्षा दिवसमा आफ्नो विद्यालय स्तरको कविता प्रतियोगितामा प्रथम पुरस्कार पाएको देखिन्छ । यसैगरी वि.सं. २०४२ मा नेपाल रेडक्रसद्वारा आयोजित जिल्ला स्तरीय

निबन्ध प्रतियोगितामा प्रथम पुरस्कार पनि उनले नै पाएको देखिन्छ । यी र यस्तै यात्रा क्रममा उनको विद्यालय शिक्षा चल्यो । यसै क्रममा उनले वि.सं. २०४३ सालमा उक्त विद्यालयबाट एस.एल.सी. परीक्षा दिए र उत्तीर्ण भई उच्च शिक्षाको दैलो घच्घच्याउने मार्ग प्रशस्त गरे ।

उनको उच्च शिक्षाको यात्रा नेपाल ल क्याम्पस प्रदर्शनीमार्ग काठमाण्डौंबाट शुरू भयो । त्यहाँ उनी कानूनका विद्यार्थी बने । उनले त्यसै क्रममा थुप्रै साहित्यिक वातावरणसँग घुलमिल हुन पनि पाए । उनको सृजनशील स्वभावले त्यहाँ मौलाउने सुअवसर पनि पायो । फलस्वरूप विभिन्न पत्र-पत्रिकामा उनका कविता, गीत, गजल, निबन्ध तथा कथा समेत छापिन थाले । उनका थुप्रै कवि तथा साहित्यकार साथीहरू भए । यसै क्रममा उनका प्रेरणा स्रोत भए कवि मञ्जुल, तुलसी दिवस आदि । सहपाठी भए युवराज नयाँघरे, भीष्म उप्रेती, प्रकाश सायमी, राजेश पायल राई, रामकृष्ण ढकाल, नेत्र एटम, मधुसूदन गिरी, दिनेश अधिकारी आदि । उनी कविका रूपमा मात्र हैन गीतकारका रूपमा तथा कथाकारका रूपमा पनि स्थापित भए । उनले वि.सं. २०४५ मा नेपाल ल क्याम्पसद्वारा आयोजित क्याम्पसस्तरीय कविता प्रतियोगितामा प्रथम पुरस्कार पाएका देखिन्छन् । अध्ययनकै क्रममा उनले अन्य राष्ट्रिय स्तरका उत्कृष्ट पुरस्कार पाए र स्थापित साहित्यकार बने । उनले सोही क्याम्पसबाट नै कानूनमा स्नातकोत्तर (एल.एल.एम.) सम्मको शिक्षा आर्जन गरे ।

यसरी उनको उच्च शिक्षाको यात्रा पनि साहित्यिक परिवेशको वरिपरिनै फनफनी घुमेको देखिन्छ । एकातिर कानूनको विद्यार्थी, अर्कातिर साहित्यको यात्री सँगसँगै दुई जिन्दगी बोक्न उनी सफल देखिन्छन् ।

### ३.१.४. विवाह र दाम्पत्य जीवनः

सुशिक्षित परिवारमा जन्मिएकाले रमेश क्षितिजलाई त्यति चाँडै विवाह गर्नुपर्ने बाध्यता पनि भएन । आफ्नो औपचारिक शिक्षा पूरा गरेर उनी वि.सं. २०५६ सालमा दाङ जिल्ला हापुर गा.वि.स. वडा नं. ८ बस्ने श्री नारायणप्रसाद गौतम तथा श्रीमती शिवादेवी गौतमकी सुपुत्री निर्मला शर्मासँग विवाह बन्धनमा बाँधिए । उनको विवाह परम्परागत मागी विवाह थियो । उनकी जीवन सङ्गिनी निर्मला पनि सो अवधिमा त्रि.वि.मा नेपाली विषयबाट स्नातकोत्तर अध्ययनरत थिइन् । हाल उनी अध्ययन पूरा गरी शिक्षण पेशामा संलग्न छिन् । पति निजामति सेवाको उपसचिव पदमा सेवारत तथा पत्नी पनि शिक्षण पेशामा

संलग्न भएका कारण उनी हाल आर्थिक रूपमा पनि परिवार चलाउन सहज अवस्थामा देखिन्छन् । उनी दुई दम्पत्तिबाट हाल दुई छोरीको जन्म भएको छ । जेठी छोरी अभिज्ञा कक्षा २ मा अध्ययनरत छिन् भने कान्छी छोरी हालै २०६७ वैशाखमा जन्मिएकी हुन् । उनको दाम्पत्य जीवन पनि सबल देखिन्छ ।

### ३.१.५. पारिवारिक अवस्थाः-

क्षितिजको परिवार शिक्षित भएको हुनाले पारिवारिक अवस्था पनि राम्रो छ । उनका बुबा पवित्रराज न्यौपाने तथा आमा विमला स्वस्थ भएकाले पनि उनलाई त्यस्तो मानसिक तनाव देखिदैन । उनका तीनवटी बहिनीहरूको विवाह भएर पराइ घरमा गैसकेकाले उनको परिवारमा हाल बुबा, आमा, उनी, उनकी पत्नी र दुई छोरी गरी ६ जना भएको देखिन्छ । उनकी पत्नी निर्मलाको शिक्षण सेवा काठमाण्डौंमा नै भएकाले हाल सबै परिवारको बसाइँ काठमाण्डौ मै छ । दुई छोरी सो परिवारका अमूल्य रत्न भएका छन् । समग्रमा परिवार सुखी छ ।

### ३.१.६. आर्थिक अवस्थाः-

पुर्ख्यौली सम्पत्ति राम्रै भएका कारण उनको आर्थिक अवस्था राम्रो नै देखिन्छ । उनका पुर्खाको सल्यानका साथै दाङ जिल्लाका विभिन्न ठाउँमा विर्ता जग्गा जमिन भएको कुरा उनका पिता बताउँछन् । उनका बाजे लोकराज उपाध्याय सल्यानका साथै दाङमा पनि परिचित थिए । हाल पनि उनको परिवारका दाङ जिल्लाको हेकुली गा.वि.स., मिरौली तथा उरहरी गा.वि.स. को वेलगनारमा जग्गा जमिन भएको तथा तुलसीपुर नगरपालिका वडा नं. ६ घोराही रोडमा उनको घर भएको देखिन्छ । काठमाडौंमा भने यो परिवारको बसाइँ हाल डेरामा नै भएको देखिन्छ ।

पुर्ख्यौली सम्पत्तिका साथै उनको जागिर पनि उपसचिव तहको भएको तथा पत्नी निर्मलाको पनि शिक्षण पेशा भएकाले हाल उनलाई जीवन धान्न आम नेपालीको तुलनामा सहज छ । उता बुबा-आमा पनि राम्रै अवस्थामा भएको तथा छोरीहरू पनि सानै भएकाले पढाई खर्च पनि त्यति नलाग्ने देखिन्छ । जसका कारण आम्दानीको सबै अंश खर्च हुने अवस्था देखिदैन । समग्रमा यो परिवारको आर्थिक अवस्था राम्रै छ ।

### ३.१.७. संस्थागत संलग्नताः-

उनी एक सृजनशील तथा सकृय व्यक्ति भएकाले विभिन्न संस्थामा उनको औपचारिक तथा अनौपचारिक संलग्नता देखिन्छ । उनले अध्ययन कार्यकैबीचमा महेन्द्र नि.मा.वि. हिवल्चामा वि.सं.२०४२-४३ र २०४५-४६ गरी दुई पटक शिक्षक पदमा रही सेवा गरेका थिए यसैगरी युवराज नयाँघरे, वसन्तप्रसाद उपाध्याय, गोकुल अधिकारी तथा उनी मिलेर वि.सं.२०४८-४९ मा उद्गार साहित्य समाज गठन गरी विभिन्न साहित्यिक गोष्ठी तथा कार्यहरू सञ्चालन गरेको पाइन्छ । उनी मध्य पश्चिम साहित्य परिषदमा पनि २०५७ श्रावणदेखि तीन वर्ष कार्य समितिमा बसी काम गरेका थिए । यसका साथै उनले मध्यपश्चिमको साहित्यलाई राष्ट्रिय स्तरमा परिचित गराउने उद्देश्यले वि.सं.२०५० मा सञ्चिता पत्रिकाको सम्पादन गरेका थिए ।

विभिन्न साहित्यिक प्रतियोगितामा मूल्याङ्कन समितिमा समेत संलग्न उनले देशका विभिन्न भागमा भएका साहित्यिक कार्यक्रम गोष्ठीहरूमा संलग्नता देखाएको देखिन्छ । भारत, थाइल्याण्ड, जापान, डेनमार्क, स्वीडेन, नर्वे, जर्मनी लगायतका मुलुकहरूको भ्रमण र नेपाली साहित्यिलाई विश्व समुदायमा परिचित गराउन तथा प्रसार गर्न विभिन्न कार्यक्रम तथा गोष्ठीमा सहभागी हुनुका साथै कार्यपत्रहरू पनि उनले प्रस्तुत गरेको देखिन्छ । हाल उनी निजामति सेवाको उपसचिव तहमा सेवारत छन् ।

### ३.१.८. बसाइँ सराइ :-

पुर्ख्यौली घर सल्यान जिल्ला हिवल्चा गा.वि.स.वडा नं.४ भएका क्षितिजको बसाइँ भने बाल्यकालका धेरै वर्ष दाङमा भयो । उनको अँझै पनि औपचारिक बसाइँ सराइ अन्यत्र छैन । सल्यानलाई नै स्थायी ठेगानाका रूपमा प्रयोग गर्दै आएका उनले विशेष चाडबाडमा बस्ने घर दाङ जिल्ला तुलसीपुर नगरपालिका वडा नं.६ घोराही रोडमा बनाएका छन् । उच्च शिक्षा आर्जन गर्न आएको काठमाडौंको अस्थायी बसाइँ हाल पनि कायमै छ । परिवारका सबै सदस्य धेरै समय काठमाडौंमा नै हुन्छन् भने क्षितिज अहिले सरकारी सेवामा स्थानीय विकास अधिकारी भई रोल्पामा बस्नु परेको छ । यसरी हेर्दा उनको बसाइँ अलि घुमन्ते हुन पुगेको देखिन्छ । फरक-फरक परिवेशमा बस्दा उनलाई त्यहाँको प्राकृतिक र सामाजिक वातावरणको फरक महसुसले सृजनामा नवीनता थप्न सघाएको देखिन्छ ।

### ३.१.९. सम्मान र पुरस्कार :-

विद्यालय उमेरमा नै सृजनशील क्षमताले ओतप्रोत उनको व्यक्तित्वमा उनका पिता तथा गुरूहरूको प्रेरणाले झनै निखारता ल्याई रहेको देखिन्छ । फलस्वरूप उनले विद्यालयमा पढ्दा विभिन्न शीर्षकमा कविता, गीत, निबन्धहरू लेख्ने र गुरूहरू एवम् साथीहरूलाई सुनाउने तथा पुरस्कार स्वरूप स्यावासी पाउने गरे । विद्यालयमा सञ्चालन हुने अतिरिक्त कृयाकलापमा सकृय सहभागिता जनाउने क्षितिज वि.सं.२०४१ मा श्री सिद्ध जनता मा.वि.श्रीगाउँको आयोजनामा दशौं शिक्षा दिवसको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा प्रथम भई पुरस्कार पाएको देखिन्छ । यसै गरी वि.सं.२०४२ मा नेपाल रेडक्रस सोसाइटिद्वारा आयोजित जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा पनि उनी प्रथम पुरस्कार हात पार्न सफल देखिन्छन् ।

उच्च शिक्षा अध्ययनको क्रममा उनको सम्मान र पुरस्कार झन बढेको देखिन्छ । वि.सं.२०४५ मा नेपाल ल क्याम्पसद्वारा आयोजित क्याम्पस स्तरीय कविता प्रतियोगितामा उनले प्रथम पुरस्कार प्राप्त गरे । कविता प्रतियोगितामै उनले वि.सं.२०४९ मा बी.बी.सी. नेपाली सेवाद्वारा युवा उत्सवको सन्दर्भमा आयोजित प्रतियोगितामा ‘यो जोसँग सम्बन्धित छ’ कविताका लागि द्वितीय पुरस्कार पाए । वि.सं.२०५० मा नेपाल वित्तीय संस्था कार्मचारी संघद्वारा आयोजित कवि गोष्ठीमा ‘विसङ्गत’ शीर्षकको कविताका लागि द्वितीय पुरस्कार पाएका क्षितिज सोही सालमा रेडियो नेपालद्वारा आयोजित बाल गीत प्रतियोगितामा उत्कृष्ट रचनाकार घोषित भए । यसै गरी वि.सं.२०५० मै उनी रेडियो नेपालद्वारा आयोजित प्रतियोगितात्मक शास्त्रीय तथा आधुनिक सङ्गीत सम्मेलनमा आधुनिक गीत लेखनका लागि उत्कृष्ट गीतकार घोषित भएको देखिन्छ ।

वि.सं.२०५१ मा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता ‘महोत्सवमा शिविरबाट फर्के पछि’ कविताका लागि उनले प्रथम पुरस्कार प्राप्त गर्न सफल भए । यो उनको आधुनिक नेपाली कविता यात्राको सफलताको ऐतिहासिक योगदानको कदर थियो । वि.सं.२०५५ वैशाख १ गते शब्दघरको सर्वेक्षण अनुरूप कविता लेखनमा सकृय ४० वर्ष मुनिका उत्कृष्ट कविमा परेकोले साहित्य सञ्चारका लागि कार्यरत समूह शब्द घरको तर्फबाट प्रशंसापत्र सहित उनलाई सम्मान गरेको देखिन्छ । उनलाई वि.सं.२०५७ मा आधुनिक तर्फ म्युजिक नेपाल पुरस्कारबाट पुरस्कृत गीति एल्वम ‘आरोह’ मा समावेश रचनाको लागि

म्युजिक नेपाल सम्मान २०५७ द्वारा सम्मानित गरियो भने वि.सं.२०५८ मा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित गुरूप्रसाद मैनाली स्मृति कथा प्रतियोगितामा उनको 'नमस्ते लुम्बिनी' कथाका लागि द्वितीय पुरस्कार उनलाई प्रदान गरियो । जसबाट उनको कथाकार व्यक्तित्व पनि उच्च भएको पुष्टि हुन्छ ।

वि.सं.२०६० मा शिक्षा तथा खेलकुद मन्त्रालयबाट शिक्षा तथा खेलकुद क्षेत्रमा प्रशंसनीय काम गरेवापत शिक्षा दिवस २०६० को उपलक्ष्यमा शिक्षा पदकद्वारा उनलाई सम्मान गरेको देखिन्छ । साथै जापानको- Nara prefecture Government बाट ऐतिहासिक तथा संस्कृतिक सहर नारा र नेपाल बीच आपसी सहयोग र समझदारी अभिवृद्धिको योगदानका लागि ५ वर्षको कार्यावधि सहित सन् २०१० डिसेम्बर सम्मका लागि सद्भावना राजदूत नियुक्त गरी सम्मान प्रकट गरिएको देखिन्छ । उनलाई दिइएका यी सम्मान र पुरस्कारले उनको नेपाली साहित्यमा योगदान उल्लेखनिय भएको देखिन्छ ।

## ३.१.१०. प्रेरणा र प्रभाव :-

प्रेरणाले सर्जकलाई उत्साहित गराउँछ । केही गरौं भन्ने भावनालाई घच्चघच्याइदिने भएकाले प्रेरणाका कारण सृजनशील व्यक्तित्वमा झनै निखार आउँछ । यतिमात्र हैन कुनै स्रष्टाको सृजनामा समाज, प्राकृतिक वातावरण, पारिवारिक अवस्था तथा अग्रज व्यक्तित्वको प्रभावले कतै न कतै सकृय वा निश्कृय रूपमा डेरा जमाएकै हुन्छ । यसै क्रममा साहित्यकार रमेश क्षितिजको साहित्यिक व्यक्तित्वलाई उजिल्याउन पहिलो प्रेरणाको स्रोत उनकै पिता भएको उनी बताउँछन् । पिता पवित्रराज पढेलेखेका भएका कारण उनलाई बाल्यकालमा नै कविता, गीत आदि लेख्न प्रेरित गरेको देखिन्छ । उनले लेखेका रचनाहरूलाई हेरी पिता पवित्रराजले अँझै राम्रो गर्न हौस्याउनुका साथै राम्रा रचना देख्दा स्यावासी पनि दिन्थे । यो बाट क्षितिज झनै लेख्न उत्साहति हुन्थे ।

विद्यालयमा उनका प्रेरणाका स्रोत थिए । उनकै नेपाली विषय पढाउने गुरू लीलाबहादुर डाँगी । डाँगीले उनलाई यति सम्म उत्साह दिन्थे कि उनले लेखेको उत्तरपुस्तिका समेत कक्षामा अरूलाई नमूनाका रूपमा सुनाइन्थ्यो । उनै लीलासरको व्यक्तित्वको प्रभाव उनको जीवनमा परेको उनी ठान्छन् । लीला सरकै प्रेरणाले यतिसम्म गर्न सकिएको उनी ठान्छन् । यसका साथै विद्यालयका प्र.अ. भीष्मबहादुर के.सी. पनि उनका प्रेरक व्यक्ति थिए । उनको मेहनत देखेर उनीदेखि

ज्यादै प्रभावित थिए क्षितिज । के.सी. अहिले पनि दाङ्गकै प्रतिष्ठित शिक्षक मानिन्छन् ।

क्षितिजका रचनारूमा पहाडी जनजीवनको राम्रो प्रभाव पाइन्छ । उनका रचना गाउँले जीवन भोगाइका सरेरोफेरोमा फनफनी घुमेका हुन्छन् । यति मात्र होइन उनका रचनाहरूमा प्रकृति विभिन्न रूपमा सल्वलाएर आएको हुन्छ । गास, वास, कपासका साथै पछौटेपनका छट्पटिको प्रभावमा उनले रचनालाई उत्कृष्टता दिएका छन् । गाउँले सामाजिक वातावरण तथा प्राकृतिक वातावरणका प्रभावमा उनका अधिकांश रचना उत्कृष्ट भएकाछन् । यसका साथै उनीले आफ्ना समकालीन साथीहरू, घर-परिवारका सदस्यहरू तथा अन्य अग्रज स्रष्टाहरूको प्रेरणा र प्रभाव आफूमा परेको ठान्छन् ।

## ३.२. व्यक्तित्वः-

### ३.२.१. शारीरिक व्यक्तित्वः-

शारीरिक संरचनाको पनि व्यक्तित्वमा प्रभावपार्न उल्लेख्य भूमिका हुन्छ । शारीरिक संरचना आकर्षक छ भने त्यस्तो मान्छे धेरैको प्यारो हुन्छ । यति हुँदाहुँदै पनि शारीरिक संरचनानै सम्पूर्ण व्यक्तित्व होइन । यो त एउटा परिपूरक मात्र हो, सुनमा सुगन्ध जस्तै क्षितिजको शारीरिक व्यक्तित्व पनि राम्रो छ । न त्यति उचाई न त्यति होचाइ भएका क्षितिज ज्यादा मोटा र ज्यादा पातला पनि छैनन् । यसो हेर्दा नेपाली नै हुन् भनी चिनिने उनको शारीरिक संरचना छ । हँसिलो अनुहारमा रहिरहने क्षितिज तनावमा छन जस्तो कहिले पनि लाग्दैनन् । हल्का आकारका जुँगामा सजिन मन पराउने क्षितिजको कपाल पनि ज्यादा लामो या ज्यादा छोटो हुँदैन । शरीरको राम्रै ख्याल गर्छन् उनी । विहान समयमा नै उठ्ने तथ भ्याएसम्म समयमा नै खाना खाने उनको बानी छ । जसका कारण उनको शारीरिक व्यक्तित्वमा सदावहार छाउन सकेको छ । ज्यादै मैला कपडा नलगाउने उनी कपडाको सर सफाइमा निकै ध्यान दिन्छन् । शारीरिक व्यक्तित्वलाई अझै उजिल्याउने काम कपडाले गर्छ भन्ने कुरामा उनी सजग देखिन्छन् । बोल्दा मुस्कुराएर मात्र बोल्ने उनी शारीरिक रूपमा पनि सबल छन् ।

**३.२.२.स्वाभाव :-**

प्रकृतिका हरेक सृजनामा अनेकता छ । यसैकारण मानव स्वाभाव पनि कोही कसैसँग मिल्दैन । यही स्वाभावले नै मान्छे असल वा खराब के हो ? चिन्न मद्दत गर्छ । शिक्षाशास्त्रमा यसलाई व्यक्तिगत भिन्नता भनेर परिभाषित गरिएको छ । केही कुरा मिल्न गए पनि धेरै जसो कुरा नमिल्दा मान्छेको स्वाभाव व्यक्तिपिच्छे फरक मानिन्छ । यही स्वाभाव-स्वाभावको टकरावमा कति घर लथालिङ्ग भएका छन् । सबै दुनियाँ नै स्वाभावकै कारण अशान्त बन्न सक्छ भने यही स्वाभाव-स्वाभावको मेलले कति घर संसार बन्न सकेका हुन्छन् । यसरी स्वाभाव व्यक्तित्व पहिचानको एक उल्लेख्य अंश हो ।

क्षितिजको पनि आफ्नै खालको स्वाभाव छ । उनको स्वाभावकै कारण उनीदेखि धेरै व्यक्ति नजिक छन् । बाल्यकालमा उनी शान्त स्वाभावका थिए भनी उनका पिता बताउँछन् । उनले अरूसँग झगडा गर्नुको साटो अरूले निहुँ खोज्दा चुप लाग्थे । कम बोल्थे तर आवश्यक कुरा निर्भिकता साथ राख्थे भनी उनकी माता बताउँछिन । बहिनीहरूलाई औधी माया गर्ने उनी कसैसँग जिस्केर समय खेर फाल्दैनथे । खेल्नमा कम रूचि भएका उनले पढ्नमा भने धेरै रूचि राख्थे भनी परिवार स्रोतले जानकारी दिन्छ ।

ठूलो भएपछि उनले थुप्रै साथी बनाए । यो पनि उनको स्वाभावकै कारण थियो । निबन्धकार युवराज नयाँघरे र कवि भीष्म उप्रेतीका अनुसार क्षितिज ज्यादै मिलनसार स्वाभावका व्यक्ति हुन् । उनले मनमा भएका कुरा हत्पति खोल्दैनन् आत्मीय साथीसँग भने मन माझेर कुरा गर्छन् । स्वाभिमानमा विश्वास गर्ने क्षितिज अर्कालाई अनावश्यक चाकडी गर्न रूचि राख्दैनन् । उनी कर्ममा विश्वास गर्छन् । अर्काको आशामा बाँच्न चाहन्नन् ।

अरूसँग प्रस्तुत हुँदा विनम्रताका साथ प्रस्तुत हुन्छन् । उनको स्वाभावले घमण्ड देखाउन चाहन्न तर कसैले होच्यायो भने त्यसका विरूद्ध जाइलाग्न भने उनी पछि पर्दैनन् । अर्काको आशामा नबाँच्ने उनी आफ्नो काम आफै गर्छन् । खानामा सामान्य आहर-विहार नै गर्छन् भने घुम्नमा उनी रूचि राख्छन् । असल स्वाभावकै कारण उनी आफ्ना कार्यालयमा पनि सहकर्मीहरूका प्यारा छन् ।

### ३.२.३. शैक्षिक व्यक्तित्वः-

शिक्षा नै मानिसलाई सुमार्गमा डोऱ्याउने माध्यम हो । जसलाई तेस्रो आँखा मानिन्छ । जन्मेदेखि बाँचुन्जेल सधैँ शिक्षा आर्जनको क्रम चलिरहने मानव जीवनमा शिक्षाको महत्व अपरिहार्य छ । साहित्यकार क्षितिज पनि शिक्षाको महत्वलाई अत्यन्त ठूलो ठान्छन् । शैक्षिक योग्यता बिना जीवन अपूर्ण उनी ठान्छन् । सफल जीवनका लागि शैक्षिक योग्यता अनिवार्य ठान्ने उनी केही समय शिक्षण पेसामा पनि संलग्न रहे । पहिलो पटक २०४२-४३ मा उनी महेन्द्र नि.मा.वि. हिवल्चामा शिक्षण गर्न पुगे । यसपछि उनले पढाइलाई निरन्तरता दिए । फेरी दोस्रो पटक पनि वि.सं. २०४५-४६ मा सोही विद्यालयमा केही समय शिक्षक पदमा रही उनले सेवा गरे ।

यसरी दुई पटक थोरै समयका लागि शिक्षक भए पनि उनीले शिक्षण पेसालाई महान र पवित्र सेवामूलक पेसा ठान्छन् । शिक्षण पेसामा राजनीतिले नराम्रो प्रभाव पारेको ठान्ने उनी यो पेसामा देशका स्तरीय जनशक्ति आउनुपर्ने ठान्छन् । शिक्षण गर्दा पनि उनी आदर्शका पात्र नै रहेका देखिन्छन् ।

### ३.२.४ साहित्यिक व्यक्तित्वः-

साहित्यमा आफ्नो पहिचान बनाइसकेका क्षितिज नेपाली साहित्यमा विशेषगरी वि.सं. २०५० को दशकका एक सशक्त स्रष्टाका रूपमा उदाए । उनले त्यही समयमा राष्ट्रिय स्तरका उल्लेखनीय पुरस्कारहरू पनि हात पार्न सफल भए । उनी युवाकालमै चर्चाको शिखरमा पुग्न सफल साहित्यकार हुन् । उनी मूलतः कवि, गीतकार र कथाकार हुन् । उनी जति कवितामा सफल भए त्यतिनै गीतमा र कथामा पनि सफल देखिन्छन् । थोरै मात्रामा निबन्धकारका रूपमा पनि उनको चर्चा गर्न सकिन्छ ।

### ३.२.४.१. कवि क्षितिजः-

क्षितिजको कवि व्यक्तित्व बाल्यकाल देखिनै मौलाउन थालेको देखिन्छ । विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा उनी सकृय सहभागिता जनाउँथे । यसै क्रममा उनले विद्यालय, क्याम्पस र राष्ट्रियस्तरमा समेत प्रथम पुरस्कार पाउन सक्ने सामर्थ्यवान कविता पस्किएका छन् । उनका कविताले गाउँले जन-जीवनदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका समस्यालाई उजागर गरेका

छन् । बिम्ब र प्रतीकका माध्यमबाट विभिन्न विषयवस्तुको उठान गरी तीखो व्यङ्ग्य सम्म हान्न उनी पछि परेका देखिदैनन् ।

मूलतः गद्यशैलीका कविता कोर्ने कवि क्षितिजले थुप्रै पत्र-पत्रिकाहरूमा आफ्ना विभिन्न शीर्षकका कविता प्रकाशन गराउनुका साथै सङ्गहका रूपमा उनले २०५७ सालमा 'अर्को साँझ पर्खेर साँझमा' कविता संग्रह प्रकाशनमा ल्याएका छन् । यसैगरी उनले एउटा संग्रह प्रकाशनमा ल्याउने तयारी गरेको देखिन्छ ।

## ३.२.४.२. गीतकार क्षितिजः-

गद्य शैलीमा कविता लेख्ने क्षितिज पद्य शैलीमा गीत लेख्न पनि उत्तिकै सफल देखिन्छन् । उनका गीतले पहाड, हिमाल, तराई सबै ठाउँमा सञ्चारका माध्यम मार्फत गुञ्जन पाएका छन् । रेडियो नेपालको प्रतियोगितात्मक आधुनिक गीत सम्मेलनमा उत्कृष्ट गीतकार (आधुनिक र बाल) समेत घोषित क्षितिजका गीतले नेपालका उत्कृष्ट सङ्गीतकार आलोकश्री, गणेश पराजुली, गोपाल योञ्जन, टीका भण्डारी, दिनेश सुब्बा, न्ह्यू बज्राचार्य, नातिकाजी, नारायण ओली, नारायण रायमाझी, प्रवीण रसाइली, पारस मुकारूङ, भरत लामा, राजु सिंह, वसन्त मुकारूङ, शक्ति वल्लभ, शान्तिराम राई, शीलावहादुर मुक्तान, सुवर्ण लिम्बूका सङ्गीतले सजिन पाउनुका साथै नेपालका उल्लेखनीय गायक ईश्वर अमात्य, उदितनारायण, केशव उप्रेती, गणेश पुन, जगदीश समाल, नरेन्द्र प्यासी, पवित्रा सुब्बा, पूर्ण गुरूङ, पेमा लामा, फत्तेमान, भीषण मुकारूङ, यसोदा पराजुली, राजेशपायल राई, रामकृष्ण ढकाल, रूपक डोटेल, वसन्त लम्साल, शम्भु राई, शिशिर योगी, सुनीता सुब्बा, सुरेश अधिकारी लगायतका स्वरले श्रोतामाझ प्रवेश पाएका छन् । उनको पहिलो रेकर्ड भएको गीत 'तिर्खाएको काकाकुल सरी भएँ' (२०४७) हो । उनका गीतहरू पत्र-पत्रिकामा प्रकाशन हुनुका साथै वि.सं. २०६३ मा 'आफैँ-आफ्नो साथी भएँ' गीति संग्रहमा समावेश गरिएका छन् । यस संग्रहमा उनका रेकर्ड भएका र नभएका गरी जम्मा ८८ वटा गीतहरू संग्रहित छन् । यसबाट उनको कवि व्यक्तित्वको उचाइ थाहा पाउन सकिन्छ ।

### ३.२.४.३. कथाकार क्षितिजः-

रमेश क्षितिज गैर आख्यान मात्र होइन आख्यानमा पनि कलम चलाउन सक्ने स्रष्टा हुन् । उनको कथाकार व्यक्तित्व सशक्त भएको चर्चा उनको बारेमा गरिएका कुराकानीका क्रममा निबन्धकार युवराज नयाँघरे, कवि भीष्म उप्रेती र साहित्यकार नेत्र एटमले गर्न छुटाएका छैनन् । यी साहित्यकारहरूले उनलाई कथासंग्रह चाँडै प्रकाशनमा आओस भनी शुभकामना समेत दिएका छन् । यो प्रसङ्गबाट उनको काथाकार व्यक्तित्वको पहिचान हुन्छ । यसैगरी उनले वि.सं. २०५८ मा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित गुरूप्रसाद मैनाली स्मृति कथा प्रतियोगितामा 'नमस्ते लुम्बिनी' कथाका लागि द्वितिय पुरस्कार पाएबाट पनि उनको कथाकार व्यक्तित्वको पहिचान पाउन सकिन्छ । विभिन्न समयमा मधुपर्क, गरिमा, मिर्मिरे आदि पत्रिकाहरूमा उनका कथाहरू प्रकाशन भएका देखिन्छन् भने हाल उनी एउटा कथासंग्रह प्रकाशनमा ल्याउने तयारीमा जुटेका पनि देखिन्छन् ।

### ३.२.४.४. निबन्धाकार क्षितिजः-

क्षितिजले पछिल्लो समयमा आएर खासै निबन्ध लेखेको देखिदैन । यति हुँदाहुँदै पनि उनको निबन्धकार व्यक्तित्वको भने चर्चा गर्नै पर्ने कुराको प्रमाणका रूपमा लिन सकिन्छ , उनले वि.सं. २०४२ मा नेपाल रेडक्रस सोसाइटि दाङ्गद्वारा आयोजित जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा पाएको प्रथम पुरस्कारलाई । यसरी उनी केही हदसम्म निबन्धकार पनि भएको पाउन सकिन्छ ।

### ३.२.५. जीवन दर्शनः-

साहित्यकार क्षितिजको जीवन दर्शनका बारेमा आफ्नै किसिमको दृष्टिकोण छ । उनी जीवनका वस्तुगत सत्यलाई बढी विश्वास गर्छन । वस्तुगत सत्य नै पहिलो सत्य हो भन्ने उनी भावनात्मक सत्यमा पनि विश्वास राख्दछन् । हाम्रो जीवन हामीले सोचेजस्तो छैन । हामीले भागेजस्तो पनि छैन । यही नै सत्य हो भन्ने मान्यता उनको पनि छ । हामीले हाम्रो जीवनमा जे होला भनी कल्पना गरेर बस्छौँ ठीक त्यसको विपरीत यथार्थ हुनपुग्छ । यो जीवन र जगतमा जसले जे भोग्छ त्यसले त्यही अनुसार आफूलाई परिभाषित गर्छ । रातोदिन दुःख पाइरहेको मानिस सुखको कल्पना गर्न सक्तैन किनकि उसका लागि दुःख नै आत्मीय भएको हुन्छ । त्यसैगरी सुखमा मात्र दिन कटाएको मानिसले दुःखको कल्पना गर्दैन किनकि उसका लागि त्यो टाढाको कुरा भयो । आफ्नो भोगाइ जे छ त्यसैका

सेरोफेरोमा हुन्छन् मानिसका इच्छा, आकांक्षा र कल्पना । जीवन सुन्दर छ , बाँच्ने कलाले दुःखलाई पनि सुखमा रूपान्तरण गर्नसक्नु पर्छ, भन्ने उनको मान्यता छ । त्यसर्थ उनका विचारमा मानिसले हाल जे भोगको छ र भोग्न तयार हुन्छ त्यही नै जीवन भएको बुझिन्छ ।

उनका अनुसार हामीले देखे भोगेको मात्र सत्य हुँदाहुँदै पनि नदेखेको नभोगेको कुरा पनि कहिले काहीँ सत्य भएर जीवनमा आउँछ । कहिलेकाहीँ हामीले जीवनम परिकल्पना नगरेको कुरा पनि सत्य भएर आउँछ । कुनै मानिसले कल्पनामा नचिताएको कुरा यथार्थमा भएर आइदिन्छ । यो भावनात्मक सत्य हो । दया माया, खुसी, रिस, आवेग, संवेग, विवेक, सुख-दुःख जस्ता कुरा हामीले देख्न सक्तैनौँ खाली अनुभूति लिन सकेका हुन्छौँ तापनि यी केही नभएको भन्न मिल्दैन । यिनलाई गलत भन्न पनि मिलेन । यसर्थ यी भावनात्मक सत्य हुन् । हामीले हाम्रो आँखाले देख्न नसकिने वस्तु पनि यस संसारमा भावनात्मक सत्यका रूपमा विद्यमान छन् । यसैकारण वस्तुगत सत्यका साथै भावनात्मक सत्यलाई पनि हामीले आत्मसात गर्नुपर्छ ।

यही वस्तुगत सत्य र भावनात्मक सत्य दुबैलाई विषयवस्तु बनाएर साहित्य रचना गरिने कुरा उनी व्यक्त गर्छन् । साहित्य सृजनाका सम्बन्धमा पनि विभिन्न मत-मतान्तर फेला पार्न सकिन्छ । केही स्रष्टा वर्गीय साहित्यको पक्ष-पोषण गरेर सिर्जना गर्छन् । कोही स्रष्टा शाश्वत सत्य साहित्यमा विश्वास गर्छन् । उनका विचारमा साहित्य वर्गीय र शाश्वत भन्दा पनि एउटै प्रकारको हुन्छ । न त्यो वर्गीय साहित्य हो न त्यो शाश्वत साहित्य हो । सच्चा साहित्य उत्तम जनताको साहित्य हो जो जनजीविकाको यथार्थसँग सम्बद्ध हुन्छ । आम जनताको आवाज गुञ्जाउन सक्ने साहित्य नै सशक्त र सर्वप्रिय साहित्य हो । साहित्यले कुनै वर्ग, जातजाति, आस्था, विचार, क्षेत्रसँग एकहोरो टाँसिएर भूमिका खेल्नु हुँदैन भन्ने विचार उनको छ । उनका विचारमा साहित्य समाजको ऐना हो, जसमा कलात्मक भाषामा समाजको यथार्थ प्रस्तुति हुन्छ । विभिन्न शासक वर्गको स्तुतिगान गरिएका साहित्य उनका विचारमा भजन मात्र हो । त्यस्ता साहित्यलाई साहित्य ठानेर मूल्याङ्कन गर्नु साहित्यकै उपहास गर्नु हो ।

यसरी जीवन, जीवनप्रतिको दृष्टिकोण र त्यही जीवन जगतकै बारेमा लेखिने साहित्यका बारेमा साहित्यकार क्षितिजको मान्यता आफ्नै प्रकारको देखिन्छ ।

# चौथो परिच्छेद

## ४. रमेश क्षितिजको साहित्यिक यात्राको अध्ययनः-

### ४.१. क्षितिजको साहित्यिक यात्राको विकासक्रमः-

साहित्यकार रमेश क्षितिजको साहित्यिक यात्रालाई मूलतः अनौपचारिक र औपचारिक गरी दुई खण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ४.१.१. अनौपचारिक साहित्यिक यात्राः-

जन्मले सल्यानी भएका र बाल्यकालका केही वर्ष सल्यानमा बिताएका क्षितिजको स्रजक व्यक्तित्वको आधारशिला त्यहीँको ढुङ्गा, माटो, वन-जङ्गल, खोलानाला र प्राकृतिक वातावरण हो । त्यसैले नै उनलाई कविता लेख्न प्रेरित गऱ्यो । शिक्षा आर्जनका क्रममा उनी दाङ्गमा धेरै बसे । विद्यालयमा उनले कविताहरू लेख्ने र गुरूहरू र साथीलाई सुनाउने गर्थे । उता घरमा पनि बुबा आमालाई उनले कविता सुनाउँथे । बहिनीहरूलाई कविता सुनाएर दङ्गपार्ने उनले बुबा र गुरूहरूको प्रेरणाले साहित्यतिर हात हालेको बताउँछन् । यस क्रममा उनले विद्यालयस्तरका थुप्रै प्रतियोगिताहरूमा सहभागिता जनाएका र पुरस्कारहरू पाएको देखिन्छ । उनले विद्यालय स्तरमा कवितामा प्रथम पुरस्कार पाउनुका साथै निबन्धमा पनि पुरस्कार पाएबाट उनको लेखन यात्रा बाल्यकाल देखि कै हो भन्ने कुरा पुष्टि हुन आउँछ । पढाइमा पनि राम्रो उता सृजनशील क्षमता पनि भएका कारण उनी मान्यजन र गुरूहरूका प्यारा बन्न पुगेका देखिन्छन् । खासै बालसाहित्यका सामग्रीहरू उपलब्ध नहुने त्यस समयमा पाए सम्मका साहित्यिक कृतिहरू उनले हेर्ने गरेको र त्यसैबाट अँझै उत्साहित भएर उनले लेख्ने गरेको देखिन्छ । आजको जस्तो स्थानीय स्तरमा पत्र-पत्रिकाहरू नछापिने त्यो अवस्था भएका कारण उनका थुप्रै कविता तथा निबन्धहरू अप्रकाशित भए । यति हुँदाहुँदै पनि यो अनौपचारिक यात्राकै लेखनको प्रतिफल पछिको प्राप्तिमा परिणत भएको देखिन्छ ।

### ४.१.२. औपचारिक साहित्यिक यात्राः-

क्षितिज उच्च शिक्षा अध्ययनका क्रममा काठमाण्डौंतिर वि.सं. २०४३ मा लाग्छन र नेपाल ल क्याम्पस प्रदर्शनीमार्गमा भर्ना हुन पुग्छन् । उनको यो यात्रामा साहित्य सृजनाले पनि औपचारिकता पाउन थाल्छ । सर्वप्रथम वि.सं.

२०४३ मा गोरखापत्रमा उनको 'आमा' शीर्षकको कविता प्रकाशन हुन पुग्छ । यो नै उनको औपचारिक साहित्यिक यात्राको शुभारम्भ हो । उनले यस कवितामार्फत जन्म दिने आमा तथा नेपाल आमाप्रति असीम श्रद्धाभाव व्यक्त गरेका छन् । यसपछिका समयमा भने उनका कविताहरू गरिमा, मधुपर्क, मिर्मिरे आदि साहित्यिक मासिक पत्रिकाहरू तथा विभिन्न साप्ताहिक र दैनिक पत्रिकाहरूमा प्रकाशन भएका छन् । यसपछि उनी निकै सकृयरूपमा साहित्य सिर्जनामा लागे । उनका कविता मात्र नभई गीत र कथाहरू पनि प्रकाशनमा आउनुका साथै पुरस्कृत पनि भएका छन् । उनका गीतहरू रेकर्ड पनि हुन थाले । उनको साहित्यिक यात्रालाई हामी दुई चरणमा विभाजन गरी हेन सक्छौँ :-

क) वि.सं. २०४३ सालदेखि वि.सं. २०५७ सम्म प्रथम चरण ।

ख) वि.सं. २०५८ सालदेखि हालसम्म द्वितीय चरण ।

### ४.१.२.१. वि.सं.२०४३ सालदेखि वि.सं.२०५७ सम्म प्रथम चरण :-

बाल्यकालदेखि नै साहित्य सिर्जनामा लागेका साहित्यकार क्षितिज गोरखापत्र दैनिक पत्रिकामा 'आमा' शीर्षकको कविता प्रकाशनमा ल्याएर उदाउँछन् । यसपछि उनका कविताहरू गरिमा, मधुपर्क, मिर्मिरे आदि साहित्यिक मासिक तथा विभिन्न साप्ताहिक तथा दैनिक पत्र-पत्रिकाहरूमा प्रकाशन हुन थाल्छन् ।

यसै क्रममा वि.सं.२०४५ सालमा नेपाल ल क्यम्पसद्वारा आयोजित क्याम्पस स्तरीय कविता प्रतियोगितामा उनीले प्रथम पुरस्कार पनि प्राप्त गर्न सफल भए । कविताका साथै उनले यो समयावधिमा गीतहरू पनि लेखेर प्रकाशनमा ल्याउँछन् । वि.सं.२०४७ सालमा उनको पहिलो गीत 'तिर्खाएको काकाकुल सरी भएँ' रेकर्ड हुन पुग्छ । यसपछि उनका थुप्रै गीतहरू पनि रेकर्ड भएका देखिन्छन् । साहित्यकार क्षितिज साहित्यका बहुविधामा कलम चलाउन सक्ने स्रष्टा हुन् । उनले वि.सं.२०४८ मा 'मधुपर्क' मासिक पत्रिकामा यस्तो एउटा यथार्थ शीर्षकको कथा प्रकाशनमा ल्याए । यसैबाट उनी कथा विधामा पनि औचारिकतामा पुगे । उनले थुप्रै कथाहरू पनि यसपछि प्रकाशनमा ल्याएर पाठकसम्म पुऱ्याए । वि.सं.२०४९ मा बि.बि.सि. नेपाली सेवाद्वारा युवा उत्सवको सन्दर्भमा आयोजित प्रतियोगितामा उनको 'यो जोसँग सम्वन्धित छ' शीर्षकको कविताले द्वितीय पुरस्कार पाउन सफल भयो । यसै गरी वि.सं.२०५० सालमा नेपाल वित्तीय संस्था कर्मचारी संघद्वारा आयोजित कवि गोष्ठीमा उनको 'विसङ्गत'

शीर्षकको कविता द्वितीय पुरस्कार पाउन सफल भयो । वि.सं.२०५० मै रेडियो नेपालद्वारा आयोजित प्रतियोगितात्मक शास्त्रीय तथा आधुनिक सङ्गीत सम्मेलनमा उनको 'नमाग मसँग' शीर्षकको गीतले आधुनिक गीत लेखनका लागि उत्कृष्ट गीतकारको सम्मानमा उनलाई पुऱ्यायो ।

उनको 'शिविरबाट फर्केपछि' शीर्षकको कविता वि.सं.२०५१ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सवमा प्रथम हुन सफल भयो । उनको 'नमस्ते लुम्बिनी' शीर्षकको कथा वि.सं.२०५८ मा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित गुरूप्रसाद मैनाली स्मृति कथा प्रतियोगितामा द्वितीय भयो । यो चरणमा साहित्यकार क्षितिजका धेरै कविता प्रकाशनमा आएका, गीतहरू रेकर्ड भएका तथा कथाहरू प्रकाशनमा आउनुका साथै पुरस्कारहरूले समेत सम्मानित देखिन्छन् ।

यस चरणको मुख्य उपलब्धी भनेको कवि क्षितिजको वि.सं.२०५७ सालमा प्रकाशित 'अर्को साँझ पर्खेर साँझमा' शीर्षकको कविता सङ्ग्रह नै हो । यसमा विभिन्न ३७ वटा कविताहरू समावेश छन् । यी मध्ये केही यसपूर्व नै पत्र-पत्रिकाहरूमा प्रकाशनमा आएका र केही अप्रकाशित कविताहरू छन् । यो कृति उनको कविताको प्रथम कृति हो र यो कृतिले कविलाई उत्कृष्ट बनाएको छ । यसमा समावेश गरिएका सबै कविताहरू उत्कृष्ट छन् तथा बेग्ला बेग्लै स्वादका छन् ।

यसरी साहित्यकार क्षितिजको यो प्रथम चरण अत्यन्त कृयाहशील तथा उपलब्धिपूर्ण देखिन्छ । यही चरणमा नै उनी आफूलाई कवि, गीतकार तथा कथाकारका रूपमा स्थापित गर्न सफल भए ।

### ४.१.२.२. वि..सं. २०५८ सालदेखि हालसम्म द्वितीय चरण :-

एउटा कृति प्रकाशनमा ल्याइसकेका साहित्यकार क्षितिज यो चरणमा पनि क्रियाशील नै रहे । आफ्नो जीवन भोगाइको यथार्थले उनलाई साहित्य लेखनमा केही कठिनाई परे पनि उनी दोस्रो कृति दिन र अन्य फुटकर रचना प्रकाशन गर्न सकृय नै रहे । यसै क्रममा वि.सं.२०५८ असारको 'मधुपर्क' पत्रिकाको अङ्कमा 'पिपलको बोट' शीर्षकको कविता छापियो । यसैगरी 'गोरखापत्र' दैनिकको २०५८/४/२७ शनिबार अङ्कमा 'हिउँ छ' शीर्षकको कविता, 'स्पेसटाइम' दैनिकको २०५८/५/९ को अङ्कमा 'महानपीडा' शीर्षकको कविता, 'कोसेली' २०५८/५/९ को अङ्कमा 'साँझपख' शीर्षकको कविता, 'नेपाल' पाक्षिक २०५८ मंसिर १६ को

अङ्कमा 'पुराना मित्रहरू' शीर्षकको कविता, 'गोरखापत्र' २०६१/१/४ को अङ्कमा 'युद्धग्रस्त सहरमा' शीर्षकको कविता, 'नोवेल' साहित्य वार्षिक श्रावण २०६१ मा 'हतियार' शीर्षकको कविता, 'मधुपर्क' २०६१ कार्तिक अङ्कमा 'सालिकहरूका सपना' शीर्षकको कविता, 'सेतोकागज' २०६१ मंसिर १५ को अङ्कमा 'पाण्डुलिपि हराएको दिन' शीर्षकको कविता, 'मधुपर्क' २०६२ जेठ अङ्कमा 'एकथोक' शीर्षकको कविता, 'हिमाल' २०६२ दसौं अङ्कमा 'एउटा मानिसको प्रस्थान' शीर्षकको कविता छापिनुका साथै उनले धेरै गीत, कविता र कथा लेखेर राखेका तथा यसै समयावधिमा उनको डेरा सराइमा पाण्डुलिपि हराएको तीतो सत्यले उनलाई ज्यादै दुःखी तुल्याएको देखिन्छ । यथार्थ जेजस्तो भए पनि वि.सं.२०६३ वैशाखमा उनले 'आफैँ आफ्नो साथी भएँ' गीत संग्रह प्रकाशनमा ल्याए । यसमा उनका पुराना र नयाँ गरी ७८ वटा गीत समावेश भएका छन् । जसमध्ये केही गीत रेकर्ड भैसकेका छन् । यो चरणको यो उनको मूल उपलब्धी हो । यसपछि उनका 'गोरखापत्र' २०६३/४/६ को अङ्कमा 'टोकियोमा एक दिन' शीर्षकको कविता, 'गोरखापत्र' २०६३/१०/२७ को अङ्कमा 'रेलमा फर्किंदै गर्दा' शीर्षकको कविता, 'मधुपर्क' २०६३ फागुन अङ्कमा 'नयाँवर्ष' शीर्षकको कविता आदि प्रकाशनमा आएका देखिन्छन् । यसपछिका दिनमा पनि उनी भ्याए सम्म साहित्यिक रचनामा सकृय नै छन् । सरकारी सेवाले उनलाई जिम्मेवारी बढाएकाले ज्यादा समय नभए पनि विहान-बेलुकाको केही समय साहित्य साधनामै छुट्याउँछन् । उनका प्रकाशनका लागि तयारीका साथ एउटा कविता सङ्ग्रह र एउटा कथा सङ्ग्रह बसेका छन् । यी मध्ये कथा सङ्ग्रह चाँडै प्रकाशनमा आउने तयारीमा छ । जुन कथा सङ्ग्रहभित्र पर्ने कथाहरू 'यस्तो एउटा यथार्थ', 'निर्मला भाउजु', 'विभ्न्ने वसन्त', 'शहर पसेको छोरो', 'कथा', 'नमस्ते लुम्बिनी', 'उस्तै छु म', 'वर्षातको मौसम', 'अदृश्य घाउ', 'मैतिदेवीको मुस्कान' आदि हुन् । उनका यी कथाहरू 'मधुपर्क', 'गरिमा', 'शारदा' जस्ता साहित्यिक पत्रिकामा वि.सं.२०४८ देखि यताका विभिन्न वर्षहरूमा प्रकाशनमा आएका थिए ।

## ४.२. विषयवस्तुका आधारमा कवि क्षितिजका कविताको वर्गीकरण :-

कुनै पनि सृजनाको वीउ विषयवस्तुमै केन्द्रित हुन्छ । विषयवस्तुको आधार टेकेर सृजना लहराउँदै जान्छ र आफ्नो स्थान ओगट्न पुग्छ । एउटा कविको भाव प्रवाह पनि विषयवस्तुकै आधारमा हुन जान्छ । आफ्ना मनका अनुभूतिलाई विषयवस्तुकै माध्यबाट कलात्मक भाषामा कविले बाहिर पोख्छ र पाठकले त्यसको

रस्वादन गर्न पुग्छ । यस्ता विषयवस्तु टाढा हुँदैनन् । हाम्रै समाजमा यत्रतत्र छरिएर रहेका सुख-दुःख, आँसु-हाँसो, मिलन-विछोड, शोषण-दमन, अन्याय-अत्याचार, रीति-कुरीति लगायत थुप्रै सामाजिक र प्राकृतिक वातावरणमा छरिएर रहेका विषयवस्तु नै कविका कलात्मक भाषाका खुराक हुन पुग्छन् । एउटै विषयवस्तुमा पनि व्यक्तिगत दृष्टिकोणका कारण थुप्रै तरिका र शैलीमा मौलिक अभिव्यक्ति आउन सक्छ । कवि क्षितिज पनि यही समाजका सदस्य भएका कारण उनका कवितामा हाम्रै सामाजिक यथार्थका थुप्रै विषयवस्तुको उठान गरिएको छ । उनी समाजका विविध विषयवस्तुलाई गद्यात्मक शैलीमा विभिन्न प्रतीक, विम्बहरूको सहायताले उठान गर्न सिपालु कवि हुन् । यहाँ उनका कविताहरूमा के-कस्ता विषयवस्तुलाई लिएर आफ्ना भोगाइ र अनुभूतिलाई प्रस्तुत गरिएको छ, भन्ने कुराको खोजी गर्दै विषयवस्तुका आधारमा उनको 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूको वर्गीकरण गरिएको छ । उनको यस कविता सङ्ग्रहमा जम्मा ३७ वटा कविताहरू समेटिएका छन् । हुनत उनका अन्य कविताहरू पत्र-पत्रिकाहरूमा प्रकाशित र अप्रकाशित अवस्थामा पनि छन् तापनि यहाँ उनको प्रकाशित 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूलाई मात्र विभिन्न विषयवस्तुका आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

१. प्रकृतिप्रधान कविता
२. नारीवादी कविता
३. राष्ट्रवादी कविता
४. निराशावादी कविता
५. विसङ्गतिवादी कविता
६. कर्मवादी कविता
७. मानवतावादी कविता
८. परिवर्तनकारी कविता

### ४.२.१. प्रकृतिप्रधान कविताः-

कवि क्षितिजका कवितामा प्रकृतिको सुन्दर स्वरूपको चित्रण गद्य शैलीमा कलात्मकताका साथ उठान गरिएको पाइन्छ । उनले पहाडी क्षेत्रमा जन्मेर बाल्यकालका केही समय पहाडमै विताए । यसैकारण पहाडका प्राकृतिक सुन्दरता उनका कवितामा छछल्किन पुगेको देखिन्छ । यसैगरी उनले वाल्यकालमा गाउँघर,

पानी पधेँरी, चौतारी डाँडाकाँडा, लेक-बेसीको प्रत्यक्ष अनुभूति गर्न पाए । त्यहाँका प्राकृतिक सुन्दरताको छाप उनको हृदयमा नमेटिने गरी बस्यो । यसैले उनले ती प्राकृतिक सुन्दरताको चित्र आफ्ना कवितामा कोर्न खोजेको देखिन्छ । उनको 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रहमा प्रत्यक्ष वा परोक्षरूपमा प्रकृति चित्रण झल्किएको छ । यसो भए तापनि मूलतः 'झरी', 'कुभिण्डे दह', 'आँखामा साउन', 'क्षितिज', 'राप्ती तरेर सूर्यास्तमा' शीर्षकका कवितामा प्रकृति चित्रण मुख्य भएर आएको देखिन्छ ।

प्रकृतिबाट नै विभिन्न बिम्ब र प्रतीकको सापटी खोज्न सिपालु कवि क्षितिजले 'झरी' कवितामा प्रशस्त प्राकृतिक बिम्बको प्रयोग गरेका छन् । यसैगरी 'कुभिण्डे दह' शीर्षकको कवितामा सल्यान जिल्लामा अवस्थित कुभिण्डे दहको प्राकृतिक सुन्दरताको वर्णन दहलाई ऐनाको प्रतीक बनाई गरेका छन् । उनका अन्य कविताहरूमा पनि प्राकृतिक बिम्बहरूको अत्याधिक प्रयोग गरिएको पाइन्छ । उनको 'राप्ती तरेर सूर्यास्तमा' शीर्षकको कवितामा यसरी भाव पोखिएको छ :-

"सूर्यास्तजस्तो छ प्रत्येक जिन्दगी
हिंडदाह्रिड्दै कहिनेर
रात पर्न सक्छ बीच बाटोमा,
बास नखोज
माल्नेटाको अदुवा जस्तो हत्केलाले निधार छेकेर
नहेर डुब्दो दिन
आजै तर सङ्घर्षको राप्ती
उ पर माथि पहाडतिर छ गन्तव्य !"[८६]

## ४.२.२. नारीवादी कविता :-

कवि क्षितिजले आफ्ना कविताहरूमा नारीका समस्या तथा पीडाहरूलाई सशक्तरूपले उठाएका छन् । कतै नारी जीवनको कठिन यात्रा, कतै उनका खोसिएका खुसीहरू, कतै विरही मनले आफ्ना लोग्नेमान्छेहरूको बाटो कुरिरहेका नारीका मनेदशाहरू, कतै नारीका वेदना, चाहना, संवेदना र अस्मिताका भावलहरहरूलाई व्यक्त गरेर पीडित नारीका आन्तरिक स्वरूपको उद्घाटन गर्न उनी चाहन्छन् । उनको 'खोइ मालती ! तिम्रो तिलहरी खोई ?' कवितामा उदास झुप्राहरूमा रूवाइका उदास धूनहरू निकालेर बाँचिरहेको हाम्रो सामाजिक

---

८६. रमेश क्षितिज, अर्को साँझ पर्खेर साँझमा (निर्मला शर्मा, २०५७) पृ.सं.७८

परिवेशले नैतिकता र आदर्श, न्याय र शान्ति, प्रकृति र मान्छेका विरूद्धमा उभिएर गरिबीले सङ्कटाकीर्ण अवस्थामा पुऱ्याएका युवतीहरूलाई सजिलैसँग कौमार्य लुटाउने र तिलहरीभित्रको सतीत्वलाई सहजैसँग क्षतविक्षत तुल्याउने स्थितिमा पुऱ्याएको तथ्यलाई प्रकट गरिएको भेटिन्छ । गरिबीको कमजोरीबाट फाइदा लुट्न पल्केकाहरूलाई कवि समाजमा नारीहरू त कला र सिर्जनाका अनन्य निधि हुन् र तिनका गीत सङ्गीतद्वारा नारीका कथाव्यथा मात्र होइन मानवहृदयका समग्र कम्पनहरू झङ्कृत भइरहेका हुन्छन् भनेर नारीप्रति समाजले श्रद्धा, सम्मान र सुदृष्टि राख्नु पर्ने दृष्टिकोण अँगाल्न 'सितारमा युवती' कविताद्वारा उनी अभिव्यक्ति दिन्छन् ।

उनको 'हुलाकघर ५' कविताले विदेशीका सामुन्ने नग्न बन्न विवश भएका नेपाली चेली र कान्छीहरूको भक्कानिएको आवाजलाई फिँजाएको छ । यसैगरी गरिबीका कारणले विवाह हुन नसकेकी थरूनी केटीको मर्म, अति गरिब एवम् निमुखा नारीमा पूँजीवादी सहरिया सभ्यता र संस्कृतिले मच्चाएको भोगवादी प्रथाको मानवताहीन एवम् कलङ्कपूर्ण अवस्थाको चित्रण उनको 'नसम्झिनेलाई' कविताले गरेको छ । उनका अन्य नारी आवाज बोकेका कविताहरूमा 'राप्ती तरेर सूर्यास्तमा' र 'छायाँ जस्तो सम्झनाको कुरा' आदि हुन् । यी उल्लेखित कविताका साथै उनका अन्य कविताहरूमा पनि प्रत्यक्ष वा परोक्षरूपमा नारीवादी भावना पोखिएका छन् । उनी नारीलाई सम्मान दिन समाजले कुनै कसर बाँकी नराखोस् भन्ने चाहन्छन् । उनी 'खोइ मालती ! तिम्रो तिलहरी खोई ?' शीर्षकको कवितामा यस्तो भाव पोख्छन् :-

"आफ्नैहरूको छातीमा भाला रोपेर
धमिला छायाँहरूले खुसी मनाइरहेको बेला
गिलास जुधाइरहेको बेला
दीपावली गरिरहेको र पटाका पड्काइरहेको बेला
एउटा जुलुस
असङ्ख्य काला पताकाहरू हल्लाएर गयो
नैतिकताको विरूद्धमा !
आदर्शको विरूद्धमा !!
प्रकृतिको विरूद्धमा !
मान्छेको विरूद्धमा !!
न्यायको विरूद्धमा !

शान्तिको विरूद्धमा !!
र तर्सिएर हिंडे म
तर जताततै छरिएका दानाहरू देख्छु
च्यातिएका कपडा र चौवन्दीका टुक्राहरू देख्छु
अनि एकतमासले टोलाइरह्यौ तिमी
खोइ मालती ! तिम्रो तिलहरी खोइ !"[८७]

### ४.२.३. राष्ट्रवादी कविता :-

आफू र आफू बसेको समाज तथा आफ्नो राष्ट्रप्रति औधी माया पोखेर लेखिएका कविताहरू पनि कवि क्षितिजका प्रशस्त छन् । उनका प्रायजसो कविताहरूमा प्रत्यक्ष वा परोक्ष राष्ट्रवादी अभिव्यक्तिहरू  भेट्न सकिन्छ । आजका युवा समाज र देशप्रति चिन्ता गर्नु भन्दा ज्यादा विदेशप्रति आशक्त भएको देख्दा कवि मन दुःखेको देखिन्छ । हामीले हाम्रोलाई माया नगरे कस्ले गर्ने ? उनको राष्ट्रवासी माथि प्रश्न छ । जन्मभूमि जस्तो प्यारो कुन संसार होला र मानिसलाई ? उनका प्रश्नहरू आउँछन् कवितामा ।

प्रवल राष्ट्रवादको वकालत गर्ने कवि क्षितिजका कविताहरू प्रशस्त छन् । उनको 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रहको शुभारम्भ नै नेपाल आमाको चित्रात्मक वर्णनमा केन्द्रित छ । हिउँको टाकुराझैँ सेताम्मे शिरमा नाम्लोको फेटा लगाएर ढाडमा डोकोसँगै आएकी कविकी आमा 'देश' कवितामा यस्तो स्वरूपमा उभिन्छिन् ।

"खुम्चिएको शिरकको खोलजस्तै अनुहार,
अँध्यारा गुफाझैँ निस्तेज आँखा
र कान्तिविहीन
उदास-उदास आकृति र दुब्लो शरीर"[८८]

बुढी आमाको यस स्वरूपले व्यञ्जनाका स्तरमा पुगेर धेरै कुरा भनेको छ । नेपालको ह्रासोन्मुख अवस्थालाई खुम्चिएको अनुहारले छर्लङ्ग पारेको छ भने नेपाल भित्र व्याप्त अनेक अँध्यारा पक्षहरूलाई अँध्यारा आँखाले स्पष्ट पारेको छ । गरिबीले पीडित दुब्लो शरीरबाट विपन्न नेपाल र नेपालीको चित्र उत्रिएको छ ।

---

८७. ऐजन, पृ.सं.९८१०
८८. ऐजन, पृ.सं.२

यस्ता परिस्थितिमा चापमा बाँचेका नेपालीहरूको फुङ्ग उडेको आकृतिमा अत्यन्तै गम्भीर उदासी वा निराशा छाएको कुरा स्पष्ट भएको छ ।

उनका अन्य राष्ट्रवादी कविताहरूमा यो 'जोसँग सम्बन्धित छ', 'समय', 'अँगेनाछेउ गरेको वकसपत्र', 'पूर्वपश्चिम', 'शिविर', 'स्वप्नकथा', 'दुर्गम' आदि हुन् । यस्तै अन्य प्रकाशित र अप्रकाशित कविताहरूमा पनि उनी राष्ट्रवादी भावनाहरूलाई प्रवल रूपमा उठाउँछन् । उनी 'यो जोसँग सम्बन्धित छ' शीर्षकको कवितामा यसरी भाव पोख्न पुग्छन् –

"मैले असाध्यै माया गरेको
यो देशका लागि
बग्दा-मेरो पनि रगत पसिना बगेको छ
कसैले भनेन् ,
एउटा अर्को साँझ पर्खेर साँझमा
सश्रद्धा ढोगिरहें यो माटोलाई मैले
देससामु कहिल्यै दुख्यो भनिनँ,
नागरिकताको जेलमा
कैद भएर बर्षौं विताएँ
कुनै आस्थाको बन्दीजस्तै
तर रोएर कुनै इतिहास मागिन,"[८९]

## ४.२.४.निराशावादी कविता:-

कवि क्षितिज देशमा व्याप्त व्यथिति, लुछाचुँडी, बेइमानी, आतङ्क देखि निराश पनि देखिन्छन् । उनका कविताले कतै बुद्ध खोज्दै हिँड्छन त कतै देश परिवर्तन नुहँदा निराशा अभिव्यक्त गर्छन् । कवि समाज परिवर्तनका बहाक युवा शक्ति विदेश पलायन भएको देख्दा दिग्दार देखिन्छन् । उनी वर्तमान समयको मान्छे विवेकहीन, हृदयहीन, मानवताहीन, संवेदना, शून्य, क्रूर अपराधी मनोवृत्तिको हुँदै गएको देख्दा पनि निराश भएका देखिन्छन् । राजनैतिक नेताका झूटा आश्वासनका कारण देश निराश बनेको उनी देख्छन् । उनका यस्ता निराशा पोखिएका कविताहरू 'शिविरबाट फर्केपछि', 'अश्वत्थामाहरू', 'पुनश्च', 'तस्वीर', 'सत्ता', 'नलेखेको पत्र' तथा 'हराएका बुद्ध' शीर्षकका देखिन्छन् । यी कवितामा

८९. ऐजन पृ.सं. ७९ र ८०

उनी आफ्ना निराशाका भावहरूलाई सशक्तरूपमा उठाउँछन् । हराएको बुद्ध शीर्षकको कवितामा उनी यसरी आफ्ना अनुभूतिहरू पोख्न पुग्छन्–

"बुद्ध भेटिदैन !
मान्छेहरू बुद्धका आँखाहरू भेटेजस्तो गर्छन स्वयम्भूमा
खुट्टा भेटेजस्तो गर्छन लुम्बिनीमा
अपुष्ट हल्ला चल्छ सहरमा-पक्राउ गरियो रे
बुद्धलाई गयामा
कसैले बैङ्ककमा, कसैले जापानमा, कसैले जनेभामा
साधुको नचिनिने भेषमा कुनै कुटीतिर पनि भनियो
अझ भनियो-टिक्न नसकेर कतै स्वीट्जरलैण्डमा
कुटनैतिक शरण लियो रे बुद्धले
मान्छेहरू रित्तै फर्किन्छन्
मलामीजस्तो अनुहारलिएर
बुद्ध भने-प्रत्यारोपण गरेर आफ्ना आँखाहरू
स-साना राहुलहरूमाथि
आफूलाई खोज्नेहरूकै घरको छानोमाथि
टुक्रुक्क बसेर झोक्राउँदै भनिरहेको हुन्छ
खोइ! यिनीहरूले मलाई
आफ्नै घरमा त खोज्न सकेनन् !![९०]

## ४.२.५. विसङ्गतिवादी कविताः

हाम्रो समाजका विविध विसङ्गत पक्षहरूको खोजीमा पनि कवि क्षितिज सक्रिय रहेका देखिन्छन् । उनका कवितामा वर्तमान समयमा मानव मानवीय मूल्य र मान्यताबाट टाढा भएको, खाली भौतिक सुख प्राप्ति नै अन्तिम प्राप्ति ठानी त्यसैका लागि सारा आयु खर्चेको देख्दा जीवन विसङ्गतिपूर्ण बन्दै गएको रहस्योद्घाटन गरिएको छ । कवि समयप्रति सचेत देखिन्छन् र समयकै पदचापभित्र उत्पन्न भएका विसङ्गति तथा त्यसले जन्माउने मानवीय त्रासदीको चित्र खिच्न अग्रसर देखिन्छन् । अहिलेको मान्छे विवेकहीन, मानवताहीन, हृदयहीन, संवेदनाशून्य, क्रूर र अपराधी बन्दै गएको देखेका कविले मान्छेको यस्तो भयावह र विचित्र आकृतिलाई 'विसङ्गत' कवितामा यसरी चित्रण गर्छन्-

९०. ऐजन पृ.सं. ६७

"आँखाका ठाउँमा पोतिएको कालो
मुटुको ठाउँमा ढुङ्गा,
ओठको ठाउँमा उराठ बगर
अनि नाकचाहिं
पाइतालामा र हत्केलामा धारिला नङ्ग्राहरू"[९१]

समाजभित्रका विसङ्गतिहरू केलाउन कविले वर्तमान् विश्वको अनुदार र सङ्कीर्ण बन्दै गएको परिस्थितिप्रति दृष्टि पुऱ्याएका छन् । बढी प्रजातान्त्रिक र बालअधिकारको प्रत्याभूति दिने नारा फलाक्ने विश्वको कुरूप पक्ष बनेर रहेको बीभत्स शिविरको बिम्बबाट कवि आजको संसारको वास्तविकतामाथि व्यङ्ग्योक्तिपूर्ण र प्रश्नशील दृष्टि 'शिविरबाट फर्केपछि' कवितमा राख्छन् ।

सन्त्रासका मानवीय तरङ्गलाई कविले पौराणिक मिथक अश्त्थामाका माध्यमबाट पनि प्रकट गरेका छन् । स्वार्थपूर्तिका लागि पीडामग्न आजभोलिका मान्छे नै अस्वत्थामाका नयाँ-नयाँ रूपहरूमा फेरिएर विश्वभरि घुमिरहेको बताएर कविले अपराधीहरूका आतङ्कबाट त्रसित हुन पुगेका मानिसहरूको पीडालाई 'अश्वत्थामाहरू' कविताद्वारा व्यक्त गरेका छन् । सहरिया जीवन वा सभ्यतामा बुद्धका आँखा हराएर न्याय-अन्याय छुट्याउने दृष्टि लुप्त भएको र मान्छेका बुझ्निनसक्नाका खेलहरूले विश्वास हराउँदै गएको सन्दर्भ ल्याएर आदर्शबाट विमुख हुन पुगेको अनि बिकृत, विसङ्गत परिस्थितिमा भासिदै जानथालेको राष्ट्रिय परिवेशलाई चिनाउँछन् । उनी 'हराएको बुद्ध' कवितामा आधुनिक सहरिया प्रवृत्तिले निम्त्याएको अनिष्टकारी वातावरणलाई देखाउन बुद्ध हराएको कहानी ल्याउँछन् ।

सहरका कथा हाल्ने क्रममा कविले गाउँबाट अनन्त रहर र सपनाहरू बोकेर सहर पसेका युवाहरूको मानसिकता केलाउने काम पनि गरेका छन् । कवि आफ्नै जीवनका भोगाइलाई साधारणीकरण गर्दै सहरमा आएर त्यहीं हराएको गाउँले युवाहरूको निराश, उदास, रित्तो र संवेदनाशून्य खण्डित जीवनकथाका गम्भीर सुस्केराहरू सुसेल्छन् । विपन्नताका खाडलमा भास्सिएको घरपरिवार र गाउँ घरलाई सपार्ने उत्साहले सहर आएका युवाहरू अन्ततः डरलाग्दो अजिङ्गरजस्तो सहरले निलिदिंदा कसरी समाप्त हुन पुगछन् भन्ने कुरालाई कवि 'नलेखेको पत्र' मा यसरी खुलाउँछन् –

"सस्तोमा खर्चेको आयु,
निसास्एिको जिन्दगी

९१. ऐजन, पृ.सं.४

र समयका अक्टोपस हातहरू
टुक्रा-टुक्रा ऐनामा असंख्या आकृतिजस्तो
टुक्रिँदै अपूर्ण हुनु रहेछ
निखारेर सम्पूर्ण संवेदना
बिर्सनु छ
धेरै चीज  आफैँलाई बिर्सिनु छ आज"[९२]

कवि क्षितिजका अन्य विसङ्गतिवादी कविताहरूमा 'शिविरबाट फर्केपछि', 'समय', 'साथी पठाएर स्टेशनमा केही क्षण', 'तस्वीर', 'सत्ता', 'कोलज', 'स्वप्नकथा', 'हुलाकघर १-५' तथा 'नसम्भिनेलाई' हुन् । यी कवितारूमा उनी केही न केही मात्रामा विसङ्गतिपूर्ण अवस्थाको चित्रण गर्न पुगेका देखिन्छन् । उनको 'सत्ता' शीर्षकको कवितामा यस्तो विसङ्गतिको चित्रण पाइन्छ-

"बेलपत्र
नैवेद्य  अक्षताले छोपिएका ईश्वर
बाहिर निस्केर
सबै-सबैले मनमा लुकाएर राखेको
अँजुलीको फूलपातिले छोपिराखेको
मनोकामना
भन्दै गए मलाई
कोही सम्पन्नता माग्नेहरु!
कोही आरोग्य माग्नेहरू!!
नखर्चेर पसिना वैभव चाहनेहरू!
र माग्नेहरू
आफूले गरिसकेका
अनगिन्ती अपराधको क्षमा!!

सबै-सबै भक्तहरूको परिचयपछि
अन्त्यमा ईश्वरले भने-
"अब दिन ढल्किदै गएपछि
रित्तो-रित्तो मन्दिर
नियास्रा टुँडालहरू

९२. ऐजन, पृ.सं.४१

मन्दिरको ओत लिएर बस्ने एक्लो म
र यी भिखारी सिबाय
कोही हुँदैन यहाँ,
भन् तँ के माग्न आएको मसँग ?"[९३]

### ४.२.६. कर्मवादी कविताः-

कवि क्षितिजका कविता निराशा, विसङ्गतिदेखि लिएर कर्मवादी चिन्तनतिर पनि फैलन सकेका छन् । उनका कविता मानव र मानवीय कर्म के हो ? कसरी मानवजीवन सफल बन्छ ? यी विषयमा घोत्लिएका देखिन्छन् । उनी कतै पनि कर्मबाट बिमुख नहुन युवाहरूलाई घच्घच्याउँछन् । हाम्रा पौरखी हातहरू निश्कृय होइन सकृय राख्नुपर्छ भन्ने उनको मान्यता देखिन्छ । अभावमा रोएर मात्र हैन कर्म गरेर अगाडि बढ्न सकिन्छ भन्ने उनको मान्यता छ । समाजमा फुर्सदमा दिन बिताउने युवाहरू जो तास र जुवाको फन्दामा परेका छन् । त्यस्तालाई कर्मको हात अघि बढाउन उनी आह्वान गर्छन् । रातदिन रक्सीको नसामा चुर्लुम्म डुवेर जिन्दगी बर्बाद बनाइरहेका असंख्या नागरिकहरूलाई उनी हातपाखुरा चलाई माटोमा पसिना पोख्न सिक्न आह्वान गर्छन् ।

उनका यस्ता कविताहरूमा 'शब्दहरू', 'एउटा मोडमा उभिएर', 'अतीतका गीतहरू' जस्ता पर्छन् । उनको एउटा मोडमा उभिएर शीर्षकको कवितामा उनी यस्ता भावहरू व्यक्त गर्छन्–

"सम्बोधन गर्छु त्यो भीडलाई
फर्काऊ हाम्रो आत्मसम्मान र स्वाभिमानको जिन्दगी
त्यहीँनेर
पसिनालाई दुर्गन्धित मान्नेलाई भन्नु छ ।
हाम्रो रगतको नदीका किनारमा छन्
तिम्रा भव्य महलहरू
हाम्रो पसिनाको कुलोले सिञ्चित छन्
तिम्रो सुखद क्षणहरूका बिरुवा
मात्र एउटा भोटमा अबमूल्यन भइरहेको
मान्छेको अस्मितालाई
फेरि झण्डा बनाउँनु छ गौरबको,

९३. ऐजन, पृ.सं. ३३ र ३४

शुभयात्रा! शुभकामना छ मलाई मेरो
फेरि हिँड्नु छ मैले
आँखा अघि लम्पसार सुतेको यो रातो बाटो,"[९४]

## ४.२.७. मानवतावादी कविता:-

मानव भएर मानवीय मूल्य र मान्यता थाहा पाएन भने त्यो पशु जस्तै मानिन्छ । मानवले मानवलाई गर्ने व्यवहार अमानवीय भए कस्ले गर्ने मानवीय व्यवहार ? कवि क्षितिज आफ्ना कवितामा यस्तै प्रश्नको उत्तर खोज्न कृयाशील देखिन्छन् । राजनैतिक सीमा त भ्रम मात्र हुन् । यिनले मानवतावादको फराकिलो संसार टुक्र्याउन खोज्छन् र संसारको बन्धुत्व भावमा धावा बोल्छन् । अतः यस्ता राजनैतिक सीमामा बाँधिएर हैन कि मानव-मानवको सन्निकटताको व्यवहार मौलाउने वातावरणको निर्माणमा जुट्नु पर्छ भन्ने उनको मान्यता छ । मानवतावादी हातले नै शान्तिको बिरूवा हुर्काउन सक्छ । विश्व बन्धुत्वको भावनाको विकास गर्नसक्छ भन्ने कुरामा उनको विश्वास रहेको छ । विश्व भरका मानिस एउटै हुन् । कसैमा कुनै किसिमको विभेदको छनक भेटिनु हुँदैन । सबैखाले विभाजनका साँघुरा रेखालाई तोड्नुपर्छ भनी उनी आफ्नो मान्यता कविता मार्फत पोख्छन् ।

उनका धेरै कविताले मानवतावादी सोचको वकालत गरेको देखिन्छ । विशेषगरी उनी 'सिल्भियासँग एक साँझ' कवितामा मानवतावादी दृष्टिकोणलाई एकदमै महत्व दिन्छन् । उक्त कवितामा कविको दृष्टि वैयक्तिक, सामाजिक र राष्ट्रिय जीवनको सीमालाई नाघेर विश्वजीवनसम्म फराकिएको देखिन्छ । यस कविताका माध्यमबाट उनी विश्वमानवको सिङ्गो अस्तित्वको खोज गर्छन् । विखण्डित, विभाजित, सीमाबद्ध, सङ्कीर्ण मानव अस्तित्वलाई उनी अस्वीकार गर्न चाहन्छन् । कविका दृष्टिमा भाषा, अनुहार, मुस्कान, आँशु, पीडा, अनुभूति, मन आदि कुराले विश्वभरिको मान्छे एकै हो । त्यसैले मानिस कुनै सीमाले विभाजित, विखण्डित, बिरानो पृथक हुनु उचित छैन केवल मान्छेकै रूपमा विश्वमा एउटै सिङ्गो मान्छे भई परिचय दिन सक्ने हुन उचित छ । यस कवितामा अन्तर्राष्ट्रियवाद व्यक्त छ । यहाँ विश्वबन्धुत्व, वसुदैव कुटुम्बकम र सह-अस्तित्वको उदार, व्यापक मानवदृष्टि अभिव्यक्त छ । यस कवितामा कवि सग्लो,

---

९४. ऐजन, पृ.सं.५७

पूर्ण, अर्धपूर्ण, विश्वमानवको अस्तित्वप्रति आस्थावान छन् र सर्वव्यापी, असीम, शाश्वत मान्छेको परिचय वा अस्तित्व खोज्नमा व्यग्र देखिन्छन् । उनी यस कवितामा यसरी अभिव्यक्ति सञ्चार गर्छन् –

"मुस्कान र आँसु
पीडा र अनुभूतिका खुट्टाहरू
भाषाविनाका भाषा भएर ओहरदोहर गर्छन्
मनमनका कोरिडरहरू
संवादहीन भएर हामी अल्झिरहन्छौं संवादहरूमा
किन मेट्न सकिन्न सिमाना र साँधहरू ?
किन बटुलेर संसारका जम्मै झण्डा
रङ्गीचङ्गी कपडा बनाउन सकिन्न
नाङ्गा मान्छेका लागि ?
मान्छे हुनुको परिचय नै किन पर्याप्त बन्दैन
मान्छेको आफन्त हुनको लागि ?
सिल्भिया ! आजको साँझ जिन्दगीका कुरा गरौं"[९५]

कवि क्षितिजका मानवतावादी दृष्टिकोण समेटिएका अन्य कविताहरूमा 'अन्धराग', 'अगेनाछेउ गरेको वकसपत्र', 'सिमानापारी बाट', 'फूर्सदमा बुढो मान्छे', 'शिविर' आदि हुन् ।

## ४.२.८. परिवर्तनकारी कविता :-

कवि क्षितिज यथास्थितिवादका विरोधी हुन् । उनी युग अनुसार व्यक्ति, समाज र राष्ट्रमा परिवर्तन आउनुपर्छ भन्ने सन्देशमूलक कविता लेख्छन् । समाजमा व्याप्त अन्याय, अत्याचर, बेईमानीका विरूद्ध सबैले संघर्ष गर्नुपर्छ भनी उनी कविता कोर्छन् । उनका कविताले देश परिवर्तनका लागि सबै तहमा मानिसको विचारमा परिवर्तन आउनु पर्ने र त्यसरी गरिएको परिवर्तनको फल मीठो हुने ठान्छन् । इतिहासका राम्रा कुराको संरक्षण गर्दै नराम्रा कुराको पर्खाल भत्काउन सबै जुर्मुराउनु पर्ने उनको मान्यता देखिन्छ ।

क्षितिज नौलो नेपालको सपना देख्ने प्रतिभा हुन् । यसैले उनी नेपालको पूरानै ढर्राको अनुहारलाई पूरै परिवर्तन गर्ने सामर्थ्य भएको युगपुरूष छोरो वा नेता जन्माउने नेपाल आमाको आशा एवम् खोज गर्छन् । उनका अनुसार यस्तो

---

९५. ऐजन, पृ.सं.६२ र ६३

युगपुरूषले सभ्यताको जङ्गलीपना भुत्तिएको गौरवको धार, विद्रोही युवा कविको आत्महत्या गर्नुपर्ने विवशता, देश भक्तिका गीतहरू गुञ्जिन नपाउने इतिहास, दुःखीहरूको कहिल्यै नफिर्ने दिन, क्रूर इतिहासको कालो पानी, मारिएका नेताहरूको अधुरो चाहना, लास वेपत्ता पारिने सामाजिक स्थिति, सतीहरूको विक्षिप्त मौनता, सहिदकी आमाका टोलाएका आँखा, भोक, शोक र व्यक्तिस्वार्थमा बन्धित मन, सदा जीवित सामन्त, जनताका गहमा कहिल्यै नसुक्ने आँसु, गति नलिएको विकासयात्रा, खराबी हटाउन नसकेका दीर्घकामना आदि विकृति-विसङ्गतिका जराहरूलाई निर्मूल गर्न सक्ने सामर्थ्य बोकेको हुन्छ । 'स्वप्नकथा' कवितामा यस्तो युगपुरूष नेताको परिकल्पना गरेर कविले नेपालको उज्ज्वल भविष्य निर्माण गर्ने परिवर्तनकारी विचारधारा बोकेको युवाको चाहनालाई छर्लङ्ग पारेका छन् ।

कविमा समाजलाई हेर्न प्रगतिवादी दृष्टि र चेतना छ । त्यसैले उनी 'समय' कविताका माध्यमबाट जहाँ शोषणदमन हुन्छ त्यहाँ सङ्घर्ष, क्रान्ति वा परिवर्तनको तीखो बाँसुरी बज्न थाल्छ भन्ने मान्यता प्रकट गर्छन् । समाजमा जति बढी यस्ता बेथितिहरू बढ्छन् त्यति नै कविको चेतना असह्य अनुभूतिको बोधगरी युवासुलभ आक्रोश, व्यङ्ग्य र बिद्रोहका स्वर बनेर गर्जन थालेको पाइन्छ । एकातिर कविले सधैं सपनाहरूको गरूङ्गो भारी बोकाउने देशप्रति तीव्र आक्रोश पोखेका छन् भने अर्कातिर आदर्श कर्तव्यको पाठमात्र पढाएर अधिकारको प्रत्याभूति गर्न कहिल्यै तयार नहुने यस देशका राजनैतिक नेताहरूले सोझानिमुखा गरिब जनताका छातीमा चिल्ला कारहरू गुडाउँदै आनन्दको अनुभूति गर्न खोज्दा व्यङ्ग्य र विद्रोहका आगाका मुस्लाले झोस्न खोजेका छन् । उनको 'अगेनाछेउ गरेको वकसपत्र' कविताले यस्तै चेतनालाई घनीभूतरूपमा उठाएको देखिन्छ । उनका अन्य परिवर्तनकारी चेतनाले ओतप्रोत कविताहरूमा 'एउटा मोडमा उभिएर', 'मन भित्रको मानिस', 'अक्षरहरू' र 'यो जो सँग सम्बन्धित छ' हुन् । कविले 'यो जो सँग सम्बन्धित छ' शीर्षकको कवितामा पोखेको भाव यस्तो छ :-

"मेरैमात्र पेवा हो र दुख्नलाई दुःख ?
नाङ्गा जीउ र भोका पेटको वस्तीको नायक
हिजो मैले यो देशसँग
अलिकति शान्ति मागँ, अलिकति न्याय मागँ
र मागँ थोरै स्नेह,
भित्रभित्रै जलिरहेको प्राचीन रोम भएर म !
मेरो छेउ बजाए केही सुकिला निरोहरूले
आदर्श र उन्मादको बाँसुरी
पथभ्रष्ट यो युवक सोच्दो रहेछ
देशलाई के दिएँ हैन के पाएँ भनेर
र हुईंकिए उनीहरू
कुल्चिदै पाङ्ग्राहरूले सडकमा छताछुल्ल पानी जस्ता
हाम्रा निमुखा सपनाहरू"[९६]

९६. ऐजन, पृ.सं.८०

# पाँचौ परिच्छेद

## ५. विधागत तत्वका आधारमा क्षितिजद्वारा रचित कविता सङ्ग्रह र गीति सङ्ग्रहको अध्ययनः

### ५.१. रमेश क्षितिजद्वारा रचित कविता सङ्ग्रहको अध्ययनः-

रमेश क्षितिजद्वारा रचना भई प्रकाशनमा आएको कविता सङ्ग्रह 'अर्को साँझ पर्खेर साँझमा' हो । यसमा कवि क्षितिजका ३७ वटा कविताहरू सङ्ग्रहित छन् । वि.सं. २०५७ वैशाखमा प्रकाशनमा आएको यो कविता सङ्ग्रहको प्रकाशक निर्मला शर्मा हुन् ।

नेपाली कविताको वगैचामा बेग्लै सुवास छर्न फूलेको यो सङ्ग्रह नेपाली कविताको समसामयिक धारामा समाहित भएको गद्य कविताको भण्डार हो । कवि गोपालप्रसाद रिमालको शैलीदेखि प्रभावित देखिने कवि क्षितिजले पद्यमा मीठा र श्रुतिमधुर गीत लेख्न सक्छन् भने गद्यमा लयात्मक बहाव देखाएर कविता लेख्छन् । अत्यन्त मार्मिक प्रतीक र बिम्बले सजिएका कविता यस सङ्ग्रहमा छन् । उनले कसैले नजुट्टयाएका पवित्र मौलिक बिम्ब पनि स्थापना गरी कविता लेखेका छन् । बाल्यकालदेखि नै कविता लेख्न थालेका क्षितिजले विद्यालय तथा क्याम्पसमा उत्कृष्ट पुरस्कार पाउनुका साथै राष्ट्रव्यापी कविता प्रतियोगितामा समेत प्रथम पुरस्कार पाएका छन् । औपचारिक रूपमा वि.सं. २०४३ मा कविता प्रकाशनमा ल्याएका क्षितिजले यो सङ्ग्रह निकाल्दा सम्ममा थुप्रै पत्र-पत्रिकाहरूमा आफ्ना कविताहरू प्रकाशित गराएका देखिन्छन् । उनका थुप्रै कविताहरू हाल उनीसँग उपलब्ध  छैनन् । चर्चाको शिखरमा पुग्दा सम्ममा पनि उनले कविताको एकमुष्ठ कृति प्रकाशनमा ल्याउने महत्वाकांक्षा देखाएको देखिदैनन् । धेरै कुरेर उनले यो सङ्ग्रह निकाल्दा थुप्रै पत्रिकामा प्रकाशित कविताहरू छुट्न गएको देखिन्छ । केही प्रकाशित र धेरैजसो अप्रकाशित कविताहरू उनको यो सङ्ग्रहमा पाउन सकिन्छ ।

कवि क्षितिजद्वारा रचित यस 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूलाई यहाँ कविता तत्वका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

१. विषयवस्तु

२. संरचना विधान

३. लय विधान

४. अलङ्कार विधान

५. भाषाशैली

६. कथनपद्धति

७. केन्द्रीय कथ्य

८. निष्कर्ष

## ५.१.१. विषयवस्तुः-

विषयवस्तु नै कविताको मुख्य तत्व हो । कविले कुन विषय टिपेर शब्द चमत्कारद्वारा सुयोग्य अभिव्यक्ति दिने भन्ने कुराको निर्क्यौल विषयवस्तुले गर्छ । एउटा विषयवस्तु र एउटा अभिव्यक्ति हुन गए कविता बिनालगामको घोडा बन्छ । कविको अभिव्यक्तिलाई नियन्त्रणमा राख्न विषयवस्तु नै सक्षम हुन्छ र हुनुपर्छ । कवि मन विषयवस्तुको पिठ्यूँमा चढेर संसार चियाउने हुँदा यसको महत्व आफै प्रष्ट छ । अभिव्यक्तिका आ-आफ्नै ढङ्ग र ढाँचा हुन्छन् । एउटै विषयवस्तुमा पनि कवि पिच्छे फरक अनुभूतिहरू आउँछन् । आ-आफ्नै किसिमका कलात्मक चमत्कारले गर्दा नै कविका पहिचान पनि पृथक-पृथक बन्दै जाने गर्छन् ।

विषयवस्तुका दृष्टिले कवि क्षितिजका कविताहरू एउटै बगैँचामा फूलेका अनेकानेक कोमल र सौन्दर्ययुक्त फूलहरू हुन् । उनका कविताले हाम्रो समाजका विविध विषयवस्तुलाई सशक्तरूपमा उठाएको देखिन्छन् । कतै उनी क्रान्तिकारी कवि देखिन्छन् त कतै शान्तिकामी । कतै उनी गाउँले देखिन्छन् त कतै सहरिया । कतै मानवतावादी देखिने कवि कतै विसङ्गतिवादी देखिन्छन् । उनका विषयवस्तु प्रकृतिकै सेरोफेरोमा छन् । उनी हाम्रै प्राकृतिक र सामाजिक सेरोफेरोमा घुमेर आफ्ना कविता पस्किन्छन् । कवि क्षितिजको ‘अर्को साँझ पर्खेर साँझमा’ कविता संङ्ग्रहभित्र ३७ वटा कविता भएको हुँदा पनि विषयवस्तुमा अनेकता हुन गएको छ । उनी कवितै पिच्छे फरक स्वाद दिलाउन प्रयत्नरत कवि  हुन् । यसैले गर्दा उनको यस कृतिभित्र अनेक विषयवस्तु समेट्न  पुग्छन् । उनका झरी, आँखामा साउन , कुभिण्डे दह, क्षितिज, राप्ती तरेर सूर्यास्तमा जस्ता कविताका विषयवस्तु प्राकृतिक वातावरणसँग सम्बन्धित छन् । उनले आफ्नो जिल्लामा अवस्थित कुभिण्डे दहलाई पनि कवितामा उतारेर जन्मस्थलको ऋण तिर्न खोजेका देखिन्छन् । त्यहाँको प्राकृतिक वातावरणको प्रतिबिम्ब उनले कवितामा उतारेका छन् । पहाडको प्राकृतिक सुन्दरतामा आफ्नो शैशवकाल बिताएका कविलाई सँधै प्रकृतिले पछ्याइरहेको देखिन्छ । कवि क्षितिज नारीप्रति पनि अपार आस्था र सम्मान प्रकट गर्छन् । उनका ‘खोइ मालती! तिम्रो तिलहरी खोई?’ ‘सितारमा युवती’, ‘हुलाक

घर-५', 'नसम्झिनेलाई', 'छायाँजस्तो सम्झनाको कुरा' आदि नारीवादी विषयवस्तुका कविताहरू हुन् । उनी नारीलाई भोग्याको रूपमा होइन पूज्य देवीका रूपमा सम्मान प्रकट गर्छन् । उनका कविताहरूमा राष्ट्रवादी चिन्तनका विषयवस्तुहरू पनि सशक्तरूपमा उठेका छन् । उनी आफ्ना कविताहरूमा देशको अभाव, गरिबी, अशिक्षा तथा अशान्तिका बिरूद्धमा लड्न आम पाठकलाई हौस्याउँछन् । राष्ट्रको इज्जत बचाउने या नबचाउने यो सब नागरिककै जिम्मामा हुन्छ । नागरिकमा चेतना आए देशले कोल्टो फेर्छ भन्न उनी कविताहरूमा उद्दत देखिन्छन् । उनका राष्ट्रवादी विषयवस्तु बोकेका कविताहरूमा 'देश', 'समय', 'अगेनाछेउ गरेको वकसपत्र', 'पूर्वपश्चिम', 'शिविर', 'स्वप्नकथा' तथा 'दुर्गम' शीर्षकका कविताहरू हुन् । यी कविताहरू मार्फत उनी आफ्नो माटो सजाउन आफै प्रयत्नरत रहौं अरूको भर पर्नु भनेको आफू पशुतुल्य हुनु हो भन्ने सन्देश दिन्छन् ।

कवि क्षितिजका कविताहरूले निराशा र विसङ्गतिका विषयवस्तु पनि समेटेका छन् । कवि यस्ता कविताहरूमा देशको वर्तमान अवस्थादेखि सारै निराश देखिन्छन् । उनका प्रयत्नहरू बुद्ध पाउनमा सङ्घर्षरत छन् । हाम्रो समाजमा भएका व्यापक विसङ्गत अवस्थाहरूको चित्रण गर्दै उनी समग्रमा जीवन नै दुःखदायी भएको प्रसङ्ग समेत ल्याउँछन् । उनलाई हाम्रा हरेक समयका झोक्काहरूले गिज्याए जस्तो, के-के नमिले जस्तो र बेमेल भित्रै जबर्जस्त जीन्दगीको डुङ्गा तैरदै गए जस्तो लाग्छ । यस्ता निराशा तथा विसङ्गतिका विषयवस्तु समेटिएका कविताहरूमा 'शिविरबाट फर्केपछि', 'अश्वत्थामाहरू', 'पुनश्च', 'तस्वीर', 'सत्ता', 'नलेखेको पत्र', 'हराएको बुद्ध', 'विसङ्गत', 'समय', 'कोलाज', 'स्वप्नकथा', 'हुलाकघर १ देखि ५' तथा 'नसम्झिनेलाई' आदि हुन् । उनका कविताले कर्मवादी विषयवस्तु पनि उठाएकाछन् । 'शब्दहरू', 'एउटा मोडमा उभिएर', 'अतीतका गीतहरू' जस्ता कविता यसका उदाहरण हुन् । उनका मानवतावादी विषयवस्तु समेटिएको महत्वपूर्ण कविता हो, 'सिल्भियासँग एक साँझ', । यसका अलावा उनी 'अन्धराग', 'अगेनाछेउ गरेको वकसपत्र', 'सिमानापारीबाट', 'फुर्सदमा बूढो मान्छे', 'शिविर' जस्ता कवितामा पनि मानवतावादी विषयवस्तुको उठान गर्छन् । उनी विश्वभर छरिएर रहेका मानवहरूलाई एउटै ठान्छन् । धर्म, जात, राष्ट्रका सीमा यी सबभन्दा माथि उठेर मानवतावादी सोच फैलनुपर्ने उनी आवश्यक देख्छन् । कतै मानवले मानवलाई आफ्नो नठाने कस्ले ठान्छ ? उनका कविताले प्रश्न उठाउँछन् ।

कवि क्षितिज देश र विश्वमा नै परिवर्तन् चाहन्छन् । यथास्थितिमा प्रगति हुँदैन । संसारनै परिवर्तनशील छ । प्रकृतिमा समेत परिवर्तन भई राख्छ भने मानव समाज र देशमा पनि परिवर्तनका आवज बुलन्द हुनु पर्छ भनी उनी कामना गर्छन् । यस्ता विषयवस्तु समेटिएका कविताहरूमा 'एउटा मोडमा उभिएर', 'मनभित्रका मानिस', 'अक्षरहरू' तथा 'यो जोसँग सम्बन्धित छ' आदि हुन् ।

यसरी कवि क्षितिज विभिन्न विषयवस्तुका माध्यमबाट आफ्ना कविताहरूमा पाठकलाई सन्तुष्टि दिलाउन प्रयत्नरत देखिन्छन् । विषयवस्तु छनौट र प्रस्तुतिमा कवि सफल छन् ।

## ५.१.२. संरचना विधान :-

संरचनाका दृष्टिले हेर्दा कवि क्षितिजका समग्र कविताहरू आदि, मध्य र अन्त्यको संरचनामा रहेको पाइन्छ । उनका लघु संरचना भएका कविताहरूमा 'तस्वीर', 'सितारमा युवती', 'कुभिण्डे दह', 'क्षितिज', 'हुलकघर-३' तथा 'नसम्झिनेलाई' हुन् । यी कवितामा उनले थोरै शब्दका माध्यमले धेरै अनुभूति पोखेका छन् । प्रतीकात्मक भाषाका चमत्कारले गर्दा उनका कविता छोटा भए पनि धेरै विषयवस्तु समेटिएका छन् । उनको अभिव्यक्तिमा थोरैमा धेरै अटेको देखिन्छ । उनका मध्यम संरचनामा बाँधिएका कवितामा 'देश', 'विसङ्गत', 'शिविरबाट फर्केपछि', 'झरी', 'समय', 'साथी पठाएर स्टेशनमा केही क्षण', 'अश्वत्थामाहरू', 'पुनश्च', 'अन्धराग', 'अगेनाछेउ गरेको वकसपत्र', 'सत्ता', 'पूर्वपश्चिम', 'छायाँजस्तो सम्झनाको कुरा', 'नलेखेको पत्र', 'शब्दहरू', 'कोलाज', 'सिमानापारिबाट', 'फुर्सदमा बूढो मान्छे', 'शिविर', 'एउटा मोडमा उभिएर', 'स्वप्नकथा', 'सिल्मियासँग एक साँझ', 'आँखामा साउन', 'हराएको बुद्ध', 'मनभित्रको मानिस', 'अतीतका गीतहरू', 'दुर्गम', 'राप्ती तरेर सूर्यास्तमा', 'यो जोसँग सम्बन्धित छ', 'हुलाकघर १,२,४,५', पर्छन् । उनी यी कवितामा त्यति लामा अथवा त्यति छोटा अनुभूतिहरू प्रस्तुत नगरी ठीक्कैको अनुभूति पोख्छन् । उनका कवितामा बृहद् रूप पाउन सकिने एउटा मात्र देखिन्छ । उनको 'खोई मालती ! तिम्रो तिलहरी खोई?' शीर्षकको कविता केही लामो छ । खासगरी उनका कविताहरूमा मध्यम रूपकै बाहुल्यता देखिन्छ ।

कवि क्षितिजका सबै जसो कविताहरूमा उठान, विस्तार र बैठान क्रमलाई उलङ्घन गरिएको पाइँदैन । उनका कविताका संरचनामा सूत्रात्मक कथन पद्धति

अङ्गालिएको देखिन्छ । जसले गर्दा कविताको शिल्प र शैली एवम् अभिव्यक्तिकला सङ्क्षिप्त हुनुपर्छ भन्ने कविता मान्यतालाई कविले आत्मसात गरेको देखिन्छ ।

### ५.१.३. लय विधानः-

लय विधान भन्नाले कविताको पुनरावृत्ति वा शब्दहरूको पुनरावृत्तिबाट उत्पन्न हुन जाने एकप्रकारको शब्द चमत्कार हो । यसले पाठक वर्गलाई नयाँ प्रकारको रसास्वादनको अनुभूति गराउँछ । छन्दको प्रयोग, छन्दको अनुशासन, शब्दको चयन, विचलनको सिर्जनाका साथै भाषिक अनुशासित पद र पदावीलको विन्यास क्रमले कवितामा उत्पन्न हुन जाने श्रुतिमाधुर्यतालाई नै लय भनिन्छ । त्यही लय उत्पन्न गराउनका लागि पालन गरिने शब्दालङ्कार र अर्थालङ्कारको सन्तुलित संयोजनबाट जुनप्रकारको मिठासपूर्ण भाव तरङ्ग श्रोता वा पाठकले अनुभूति गर्छ त्यसैलाई लय विधान भनिन्छ ।

यसरी लय विधानका दृष्टिले हेर्दा क्षितिजका कविता गेयात्मक छन् । उनका कविता गद्य शैलीका भए तापनि उनमा गीति रचना शिल्प प्रयाप्त भएका कारण उनका कवितामा एक किसिमको लयात्मक तरङ्ग देखा पर्दछ । वक्रोक्तिमय अभिव्यक्तिमा समेत तिब्र देखापर्ने यी कविको लयात्मक, साङ्गीतिक र गेय गुण भएका गद्य कविता रच्ने विशेषतलाई साक्षात्कार गराउने पङ्क्तिहरू 'दुर्गम' कविताबाट उद्धृत गर्न सकिन्छ –

"म उभेको माटोले माटो नै बनाउनेछ मलाई !
म हिंडेको बाटोले बाटो नै बनाउनेछ मलाई !!"[९७]

गद्य कविताका लामा-छोटा पङ्क्तिहरूमा पनि उनी लयात्मक चमत्कार देखाउन सक्छन भन्ने कुराको प्रमाण 'खोइ मालती! तिम्रो तिलहरी खोइ?' कविताको यो अंशबाट पनि भेटाउन सकिन्छ–

"आफ्नैहरूले छातीमा भालारोपेर
धमिला छायाँहरूले खुसी मनाइरहेको बेला
गिलास जुधाइरहेको बेला
दीपावली गरिरहेको र पटाका पड्काइरहेको बेला
एउटा जुलुस
असङ्ख्य काला पताकाहरू हल्लाएर गयो
नैतिकताको विरूद्धमा !

९७. ऐजन, पृ.सं.७४

आदर्शको विरूद्धमा !!
प्रकृतिको विरूद्धमा !
मान्छेको विरूद्धमा !!
न्यायको विरूद्धमा !
शान्तिको विरूद्धमा !!

तर्सिएर हिडेँ म
तर जतातत्तै छरिएका दानाहरू देख्छु
च्यातिएका कपडा र चौवन्दीका टुक्राहरू देख्छु
अनि एकतमासले टोलाइरह्यौ तिमी
खोइ मालती ! तिम्रो तिलहरी खोइ?"[९८]

यी उदाहरणहरूबाट कवि क्षितिजमा गद्य कवितमा पनि लय चमत्कार दिन सक्ने सामर्थ्य भएको देखिन्छ ।

## ५.१.४. अलङ्कार विधानः-

कवितामा सामान्य भाषाको खासै अर्थ रहन्न । कलात्मक भाषाले ओतप्रोत छैन भने कविता खाली एउटा बिचारको प्रकटीकरण मात्र हुन्छ । त्यहाँ कुनै सुन्दर आकर्षण रहन्न । चमत्कारपूर्ण भाषाले मात्र कविका कवितामा स्तर थप्ने हो । अलङ्कारले कवितालाई चमत्कारिक वा कलात्मक बनाउँछ । अलङ्कार भन्नाले एक प्रकारको गहना हो, जसले कविताको स्वररूपमा सौन्दर्यता थप्छ र त्यो कवितामा पाठकको नजर पर्छ । अलङ्कार वहिस्कार गरिएको कुनै सिर्जना छ भने त्यसले पाठकमा कुनै प्रभाव पार्दैन । कविताको भाषा विचित्र र चमत्कारपूर्ण हुनुपर्छ । शब्द चमत्कार, वाक्य चमत्कार र कलाको विशिष्ट सिर्जनाले साहित्यलाई सजीव बनाउँछ र साहित्यलाई सबैका लागि उत्तिकै प्रिय पनि बनाउँछ । अलङ्कार विधान भन्नाले कवितामा प्रयोग हुने एक प्रकारको विशिष्ट संरचना शैलीलाई जनाउँछ । अलङ्कार दुई प्रकारका हुन्छन् ।

९८.ऐजन पृ.सं. ९ र १०

### ५.१.४.१. शब्दालङ्कारः-

कुनै पनि कविता रचनागर्दा कविका अगाडि असङ्ख्य शब्दहरू आउँछन् तर ती सबै कविताका लागि प्रयोग गर्न योग्य हुँदैनन् । कविले आफ्नो कवितालाई उत्कृष्ट र विशिष्ट बनाउनका लागि विभिन्न शब्दहरूको चयन गर्दछ जसले कवितालाई विशिष्ट बनाइदिन्छ आदि, मध्य र अन्त्य अनुप्रासको संयोजन, वाह्य समानान्तरताको सिर्जना, कोमल पद र पदावलीको श्रृङ्खलित विन्यासक्रम आदिले कवितालाई विशिष्ट र प्रभावकारी बनाएको हुन्छ । यस दृष्टिले हेर्दा क्षितिजका सम्पूर्ण कविताहरूमा अलङ्कारको चमत्कारपूर्ण प्रयोग भएको देखिन्छ । उनका शब्दहरूमा प्रशस्त बिम्बहरू आएका छन् । प्रतीकात्मक भाषा प्रयोग गर्ने कविले शब्द चयन गर्दा कलाको चमत्कारिकतालाई ख्याल गर्न पुगेका देखिन्छन् । उदाहरणका लागि उनको 'दुर्गम' शीर्षकको कविताबाट निम्न कवितांशलाई हेर्न सकिन्छ–

"म उभेको माटोले माटो नै बनाउँछ मलाई !
म हिंडेको बाटोले बाटो नै बनाउँछ मलाई !!"[९९]

प्रस्तुत कवितांशमा आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको सहज संयोजन भएको देखिन्छ । यस कवितांशको शब्दालङ्कार चमत्कारपूर्ण रहेको देखिन्छ ।

### ५.१.४.२. अर्थालङ्कारः-

कविताको बाह्य पंक्तिले पाठकलाई दिने आनन्दभन्दा अदृश्यरूपमा उसको मन मस्तिष्कमा जुन प्रकारको अदृश्य भाव तरङ्ग उत्पन्न हुन जान्छ , त्यसलाई अर्थालङ्कार भनिन्छ । अर्थले चमत्कारयुक्त हुने भएकाले यसको नामाकरण पनि अर्थालङ्कार भनेर गरिएको हो । यो कविताको बाह्य पक्ष नभएर आन्तरिक पक्ष हो । जुन देख्न सकिदैन, अनुभूति गर्न सकिन्छ । अर्थालङ्कारका दृष्टिले हेर्दा कवि क्षितिजका कविताहरू सशक्त  छन् । उनका कविताहरूमा उपमा रूपक, अतिशयोक्ति, स्वाभावोक्ति आदि अर्थालङ्कारको प्रयोग पाइन्छ । उदाहरणका लागि उपमा अलङ्कारको प्रयोग 'देश' शीर्षकको कवितामा यस्तो देखिन्छ–

"हिउँले छोपेको
कुनै टाकुराझैँ शिर
र नाम्लोको फेटा

---

९९. ऐजन, पृ.सं.७४

निधारमा,
ढाडमा-मानौं नाबालक डोको
खुच्चिएको शिरकको खोलजस्तै अनुहार,
अँध्यारा गुफाझैं निस्तेज आँखा
र कान्तिविहीन
उदास-उदास आकृति र दुब्लो शरीर"[१००]

रूपक अलङ्कारको एउटा उदाहरण 'विसङ्गत' कवितामा यस्तो छः-

"लौ ! यो कस्तो
अनौठो आकृति मान्छेको ?
आँखाको ठाउँमा पोतिएको कालो
मुटुको ठाउँमा ढुङ्गा
ओठको ठाउँमा उराठ बगर
अनि नाकचाहिँ
पाइतालामा र हत्केलामा धारिला नङ्ग्राहरू"[१०१]

स्वभावोक्ति अलङ्कारको एउटा उदाहरण 'शिविरबाट फर्केपछि'

"शिविर सधैं
आँखामा नाचिरहन्छ अचेल,
सुकेको बन्सोजस्तो बनाउँछ मेरा मन
अनि प्रश्नै प्रश्नको
डढेलो सल्काइदिएर उत्तर माग्छ मसँग
गुलाफका थुङ्गाजस्ता
नानीहरूका कोमल पाइताला नअट्ने
के यति साँघुरो छ संसार ?"[१०२]

यसरी कवि क्षितिजका कविताहरूमा शब्दालङ्कार र अर्थालङ्कारको सन्तुलित प्रयोग पाइन्छ ।

---

१००.ऐजन, पृ.सं.२
१०१.ऐजन, पृ.सं.४
१०२.ऐजन, पृ.सं.६

### ५.१.५. भाषाशैली:-

भाषाशैलीका दृष्टिले कवि क्षितिजका कविताहरूमा तत्सम प्रधान पद र पदावलीहरू एकदमै कम मात्रामा प्रयुक्त छन् । कतै पुराना र कतै नयाँ तथा पवित्र बिम्ब र प्रतीकको प्रयोगले कविताको भाषा सतही अध्ययनले नबुझिन सक्छ तर बुझिसकेपछि पूर्ण सन्तुष्टि दिन्छ । ब्याकरणिक पदविन्यासको क्रमलाई विगारेर पनि उनको काव्यरचनाको भाषा स्वभाविक र चमत्कारिक छ । शैलीको विविधतालाई निर्वाह गरेर वार्तालापीय, नाटकीय, विष्मयात्मक, प्रश्नात्मक, आत्मालापीय, चित्रात्मक, प्रतीकात्मक, व्यञ्जनात्मक, व्यङ्ग्यात्मक, बिम्बात्मक, आलङ्कारिक, स्वैरकल्पनात्मक, संस्मरणात्मक, चेनप्रवाह शैली आदिको प्रयोग उनले गरेका देखिन्छन् । शैलीकै विविधताले उनका कविता एकपछि अर्कोमा फराकानुभूति गर्न सकिन्छ । उनका कविता गद्य भाषामा सशक्त छन् । वक्रोक्तिमय अभिव्यक्तिमा समेत तीब्र देखापर्ने यी कविको लयात्मक, साङ्गीतिक र गेय गुण भएका गद्य कविता रच्ने विशेषता पाइन्छ । कवि 'यो जोसँग सम्बन्धित छ' कविताको अंशमा यस्तो भाषाशैलीको प्रयोग गर्छन् –

"मेरै मात्र पेवा हो र दुख्नलाई दुःख ?
नाङ्गा जीउ र भोका पेटको बस्तीको नायक
हिजो मैले यो देशसँग
अलिकति शान्तिमागें, अलिकति न्याय मागें
र मागें थोरै स्नेह,
भित्रभित्रै जलिरहेको प्राचीन रोम भएर म !
मेरो छेउ बजाए केही सुकिला निरोहरूले
आदर्श र उन्भादको बाँसुरी-
पथभ्रष्ट यो युवक सोच्दोरहेछ
देशलाई के दिएँ हैन के पाएँ भनेर
र हुइँकिए उनीहरू
कुल्चिँदै पाङ्ग्राहरूले सडकमा छताछुल्ल पानीजस्ता
हाम्रा निमुखा सपनाहरू,"[१०३]

यसरी भाषाशैलीका दृष्टिले कवि क्षितिजका कविताहरू सशक्त देखिन्छन् ।

१०३. ऐजन, पृ.सं.८०

### ५.१.६. कथनपद्धतिः-

कथनपद्धतिका दृष्टिले हेर्दा कवि क्षितिजका कविताहरू प्रायः प्रथम पुरुषबाट व्यक्त गरिएका आत्मबोधात्मक ढाँचा लिएर आएका हुन्छन् । तर पनि उनका द्वितीय पुरुष र तृतीय पुरुष प्रधान कथन पद्धति अङ्गालिएका कविताहरू नभएका होइनन् । कतिपय कवितामा मिश्रित कथन पद्धति पनि पाइन्छन् । उदाहरणका लागि उनको प्रथम पुरुष प्रधान कथन पद्धतिको 'एउटा मोडमा उभिएर' शीर्षकको कविताको यो अंशलाई लिन सकिन्छ :-

"शुभयात्रा! शुभकामना छ मलाई मेरो
फेरि हिंड्नु छ मैले
आँखा अघि लम्पसार सुतेको यो रातो बाटो,"[१०४]

द्वितीय पुरुष प्रधान कथनपद्धतिको यो उदाहरण, 'क्षितिज' शीर्षकको कविताबाटः-

"जति भाग्न खोज टाढा
क्षितिजबाट,
घेरेर तिम्रो सम्पूर्ण उपस्थिति र चेतनालाई"[१०५]

तृतीय पुरुष प्रधान कथनपद्धतिको यो उदाहरण, 'पूर्व-पश्चिम' शीर्षकको कविताबाट-

"उनीहरू
आफैँले बनाएको त्यो अग्लो टावरमा
उक्लिरहेछन् लिफ्टबाट,
हेरिरहेछन् एउटा कुनामा
कैद गरेर हरिया, पहेंला र राता
रंगीविरंगी फूलहरू"[१०६]

### ५.१.७. केन्द्रीय कथ्य :-

केन्द्रीय कथ्य भनेको समग्र कविताहरूको मूल निचोड हो । कवि क्षितिजका कविताहरूमा उच्च राष्ट्रवादी भावना, नारीप्रतिको सम्मान, प्राकृतिक सौन्दर्यप्रति मोह, नेपाली जीवनशैली, मानवीय दुर्व्यवहार, मानव जीवन र जगतका विकृति र विसङ्गति, देशका सपूतप्रतिको सम्मान भाव, उच्च मानवतावादी भावना, विश्व वन्धुत्वको भावना, युद्धको विरोध, शान्तिको कामना,

---

१०४. ऐजन, पृ.सं.५७
१०५.ऐजन, पृ.सं.७०
१०६.ऐजन, पृ.सं.७० .

जीवनवादी दृष्टिकोण आदि केन्द्रीय कथ्य भएर आएकाछन् । प्रस्तुत विषयहरूकै सेरोफेरोमा उनका कविताहरू घुमेका छन् । प्रशस्त बिम्ब र प्रतीकको प्रयोग गरी उनले नेपाली समाजको चित्रण गरेकाछन् ।

### ५.१.८. निष्कर्ष:-

कवि क्षितिजको 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रहमा ३७ वटा कविता सङ्ग्रहित छन् । यो कविता सङ्ग्हमा गद्यशैलीका प्रचलित र नवीन बिम्ब-प्रतीकको प्रयोग कुशलतापूर्वक भएका कविताहरू छन् । यी कविताहरूमा कतिपय स्थानमा स्वाभाविक रूपमा शब्दालङ्कार र अर्थालङ्कारले सौन्दर्य तथा भावगाम्भीर्य थपेका छन् । गद्यमा वार्तालापीय, नाटकीय, विस्मयात्मक, प्रश्नात्मक, आत्ममालापीय, चित्रात्मक, प्रतीकात्मक, व्यञ्जनात्मक, व्यङ्ग्यात्मक, बिम्बात्मक, आलङ्कारिक, स्वैरकल्पनात्मक, संस्मरणात्मक, चेतनप्रवाह आदि शैलीगत विविधता दिएर कविले यो सङ्ग्रहका कवितालाई विषयवस्तु अनुकूल र भावको प्रतिनिधित्व हुनेखालका बनाएका देखिन्छन् । कवि क्षितिजले शब्दात्मक, पदावलीयुक्त र वाक्यात्मक गरी तीन किसिमका शीर्षकको चयन गरेको देखिन्छ । उनका कविताको राष्ट्रियता, स्वदेशप्रेम, प्रकृतिप्रेम, सामाजिक विकृति र विसङ्गतिलाई औंल्याउँदै कर्तव्यपरायणको ख्याल गरी अगाडि बढ्नु पर्छ भन्दै परिवर्तनका लागि नागरिकहरूलाई सचेत गराउने मुख्य उद्देश्य देखिन्छ । यो सङ्ग्रहको अध्ययनबाट कवि क्षितिज हार्दिक-तरल, सरल-सरस, कोमल-करूण, व्यथित-चिन्तित, जाग्रत-ज्वलन्त, कटु-मधुर, व्यङ्ग्यात्मक-विद्रोहात्मक चेतका कलात्मक कविता सिर्जना गर्ने समकालीन नेपाली कवितायात्राका अगुवा युवा कवि हुन् भन्न सकिन्छ । विविध विषयवस्तुका संयोजन गरी लेखिएका उनका फुटकर कविताहरू सार्थक देखिन्छन् । कवि क्षितिजको यो कृतिले नेपाली साहित्यिमा एउटा नयाँ आयाम थपेको छ ।

## ५.२. रमेश क्षितिजद्वारा रचित गीतिसङ्ग्रहको अध्ययन :-

रमेश क्षितिज कवि मात्र नभएर गीतकार पनि हुन् । उनका गीतका शब्दहरूले नेपालका अत्यन्त चर्चित सङ्गीतकारहरूका सङ्गीत संयोजन तथा चर्चित गायकहरूका सुमधुर स्वर पाएका छन् । उनका गीत शब्दहरूले प्रशस्त मात्रामा रेकर्ड हुने सौभाग्य पाएका छन् । उनका करिव एक सय गीतहरू रकर्ड भएका र नभएका ७८ वटा गीतहरूको सङ्ग्रह हो, 'आफैँ आफ्नो साथी भएँ' गीति सङ्ग्रह ।

विभिन्न समयमा लेखिएका उत्कृष्ट गीतहरूको यो सङ्ग्रह वि.सं.२०६३ सालमा प्रकाशनमा आएको हो । यसका प्रकाशक लेखक स्वयं हुन् ।

गीतकार क्षितिजले यो सङ्ग्रह मार्फत नेपाली आधुनिक गीतलाई नयाँ उचाइ थप्न सकेका छन् । आफ्नै प्रकारका बिम्ब, प्रतीकहरूको साथै अन्य प्रचलित बिम्बहरूको बैसाखी टेकेर उनको गीति यात्रा अगाडि हिँडेको छ । उनी यस सङ्ग्रहमा भएका गीतहरू मार्फत प्रकृतिको राम्रो चित्रण गर्छन् । उनका लगभग धेरैजसो गीतमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रकृतिको चित्रण भेटिन्छ । देश प्रेमका गीतमा पनि उनी उत्तिकै अगाडि छन् । उनी प्रणय भावका गीतमा पनि छाडा छैनन् । यस्ता गीतमा उनले अत्यन्त गहिरो भाव संयोजन गरेको पाइन्छ । भाषा अत्यन्त कलात्मक तथा सङ्गीतमय देखिन्छ । जीवनका सुख-दुःखका अनुभूतिलाई गहकिला शब्दहरूले सजाएका उनका यस सङ्ग्रहका गीतहरूलाई विभिन्न गीति तत्वहरूको आधारमा अध्ययन गर्न सकिन्छ :-

१. विषयवस्तु

२. भाव

३. कल्पना

४. सङ्गीत

५. अलङ्कार, बिम्ब र प्रतीक

६. भाषा

७. संरचना

८. कथनपद्धति

९. केन्द्रीय कथ्य

१०. निष्कर्ष

### ५.२.१. विषयवस्तु :-

गीतकार आफ्ना विभिन्न भावनात्मक अभिव्यक्ति विषयवस्तुका माध्यमबाट टपक्क टिपेर पस्कन्छ । समाजमा छरिएर रहेका यस्ता विषयवस्तुले सामाजिक, प्राकृतिक तथा मानवीय मूल्य र मान्यताको प्रतिनिधित्व गर्छन् । गीतकार रमेश क्षितिजका गीतहरू पनि विभिन्न विषयवस्तुहरूमा एकाकार भएका देखिन्छन् । उनका सबैजसो गीतमा प्रकृतिको राम्रो चित्रण झल्किएको पाइन्छ । प्रत्यक्ष रूपमा प्रकृति प्रधान विषयवस्तु समेटिएका गीतमा 'आँखाभरि हिउँचुली',

'परदेशबाट', 'नीला पहाडहरूछेउ' आदि देखिन्छन् । यसरी प्रकृतिवादी गीतको उदाहरणका रूपमा 'आँखाभरि हिउँचुली',लाई लिन सकिन्छ :-

"आँखाभरि हिउँचुली छङ्छङ् बग्ने खोला
फेरियो कि मेरो गाउँ अझै उस्तै होला !"[१०७]

उनका गीतहरूमा प्रणयभावका सशक्त अभिव्यक्तिले पनि प्रशस्त ठाउँ पाएको देखिन्छ । प्रणयभावका विषयवस्तु समेटिएका यिनका गीतमा छाडा मायाप्रीतिका कुराहरू नभई अत्यन्त सभ्य तथा श्लील भावहरू कलात्मक शब्दजालमा उनिएका छन् । उनले प्रेमलाई सम्मान गर्छन् तर भड्किलो होइन गम्भीर पाराले । उनका प्रणयभावका गीतहरूमा 'हालखवर', 'उखेलिएको फूल', 'अनिँदो रात', 'परेलीको वर्षात्', 'झरी', 'बिदाई', 'बासइँ सरेपछि', 'आरोप', 'ती पुरानादिनहरू', 'छुट्नु अघिल्लो रात', 'असमर्थ', 'पहिलो भेट', 'कुर्दाकुर्दै', 'आग्रह', 'आधी ज्यान', 'झरीमा एक साँझ', 'मायाको चिनो', 'तृष्णा', 'वैगुनी', 'गीतको निशानी', 'कुमारी सपना', 'यसपालिको शरद', 'यौटा पीर', 'जीवन गीत', 'प्रेम', 'दिदृच्छा', 'बालुवाको घर', 'मनको दुःख', 'चोट', 'मौन सम्वाद', 'लत', 'आफ्नो मर्म', 'पाहुना खुसी', 'यही भाग मेरो', 'पराइ आफन्त', 'विरानो सहरबाट', 'रूँदारूँदैको हाँसो', 'कर्कलाको पानी', 'जूनको छायाँ', 'वर्षौ पछिको भेट', 'फेरि उही नाउँ', 'लोक दुःख', 'फरक', 'विछोड', 'आँसु', 'पश्चाताप', 'आफ्नै बैरी मन', 'बालापन', 'आधी कथा', 'एक्लो', 'नदी किनारमा', 'जे जे पर्ला' आदि हुन् । उनका यी गीतले पवित्र प्रेमलाई आत्मसात गरेको पाइन्छ । उदाहरणका रूपमा यहाँ 'उखेलिएको फूल' शीर्षकको गीत भित्रको यो हरफलाई लिन सकिन्छ :-

" तिर्खाएको ककाकुलसरी भएँ
कुनै नमीठो भूलसरी भएँ
अनायासै उठी तिमी हिँडेपछि
म उखेलिएको फूलसरी भएँ ।"[१०८]

प्रस्तुत हरफमा उनले आफ्नो प्रेमी वा प्रेमिकाले अर्कै बाटो मोडेपछि उखेलिएको फूलजस्तै आफू भएको अभिव्यक्ति दिएको देखिन्छ ।

क्षितिजका गीतहरू विषयवस्तका दृष्टिले विविध खालका छन् । उनले प्रकृति र प्रणयलाई मात्र होइन आफ्ना गीतमा मानवतावादी विषयलाई पनि उठाएका छन् । मान्छे मान्छे जस्तै हुनुपर्छ पशुजस्तो अधम बनेर मान्छेले नै

१०७. रमेश क्षितिज 'आफैँ आफ्नो साथी भएँ' (स्वयं) पृ.सं.१२
१०८. ऐजन, पृ.सं.१५

मान्छेको हत्या गर्नु, लुटपाट मच्चाउनु तथा कुटपिट गर्नु ठूलो भूल हो । यसले कसैको हित हैन समाजमा साम्प्रदायिक दङ्गा र देशमा गृहयुद्ध मच्चाउँछ भन्ने उनको विचार देखिन्छ । मानव भएर मानवकै व्यवहारमा बाँच्न पाउनु पर्ने विचार पोखिएका उनका गीतहरूमा खासगरी 'मलाई नमार' र 'उकालोमा सान्नानी' शीर्षकका गीतलाई लिन सकिन्छ । यहाँ उदाहरणका लागि 'मलाई नमार' शीर्षकको गीतको यो हरफलाई लिन सकिन्छ :-

"रगताम्मे नदी मैलो छ आकास
तर गर्छु अझै मान्छेमै विश्वास
मान्छे भई माग्छु मान्छेको प्यार
मलाई नमार ! मलाई नमार !!"[१०९]

प्रस्तुत हरफमा उनले रगतै रगतको नदी बग्दा पनि मान्छेमै विश्वास गर्ने र मान्छेमै प्यार माग्ने प्रयन्त गर्दै गरेका देखिन्छन् ।

गीतकार क्षितिजले आफ्ना गीतहरूमा निराशावादी विषयवस्तुलाई पनि समेटेका छन् । उनले प्रेममा धोका खाएर, मानवीय विश्वास गुमाएर, देशको दुरावस्थादेखि जीवनबाट नै वाक्क भएको तथा निराशामा बाँच्न कठिन भएको विसङ्गतिपूर्ण अभिव्यक्ति केही गीतबाट दिएका छन् । उनका यस्ताखालका गीतमा 'मेरो जीवन', 'उदास साँझ', 'प्रस्थान', 'आफैलाई खोजी हिँड्दा', 'आफैं आफ्नो साथी ', ऐँठनमा जिन्दगी', 'अनपेक्षित' (गजल), 'मग्न मन', 'मीठो दुःख', 'तारा गन्दै रातमा', 'वेइमानी', 'ऐना हेर्दै', 'जीउने ढङ्ग', 'मेरो गीत', 'ढुङ्गाको मन' आदि हुन् । उदाहरणका लागि यहाँ 'आफैंलाई खोजी हिँड्दा' शीर्षकको गीतबाट यो हरफलाई लिन सकिन्छ :-

"अरूलाई जिन्दगी रमाउने चियावारी
मलाई यो जिन्दगी शिरमाथि ढुङ्गे भारी
हिँड्दा हिँड्दै भेटिएँ दोबाटोमा छुट्टिएँ
पीडा जति आफ्नो भो खुसी जति सुम्पिएँ "[११०]

यस हरफमा उनले अरूको लागि जिन्दगी चियावारी जस्तै रमाइलो हुँदा पनि आफूलाई ढुङ्गाको भारी भएको र खुसी जति सबैले लिएर आफूलाई पीडा दिएकाले आफू निराश भएको अभिव्यक्ति दिएका छन् ।

१०९ ऐजन, पृ.सं.२३
११०. ऐजन, पृ.सं.३८

गीतकार क्षितिजले आफ्ना गीतमा राष्ट्रवादी विषयवस्तुलाई पनि सशक्त बनाएका छन् । राष्ट्र नै जनताको घर हो यसर्थ राष्ट्रप्रति जनताको जिम्मेवारी ठूलो छ । जब राष्ट्रप्रति केही गरिन्न तब नागरिक बन्नु पनि निरर्थक हो । नागरिकताद्वारा पहिचान दिलाउन पनि नागरिकले राष्ट्रप्रति केही समर्पण गर्न सक्नुपर्ने उनको धारणा देखिन्छ । यस्ता राष्ट्रप्रति सम्मान गरिएका उनका गीतहरूमा 'पौरखीलाई', 'गौरव', 'मेरो घर', 'काँगडाको कथा सम्झ', 'एउटा प्रश्न' आदि हुन् । उनले राष्ट्रवादी चेतना धेरै गीतहरूमा दिन खोजेता पनि यी गीतमा प्रत्यक्ष रूपमा दिएका छन् । उनको राष्ट्रवादी विषयवस्तु उठान भएको गीत 'पौरखीलाई' शीर्षकबाट यो हरफ उदाहरणका लागि लिन सकिन्छ :-

"मोती फल्छ मोती यहाँ लहलाहाउँदो हराभरा
छोएपछि हत्केलाले खेतवारी गरागरा
आफ्नो भन्दा बढी माया स्वदेशको लागेपछि
उन्नतिको शिखर पनि धेरै टाढा कहाँ छ र ?"[१११]

यसहरफमा उनले कर्मगरे यहाँ मोती सजिलै फलाउन सकिने र आफ्नो भन्दा देशको माया ज्यादा गरेपछि उन्नतिको शिखरमा सजिलै चढ्न सकिने अभिव्यक्ति दिएका छन् ।

यसरी विषयवस्तुलाई विविधता दिएर गीत रचना गर्न सक्ने हैसियत भएका क्षितिज जुनसुकै विषयवस्तुमा पनि सरल र सहज गेयात्मक अभिव्यक्ति दिन सफल छन् ।

### ५.२.२. भावः-

गीतमा भाव मूलतः भाषाका माध्यमबाट प्रकट हुन्छ र यो दुःख सुखात्मक जस्तो भएपनि हृदयमा अवस्थित यथार्थमूलक सत्य वा मानसिक सत्यको अभिव्यक्ति हो । भावको प्रयोगबिना गीत घतलाग्दो वा हृदयस्पर्शी हुनै सक्तैन । भावको मात्रामा शिथिलता आउनासाथ गीतमा वाह्य विषयको प्रवेश आरम्भ हुन्छ र यो वस्तुपरक हुन शुरू गर्छ । यस्तो महत्वपूर्ण भाव पक्षको चर्चा पूर्व र पश्चिमका विद्वानहरूले प्राचीनकालदेखि गर्दै आएको देखिन्छ । रसको चर्चा गर्दा स्थायी भावको अनिवार्य चर्चा गर्नुले यसको महत्व पुष्टि हुनजान्छ ।

गीतकार क्षितिजका गीतमा पनि विभिन्न भावहरू प्रकट हुन गएका देखिन्छन् । कतै करूणाका भाव, कतै उत्साहका भाव, कतै शम भाव, कतै हास भाव, कतै शोक भाव आदि उनका गीतहरूले प्रकट गर्न पुगेका देखिन्छन् । उनका

---
१११. ऐजन, पृ.सं.५६

गीतहरूले पाठक वा श्रोताको अन्तर्मनका भावहरूको बढीभन्दा बढी प्रतिनिधित्व गरेका देखिन्छन् । भावमा विविधता दिन उनी सफल गीतकार हुन् । उदाहरणका लागि उत्साह भाव दिने 'मेरो घर' शीर्षकको गीतबाट यो हरफलाई लिन सकिन्छ–

"कुनै ठूलो दर्शनको
किताब मेरी आमा
आफू रूभ्दै लुकाउँछिन्
सन्तान खोकिलामा
भन्छिन् नाउँ कमाउनू रे
छाति चौडा बनाउनू रे
हजार ताराहरूबीच
जून भई उदाउनू रे"[११२]

उनले यस हरफ मार्फत देशभक्त नागरिकलाई कर्म गरेर छाति चौडा बनाई जून जस्तै उदाउन उत्साह दिएका छन् ।

**५.२.३. कल्पनाः-**

कल्पनाको सामान्य अर्थ 'स्मृतिपटमा उत्पन्न नयाँ कुरा' भन्ने  हुन्छ । कल्पनाले अज्ञात वा रहस्यका गर्भमा रहेका कुराहरूलाई पनि ज्ञात गराउने तथा प्रकट गराउनुका साथै काव्यलाई कोरा इतिहास र फोटोकपी यथार्थ हुनबाट जोगाउँछ । गीतमा कल्पनाको प्रयोग प्रशस्त हुन्छ । कल्पना र यथार्थबीचबाट निस्कने गीत भावपूर्ण हुन जान्छ । गीतकार क्षितिजका गीतमा पनि कल्पनाको प्रयोग भएकै देखिन्छ । ज्यादै कल्पनाको गहिराईमा नडुबे पनि उनी केही हदसम्म कल्पनामै रमेको देखिन्छ । उनको 'गीतको निशानी' शीर्षकको गीतलाई यहाँ अगाडि सार्न सकिन्छः-

"नुहँला म भोलि मेरो गीत नहोला
तिमी खोज्नु यसमा गहिरो सम्भना
नहोला फेरि भेट नहोला साथ यो
नबिर्से आउँला म आँखामा अल्भिन"[११३]

यस हरफमा उनले आफू र आफ्नो गीत भोलि नहुन पनि सक्छ तर मायालुले सम्भे आँखामा आउन सक्ने कल्पना गरेका छन् ।

११२. ऐजन, पृ.सं.५२
११३. ऐजन, पृ.सं.३९

### ५.२.४. सङ्गीतः-

गीतलाई जीवन्त बनाउने काम नै सङ्गीतको हो । सङ्गीतले नै गीतको बेग्लै पहिचान बनाई दिएको देखिन्छ । अन्यथा कविता र गीतमा खासै भिन्नता पाउन गाह्रो पर्ने थियो । गीतकारहरू आनन्ददायक ध्वनिको ढाँचा सिर्जना गर्न तथा अर्थलाई अझ प्रभावकारी बनाउनका लागि सङ्गीतको प्रयोग गर्छन् । सङ्गीतलाई लय र ध्वनिसङ्गीतमा वर्गीकरण गरेर हेर्न सकिन्छ । लयको सम्बन्ध समय र गतिसँग हुन्छ । उही समयमा पढ्न वा गाउन सकिने गरी पङ्क्ति-पङ्क्तिबीच भाषाका स्वर तथा व्यञ्जन वर्णहरूको सही व्यवस्थापन गरिँदा लय प्रकट हुन्छ भने यसमा स्वर तथा व्यञ्जन वर्णहरूको सङ्ख्या, बलाघात तथा सुरले महत्वपूर्ण भूमिका निर्वाह गर्छ र यसले गर्दा नै गीतलाई गेय बनाउँछ । लयका आधारमा क्षितिजका गीतहरू बलिया छन् । प्रायः पद्यमा लेखिएका उनका गीतमा गति, यतिलाई ख्याल गरिएको हुन्छ । जसको उदाहरण 'आफैँलाई खोजी हिँड्दा' शीर्षकको गीतको यो हरफ पनि एक हो :-

"मुर्चुङ्गामा रोएँ म सारङ्गीमा रेटिएँ
खोजिहिँडे आफैँलाई आँसुभित्र भेटिएँ"[११४]

प्रस्तुत हरफमा आदि, मध्य र अनत्यमा गति विश्रामका कारण गीत लयात्मक भएको छ । यसैगरी सङ्गीतभित्र ध्वनिसङ्गीतको पनि महत्वपूर्ण भूमिका देख्न सकिन्छ । गीतमा सङ्गीतको सृष्टि लयका साथै एउटै पङ्क्ति वा पङ्क्ति-पङ्क्तिबीच दोहरिएर आउने एउटै वा एकै प्रकारको वर्ण वा पद, पदावलीहरूले पनि गर्न सक्छन् । गीतमा धेरैजसो अनुप्रासका कारण सङ्गीतको सृष्टि हुन्छ । यसरी भाषाका माध्यमबाट अभिव्यक्त हुने लय तथा भाषिक ध्वनिसङ्गीतका कारण गीत सङ्गीतात्मक बन्छ भने मौखिक (गायन) वा वाद्यसङ्गीतको प्रयोग पनि गीतमा हुने गर्छ । शब्दलाई नृत्यसँग जोड्ने पुलको काम गीतमा सङ्गीतले गर्ने हुँदा यसको स्थान महत्वपूर्ण छ । गीतकार क्षितिजका गीतहरू पनि सङ्गीतमय छन् । ध्वनिसङ्गीतका पक्षमा उनका शब्दहरू सल्बलाएका पाउन सकिन्छ । उनको सङ्गीतप्रतिको प्रतिवद्धताकै कारण उनका सयौँ गीतले प्रचलित सङ्गीतकारका सङ्गीत पाएका र रेकर्ड भएका छन् । ध्वनिसङ्गीतको प्रयोग भएको उनको 'परदेशबाट' शीर्षकको गीतको पहिलो हरफलाई यहाँ उदाहरणका रूपमा लिन सकिन्छः-

---

११४. ऐजन, पृ.सं.३८

"दसैं सम्झैं, तिहार सम्झैं, सम्झैं अरूचाडहरू
नाघ्नै गाह्रो भयो मलाई अग्ला अग्ला पहाडहरू !"

यहाँ शब्द-शब्द दोहरिनुका साथै अन्त्यानुप्रास समेत मिली सङ्गीतको सिर्जना भएको छ ।

## ५.२.५. अलङ्कार, बिम्ब र प्रतीकः-

गीतका गहना अलङ्कार, बिम्ब र प्रतीक हुन् । यिनको उपयुक्त प्रयोगले गीतले जीवन्तता पाउन सक्छ । अलङ्कारका दृष्टिले हेर्दा क्षितिजका गीतहरूमा शब्दालङ्कार तथा अर्थालङ्कार दुबैको उपयुक्त प्रयोग छ । शब्दालङ्कार अन्तर्गत अनुप्रासले उनका गीतहरू सजिएका छन् । आद्यानुप्रास, मध्यानुप्रास तथा अन्त्यानुप्रास मध्य अन्त्यानुप्रास प्रायः सबै गीतमा भेट्न सकिन्छ । यसका साथै अर्थालङ्कार अन्तर्गत उपमा, रूपक, अतिशयोक्ति, विरोधाभास आदिको प्रयोगले उनका गीतले सशक्तता प्रदान गरेका छन् । उदाहरणका लागि 'असमर्थ' शीर्षकको गीतबाट यो हरफलाई लिन सकिन्छ :-

"घाम खोज्दै हिडे बादल झरीमा
डुबेको छु आफैं भुमरीहरूमा
नमाग मसँग किनारा नमाग
भुइँमा छु आकासका जूनतारा नमाग"[११६]

यस हरफमा अतिशयोक्ति अर्थालङ्कारको प्रयोग देख्न सकिन्छ ।

गीतभित्र बिम्बको उपस्थितिले पनि गीतलाई सशक्त बनाउँछ । सामान्य अर्थमा कुनै वस्तु, कार्य, भाव, विचार तथा संवेगमय मानसिक तस्वीरहरूलाई प्रतिनिधित्व गर्ने भाषिक एकाईलाई बिम्ब भनिन्छ । कुनै भनाईलाई सादृश्यात्मक बनाउन बिम्बले ठूलो भूमिका खेल्छ । गीतकार क्षितिजले आफ्ना गीतहरूमा प्रचलित र अप्रचलित किसिमका बिम्बहरूको प्रयोग गरी गीतलाई अँझ हृदयस्पर्शी बनाएको पाउन सकिन्छ । मौलिक बिम्बको समेत सचेततापूर्वक उनले प्रयोग गर्न सक्छन् । उदाहरणका लागि दृश्यात्मक बिम्बको प्रयोग भएको 'नीला पहाडहरूछेउ' शीर्षकको गीतबाट यो हरफलाई लिन सकिन्छ :-

"यी धुपीका बोटमा सुस्ताई जाने को हो ?
पारि कहीँ मीठो गीत गुन्गुनाउने को हो ?
हिउँदमा झरेका हाँगा-पातहरू पलाइसकेछन्
साँझको आकाशबाट तारा कहाँ झरेको छ !"[११७]

---

११६. ऐजन, पृ.सं.२७

गीतभित्र प्रतीकको उपस्थिति पनि महत्वपूर्ण छ । प्रतीक बिम्बकै विशिष्ट रूप हो किनभने खास धारणा व्यक्त गर्ने बिम्बलाई नै प्रतीक भनिन्छ । प्रतीकले आफ्नो वास्तविक अर्थलाई अर्को वस्तुमा आरोपित गरी गीतको कुनै पङ्क्ति , अनुच्छेद वा पूरै गीतलाई नै पनि ध्वन्यात्मक बनाइदिन्छ । गीतकार क्षितिजका गीतमा पनि प्रतीकको बाक्लो उपस्थिति छ । उनी व्यक्तिगत र स्थानीय प्रतीकहरूको ज्यादा प्रयोग गर्छन् । उदाहरणका लागि 'पहिलो भेट' शीर्षकको गीतबाट यो हरफलाई लिन सकिन्छः-

"राप्तीको किनारमा सुनगाभाको फूल फूल्यो
तिमीसँग भेट के भो जिन्दगीको अर्थ खुल्यो"[११८]

प्रस्तुत हरफमा स्थानीय प्रतीकको उपस्थिति देख्न सकिन्छ ।

यसरी गीतकार क्षितिजका गीतहरू अलङ्कार, बिम्ब र प्रतीकको प्रयोगका दृष्टिले पनि सशक्त छन् ।

## ५.२.६. भाषाः-

गीत भाषाका माध्यमबाट अभिव्यक्त हुने कला विशेष हो । यसैले यसको भाषा सरल तथा मितव्ययी हुनु आवश्यक देखिन्छ । भाषामा प्रशस्त विचलन ल्याएर यसलाई श्रुतिमधुर बनाउन सकिन्छ । साङ्केतिक भाषाको प्रयोग हुने हुँदा गीत जो कोहिले सजिलै बुझ्न सक्ने खालको हुन्छ । भाषाका दृष्टिले हेर्दा गीतकार क्षितिजका गीतहरू सबल छन् । गेय गुण उनका हरेक गीतमा पाउन सकिन्छ । पद्यशैलीको भाषा बढी प्रयोग भएतापनि कतैकतै गद्य भाषामा पनि उनी सङ्गीतको सुगन्ध दिन सफल छन् । तत्सम शब्दको त्यति प्रयोग नगरी उनी स्थानीय नेपाली भाषिकाका शब्द समेत आफ्ना गीतमा पैँचो लिन्छन् । उनले हरेक गीतलाई लयात्मक बनाउन अथक परिश्रम गरेको देखिन्छ । गीतको लागि उपयुक्त भाषाको छनोट गर्न सक्ने सामर्थ्य भएका क्षितिजको 'परदेशबाट' शीर्षकको गीतबाट यो हरफको भाषा उदाहरणका रूपमा लिन सकिन्छ–

"गाउँभरि रङ्गीचङ्गी खेले होलान् देउसी भैलो
यसपालि त फेरूँ भन्थे चौबन्दीको धूलोमैलो
रोपीहोली बहिनीले आँगनमा सयपत्री
बिर्स्यो भनी रोई होली मैले सम्झेँ कतिकति!"[११९]

---

११७. ऐजन, पृ.सं.८३
११८. ऐजन, पृ.सं.२८
११९.ऐजन, पृ.सं.१३

### ५.२.७. संरचनाः-

गीत गेयात्मक रचना भएकाले यसको संरचना पनि संक्षिप्त खालको नै हुन्छ । गीतकार क्षितिजका गीत पनि खासै लामा संरचनामा बाँधिएका छैनन् । उनको भाषा प्रतीकात्मक भएका कारण पनि उनले छोटोमा धेरै अभिव्यक्ति दिन सकेका छन् । आख्यानको उपस्थिति खासै नहुने हुँदा उनका गीत पनि आदि, मध्य र अन्त्यको संरचनामा बाँधिएका हुँदैनन् । आदि देखि अन्त्य सम्ममै विषयवस्तुको प्रस्तुति उही सेरोफेरोमा घुमेको पाइन्छ । रैखिक ढङ्गमा नभई गीतकै विशेषता अनुरूप उनका गीतमा पनि स्थायीमा अभिव्यक्त एउटै मूल भावको केन्द्रीयतामा अन्तरा भागको भाव घुमेको देख्न सकिन्छ ।

### ५.२.८. कथनपद्धतिः-

कथनपद्धति भन्नाले गीतको भाव अभिव्यक्त गर्ने तरिका हो । गीतमा गीतकारले आफै वा द्वितीय वा तृतीय पुरूषको नाम वा सर्वनामको माध्यमबाट विषयवस्तुको प्रस्तुति गर्छ । गीतकार क्षितिज पनि धेरै जसो गीतमा प्रथम पुरुषको सहायताले आत्मबोधात्मक ढाँचामा अभिव्यक्ति दिन्छन् । केही गीतमा भने उनी द्वितीय तथा तृतीय पुरुष प्रधान कथनपद्धति प्रायोग गर्ने गर्छन् । यसका साथै उनका गीतहरूमा मिश्रित कथनपद्धतिको प्रायोग पनि पाइन्छ । उदाहरणका लागि प्रथम पुरुष प्रधान 'गौरव' शीर्षकको गीतबाट यो अनुच्छेदलाई लिन सकिन्छः-

"आकाशजस्तो छाति मेरो पहाडजस्तो मुटु
जहाँ जहाँ जाऊँ मैले मेरै नेपाल भेटूँ
दुःखमा पनि नझुकूँ म शिर ठाडो बनोस्
थोपा-थोपा रगतले नेपाली हुँ भनोस्"[१२०]

### ५.२.९. केन्द्रीय कथ्यः-

गीतकारको गीति अभिव्यक्तिको निचोड केन्द्रीय कथ्यमा दिइने गरिन्छ । गीतकार रमेश क्षितिजका गीतमा पनि अनेक अभिव्यक्ति आएका छन् । उनका गीतहरूमा उच्च राष्ट्रवादी भावना, नारीप्रति सम्मान, आमाप्रति सम्मान, प्राकृतिक सौन्दर्यको वर्णन, सामाजिक परिवेशको वर्णन, युद्धको विरोध, शान्तिको कामना, प्रेमको स्वच्छ प्रस्तुति, मानवताको पूजा जस्ता दृष्टिकोण केन्द्रीय कथ्य

---
१२०.ऐजन, पृ.सं.५७

भएर आएका छन् । यी विविध विषयवस्तुको सेरोफेरोमा उनका गीतहरू फन्फनी घुमेका देखिन्छन् ।

## ५.२.१०. निष्कर्ष:-

गीतकार रमेश क्षितिजको 'आफैं आफ्नो साथी भएँ' गीत सङ्ग्रहमा ७८ वटा गीत सङ्ग्रहित छन् । विभिन्न रेकर्ड भएका र नभएका गीतहरूले यो सङ्ग्रह सजिएको छ । प्रशस्त अलङ्कार, बिम्ब र प्रतीकको प्रयोग यो सङ्ग्रहका मौलिक विशेषता हुन् । जीवनका सुख-दु:खका अनुभूतिको आत्मबोधात्मक प्रस्तुतिका साथै प्रकृतिको सुन्दर वर्णन र माया प्रीतिको सुन्दर अभिव्यक्तिले प्रस्तुत कृति सशक्त बनेको छ । आत्मलापीय, चित्रात्मक, प्रतीकात्मक, व्यञ्जनात्मक, व्यङ्ग्यात्मक, बिम्बात्मक, आलङ्कारिक, संस्मरणात्मक आदि शैलीभित्र अधिकांश पद्य र आंशिक गद्य गीत रचना यसको मूल विशेषता हो । यस सङ्ग्रहमा गीतकारले गीतलाई विषयवस्तु अनुकूल र भावको प्रतिनिधित्व हुने खालको बनाएका छन् । यस सङ्ग्रहमा शब्दात्मक र पदावलीयुक्त दुई किसिमका शीर्षकको चयन गरिएको देखिन्छ ।

गीतमा नभई नहुने गेयात्मक गुणहरूले यो सङ्ग्रहका गीत सजिएका छन् । भाषामा विचलनताले पनि उनका गीतहरू साङ्केतिक हुन मद्दत पुऱ्याएको देखिन्छ । समग्रमा यो सङ्ग्रहले नेपाली आधुनिक गीतमा नौलो आयाम थपेको छ ।

# छैठौँ परिच्छेद

## ६. क्षितिजका काव्यात्मक प्रवृत्तिको अध्ययनः-

## ६.१. रमेश क्षितिजका कवितात्मक प्रवृत्तिहरूः-

क्षितिज आधुनिक नेपाली कविताका समसामयिक धाराका कवि हुन् । उनका कविताले विविध प्रवृत्ति भएका कविका रूपमा उनलाई चिनाएका छन् । औपचारिक कविता यात्रामा उनले प्रशस्त कविताहरू पत्र-पत्रिकामा प्रकाशन गरे । उनका प्रकाशित कविताहरू तथा 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रहको सेरोफेरोमा रहेर उनका कवितात्मक प्रवृतिहरू नियाल्न सकिन्छ । कवितामा मानवीय सूक्ष्म त्रासदी, यथास्थितिप्रतिको विद्रोह, युगीन चेतना, समय र आत्मबोधको प्रचुरतालाई समाबेश गर्ने कवि क्षितिजका काव्यात्मक प्रवृत्तिहरूलाई यहाँ क्रमशः चर्चा गरिन्छः-

### ६.१.१. प्रकृति चित्रणः-

कवि क्षितिज प्रकृतिप्रेमी कवि हुन् । उनका अधिकांश कविता प्रकृतिकै विभिन्न बिम्ब, प्रतीक तथा वर्णले सजिएका छन् । उनी कतै जङ्गल, कतै खोला-नदी, कतै ताल-तलाउ, कतै हिमाल-पहाडको वर्णन र तिनको अवस्थालाई मानवीकरण गर्न सिपालु कवि हुन् । उनले कवितामा एक वा अर्को रूपमा खोला, पहाड, घुम्ती, गोरेटो र साँझ जस्ता बिम्ब प्रयोग गरेका छन् । प्रकृतिकै खटन-पटनमा मानवजीवन संचालित भएकाले उनका भावनाहरूमा पनि प्रकृति चाहेर वा नचाहेरै पनि आउने गरेको देखिन्छ । उनले प्रकृतिलाई विविध रूपमा आफ्ना कविताभित्र चित्रण गरेका छन् । यसरी उनी प्रकृतिप्रेमी कवि हुन् भनेर ठोकुवा गर्न सकिन्छ ।

### ६.१.२. स्वदेशप्रेमः-

कवि क्षितिजका कविताहरूमा स्वदेश अर्थात् आफू जन्मेको देश नेपालप्रति औधी सम्मान र आस्था प्रकट गरिएको छ । उनले 'देश', 'समय', 'अगेनाछेउ गरेको वकसपत्र', 'पूर्वपश्चिम', 'शिविर', 'स्वप्न कथा', 'दुर्गम' जस्ता कविता मार्फत स्वदेशप्रेमको राम्रो उदाहरण प्रकट गरेका छन् । उनले वर्तमानका नेपालीहरूले काँगडाको इतिहास बिर्सिएको, विदेशप्रतिको मोह बढाएको देखेर दुःखेसो पोखेका छन् । हामीले जे गर्नु छ स्वदेश निम्ति गर्नुपर्छ भन्ने भावना

उनका कविताहरूले जगाएका छन् । उनी आफ्ना कवितामा देशलाई ‘आमा’ वा ‘माटो’ भनी सम्बोधन गर्दछन् ।

### ६.१.३. सामाजिक एवम् राजनैतिक विकृति र विसङ्गतिको विरोधः–

कवि क्षितिज नेपालको सामाजिक अवस्थादेखि चिन्तित देखिन्छन् । उनले युवाहरू जुवातासको र मादक पदार्थको सेवनको कूलतमा फसेको देखेर अवको नेपाल कस्तो होला ? भनी प्रश्न चिह्न खडा गरेका छन् । उनलाई नेपाली समाजको प्राचीन मूल्य र मान्यतामा विचलन आउँदा चिन्ता छ । राजनैतिक विकृतिका कारण समाज दिनानुदिन विखण्डित भइरहेको, वर्गीय विभेदले जन-जीवन कष्टकर भएको, लिङ्गीय, जातीय, वर्गीय, क्षेत्रीय जस्ता दङ्गाहरूको संभावना वढ्दै गएको, राजनीति गर्नेहरू आफूलाई मालिक र जनतालाई नोकर ठानिरहेको, देश दिनानुदिन गरिब बन्दै गएको देखेर उनीले आफ्ना कविता मार्फत असन्तुष्टि देखाउँछन् । उनका कविताहरूमा सामाजिक एवम् राजनैतिक विकृति र विसङ्गतिको पर्याप्त बिरोध पाइन्छ । उनका यस्ता कविताहरूमा ‘विसङ्गत’, ‘समय’, ‘अश्त्थामाहरू’, ‘सत्ता’, ‘हराएको बुद्ध’ आदि शीर्षकका हुन् ।

### ६.१.४. युद्ध र अशान्तिको विरोधः-

युद्ध कसैको चाहना हुँदैन तर नचाहँदा नचाहँदै कहिले काहीँ हामीलाई स्वीकार्न र भोग्न वाध्यता पर्न जान्छ फलस्वरूप समाजका सारा विकास ठप्प हुनुका साथै सन्त्राशको वातावरण फैलन जान्छ । हो यी र यस्तै अवस्थाले गुज्रन बाध्य भयो हाम्रो नेपाल । हाल आएर पनि खासै शान्तिको अनुभूति गर्न नपाएको हाम्रो नेपालमा अँझै के हुने थाहा छैन । यस्ता अशान्त वातावरणको विरूद्धमा पनि कवि क्षितिजले कलम चलाएका छन् । उनका केही कवितामा शान्तिका लागि बुद्धको खोजी गरिएको छ । उनका कवितामा उनी नेपालीले नेपालीलाई मार्नु ठूलो अपराध भएको ठान्छन् । उनले युद्ध होइन शान्तिपूर्ण परिवर्तनको अपेक्षा गरेका छन् । कतै पनि निर्धक्क घुम्न, कुरा गर्न र काम गर्न पाइयोस भन्ने उनको चाहना छ । शान्तिका प्रतिमूर्ति गौतम बुद्धको देशमा यद्धको महामारी फैलनु कदापि स्वीकार्य होइन भन्ने उनको धारणा कवितामा हामी प्रशस्त पाउँछौं । अशान्तिदेखि ज्यादै चिन्तित देखिन्छन् । उनका कविताहरूले शान्तिको कामना धेरै ठाउँमा गरेको पाइन्छ ।

### ६.१.५. अन्धपरम्पराको विरोधः-

कवि क्षितिजका कविताहरूमा हाम्रो समाजलाई छपक्क छोपेका अन्धपरम्पराको विरोध भेटाउन सकिन्छ । उनी दुनियाँ विकासको आधुनिक चरणमा हिंडिरहेको बेलामा नेपाल अन्धपरम्परामा नै रूमल्लिएको देख्दा छक्क परेका देखिन्छन् । अन्धपरम्पराकै कारण उनी समाज विकासमा अवरोध रहेको देख्छन् । सत्यताको खोजी गर्न नसक्नु र सक्नेले पनि आफ्नो फाइदाका लागि सहजै स्वीकार्नु वा स्वीकार्न बाध्य पार्नु मूल कमजोरी भएको उनका कविताले गरेका छन् ।

### ६.१.६. नैतिक आदर्शप्रति जोडः-

कवि क्षितिजले आफ्ना कविताहरूमा नैतिक आदर्शलाई पनि जोडदार रूपमा उठाएको देखिन्छ । उनी नेपाली समाजमा नैतिक मूल्य र मान्यता घट्दै गएको देख्छन् । युवाहरू धुम्रपान, मद्यपान र लागु पदार्थमा बढी लिप्त हुँदा सामाजिक नैतिकताले सीमा नाघेको उनी देख्छन् । हरेक दृष्टिले बहिस्कृत चीजबीजको सेवनले नै नैतिकतामाथि धावा बोलको उनी देख्छन् । यसैगरी नारी अस्मिता लुट्न पल्केकाहरूले नैतिकताको बाँध तोडी समाजलाई प्रदुशित तुल्याएको उनका कविताले औंल्याएका छन् । नैतिक चरित्र उल्लङ्घनकै पराकाष्टा चेलीबेटी बेचविखन भएको उनी ठान्छन् । उनका कविताले हरेक किसमका भ्रष्ट चरित्रको बिरोध गरी नैतिक आदर्शमा जोड दिएका छन् । उदाहरणका निम्ति उनले नैतिकतामाथि प्रश्न उठाएको 'खोइ मालती ! तिम्रो तिलहरी खोइ?' शीर्षकको कविताबाट यो अंशलाई लिन सकिन्छः-

"मेरै सामुन्नेबाट
केही बगरेहरू-मान्छेका मासुका करारवालाहरू
खित्का छोडेर हिंडिरहे,
आमाको ओखती किन्नका खातिर
बेदाग नैनसूत जस्तो बैंस बोकेकी युवती
दागै-दागको घिनलाग्दो तन बनेर
फर्की यहिंबाट
उमङ्गहीन पाइलाका आवाजहरू सुनिरहें
सऱ्याक सऱ्याक,
विषाक्त समयको कोर्राले हिर्काएका

र वेइमान परिवेशको धनुर्कांडले रोपेका
आफूजस्ता अरू धेरै मान्छेको
छातीभरि-पिठ्यूँभरिका नीलडामहरूलाई मैले
यो रातको जिउँदो साक्षी भएर भोगें"[१२१]

## ६.१.७. मानवीय त्रासदीको चित्रण :-

कवि क्षितिजका धेरै प्रवृत्तिहरू उनका कवितामा खोज्न सकिन्छ । यिनैमध्ये महत्वपूर्ण प्रवृत्ति मानवीय त्रासदीको चित्रण पनि हो । वर्तमान समयको मान्छे विवेकहीन, हृदयहीन, मानवताहीन, संवेदनाशून्य, क्रूर र अपराधी बन्दै गएका कारण समाजमा मानवीय त्रासले ठूलो साम्राज्य फैलाएको उनी देख्छन् । मान्छेले मान्छे नै चिन्न नसक्नु, आपसी सम्बन्ध थाहा नपाउनु, आफ्नो जस्तै अर्कोको दुःख नदेख्नु, आफ्नो जस्तै अर्कोको प्राण सम्म पनि नदेख्नुमा उनका कविताले चिन्ता व्यक्त गरेका छन् । खाना खाए सुन्नुको ठेगान छैन, बाहिर गए फर्कनुको ठेगान छैन, निदाए ब्यूँझनुको ठेगान छैन यस्तो अवस्थामा बाँच्नु पर्दा मानव संसार सङ्कटपूर्ण भएको अभिव्यक्ति उनका कविताले दिएका छन् । उदाहरणका लागि 'विसङ्गत' कविताबाट यो अंशलाई लिन सकिन्छ :-

"आँखाको ठाउँमा पोतिएको कालो
मुटुको ठाउँमा ढुङ्गा
ओठको ठाउँमा उराठ बगर
अनि नाकचाहिँ
पाइतालामा र हत्केलामा धारिला नङ्ग्राहरू"[१२२]

## ६.१.८. प्रगतिशील चेतना :-

कवि क्षितिजका कविताहरूमा प्रगतिशील चेतना व्याप्त देखिन्छ । उनी आफ्ना कविता मार्फत् यथास्थितिको विरोध गर्छन् र परिवर्तनको चाहना राख्छन् । समाजमा व्यापक रूपमा जरा गारेर रहेको सामन्ती संरचनाले गरीब र गरीखाने वर्गलाई दुःख दिएको, आशाको दीपमाथि शासक वर्गले निराशाको बादल फिजाएको, परिवर्तनको आवाज सुसेल्नेहरूलाई आतङ्कको छर्राले तितरवितर पारेको यथार्थको चित्रण उनका कवितामा पाइन्छ । उनी आफ्ना कविताबाट गरिब-किसान,

१२१. रमेश क्षितिज, 'अर्को साँझ पर्खेर साँझमा' (निर्मला शर्मा) पृ.सं.८
१२२. ऐजन, पृ.सं.४

मजदुर तथा श्रमजीवि जनतालाई एकीकृत हुन र परिवर्तनका पक्षमा आवाज दिन आग्रह गर्छन् । परिवर्तनका सस्ता नारा दिएर नेताले जनतालाई झुक्याईरहेको, गरिबी भोटको नारा भएको तथा सत्ता पाएपछि जस्तो सुकै परिवर्तनका कुरा गर्ने नेता समेत आफ्नै स्वार्थपूर्ति तिर लागेको देख्दा उनी जनतालाई सचेत गराउन चाहन्छन् । उनका प्रगतिशील चेतना बोकेका कविताहरूमा 'समय', 'एउटा मोडमा उभिएर', 'मनभित्रको मानिस', 'अक्षहरू' आदि पर्छन् ।

## ६.१.९. मानवतावादी भावना :-

कवि क्षितिजका कवितामा मानवतावादलाई पनि स्थान दिइएको छ । उनी आफ्ना कवितामा मानवीय मूल्य र मान्यतालाई आत्मसाथ गर्दै विश्वबन्धुत्वको लागि अभिव्यक्ति दिन्छन् । मानव-मानवबीच दूरी टाढा भैरहेको वर्तमान समयमा कोही कसैको सहारा र सहयोगी हुन नसक्दा मानव जीवन कष्टकर भएको उनी ठान्छन् । विश्वभरका मानव र मानवीय समस्या एउटै हुँदा हुँदै पनि राष्ट्र-राष्ट्र, क्षेत्र-क्षेत्र, समाज-समाज, परिवार-परिवार तथा व्यक्ति-व्यक्तिबीचको आपसी खिचलो के का लागि ? काटमार र लुछाचुँडी के का लागि ? उनको प्रश्न यतातिर केन्द्रित देखिन्छ । एउटाले अर्कोको अस्तित्व स्वीकार्न नसक्दा ठूला-ठूला सङ्कट आएका उनले देख्छन् र मानवतावादका लागि प्रार्थना गर्छन् । उनले धेरै कवितामा मानवतावादी भावना पोखेता पनि 'सिल्भियासँग एक साँझ' कविताको यो अशंलाई लिन सकिन्छ :-

"किन मेट्न सकिन्न सिमाना र साँधहरू
किन बटुलेर संसारका जम्मै झण्डाहरू
रङ्गीचङ्गी कपडा बनाउन सकिन्न
नाङ्गा मान्छेका लागि
मान्छे हुनुको परिचय नै किन पर्याप्त बन्दैन
मान्छेको आफन्त हुनका लागि ?"[१२३]

## ६.१.१०. भविष्यप्रति आशावादी:-

कवि क्षितिजका कवितामा भविष्यप्रति आशावादी प्रवृत्ति पनि भेटाउन सकिन्छ । प्रशस्त निराशाभित्र उनले आशाका दीप पनि उभ्याएका छन् । समाजका अन्याय, अत्याचार, गरिबी, चरित्रहीनता, पारस्परिक काटमार जस्ता विसङ्गतिपूर्ण

---

१२३. ऐजन, पृ.सं.६३

अवस्थाबाट पार पाउन हामी आशावादी अवश्य बन्नुपर्ने उनले देख्छन् । युवाहरूमा व्याप्त केही गरौं भन्ने भावना, हाम्रा प्राकृतिक सम्पदाको भण्डार, समयको परिवर्तनले केही गर्न सक्छ भन्ने उनका कविताको आशा छ । अँध्यारा पक्षहरू थुप्रै भए पनि उज्यालाका लप्काहरू जनताबाटै बल्न सक्ने उनका कविताले सङ्केत गरेका छन् । निरशाका सुस्केराहरू फेर्दै जीवनप्रति आशाको सञ्चार गर्न प्रयत्नशील देखिन्छन् उनी । 'स्वप्नकथा' कवितामा उनले नेपालको उज्ज्वल भविष्य निर्माण गर्न सक्ने युगपुरुष नेताको परिकल्पना गर्नुले यी कुराको पुष्टि हुन्छ ।

यसरी कवि क्षितिजका कविताहरूमा माथिका विविध प्रवृत्तिहरू भेटाउन हामी सक्छौं ।

## ६.२. रमेश क्षितिजका गीति प्रवृत्तिहरू :-

रमेश क्षितिज आधुनिक नेपाली गीति यात्राका समसामयिक धाराका यात्री हुन् ।  उनका गीतले देशको माया, आमाको माया, गाउँघर डाँडाकाँडा, पहाड, तराई, हिमालको तथा प्रियसीको मायालाई सुसेलेका छन् । श्रोताले गीत सुन्दा जुनठाउँको वर्णन सुन्छन् त्यही ठाउँमा पुगेको आभास दिन सक्ने गीतकार क्षितिजका गीत विभिन्न सङ्घ संस्थाबाट पुरस्कृत तथा सम्मानित हुनुले पनि स्तरीय छन् भन्ने कुरा प्रमाणित  हुन्छ । उनका सयौं गीत रेकर्ड भएका र प्रशस्तै मन पराइएका छन् । उनी गीतमा लोक जीवनसँग सम्बन्धित बिम्ब र प्रतीक उभ्याउँछन् । प्रायजसो पद्यात्मक शैलीका गीतमा अलङ्कारको प्रयोग उचित छ ।

क्षितिजका गीतभित्र विभिन्न प्रबृत्तिहरू भेटाउन सकिन्छ । उनका गीति प्रवृत्तिको चर्चा यहाँ क्रमश यसरी गर्न सकिन्छ:-

### ६.२.१. प्रकृति चित्रण:-

गीतकार क्षितिज प्रकृतिप्रेमी गीतकार हुन् । उनका सबैजसो गीतमा प्रकृतिको चित्र प्रत्यक्ष वा परोक्ष झल्कन्छ । उनले प्रकृतिमा रहेका खोलानाला, वनपाखा, डाँडाकाँडा, हिमाल, पहाड, तराईको वर्णन कलात्मक रूपले गरेका छन् । उनी आफ्ना गीतमा प्रकृतिको वर्णन गर्दै गाउँ पुगेका छन्, सहर पुगेका छन् , बस्ती-बस्तीमा पुगेका देखिन्छन् । गीत सुन्दा श्रोतासामु खोला पुऱ्याइदिन्छन् , वन पुऱ्याइदिन्छन् , पहाड पुऱ्याइदिन्छन् , तराइ र हिमाल पुऱ्याइदिन्छन् । यसैले उनका गीति शब्द मन पराएर नेपालका प्रसिद्ध सङ्गीतकार तथा गायकले सुमधुर

लय र स्वर दिएकाछन् । प्रकृतिको चित्रण क्षितिजको प्रमुख प्रवृत्ति हो । जसको उदाहरण उनको 'आँखाभरि हिउँचुली' शीर्षकको गीतको यो हरफ हुनसक्छः-

"आँखाभरि हिउँचुली छङ्छङ् बग्ने खोला
फेरियो कि मेरो गाउँ अझै उस्तै होला !"[१२४]

## ६.२.२. स्वदेशप्रेमः-

गीतकार क्षितिजका गीतमा स्वदेशप्रति सम्मान र प्रेम प्रकट गरिएको छ । आमालाई देशको प्रतीक बनाएर लेखिएका उनका गीतले आमालाई दर्शनको किताब ठानेकाछन् । काँगडाको कथा सम्झाएर उनका गीतले देशप्रति समर्पण भाव हुनुपर्ने उल्लेख गरेका छन् । बुद्ध जस्तै त्यागी बन्न पनि उनका गीतले आग्रह गर्छन् । नागरिक असल बने नै देश माथि उठ्छ भन्ने उनको मान्यता देखिन्छ । देशप्रति केही गर्न आग्रह गरिएको 'एउटा प्रश्न' शीर्षकको गीतबाट यो हरफलाई हेर्न सकिन्छ –

"कति धार बाँकी रह्यो गोर्खालीको खुकुरीमा?
सीमानामा देश खोज झण्डा खोज टाकुरीमा
न्याय माग्छ इतिहासले श्रम माग्छ धरतीले
कति जोश बाँकी रह्यो आज हाम्रो पाखुरीमा!"[१२५]

## ६.२.३. युद्ध र अशान्तिको विरोधः-

गीतकार क्षितिजका गीतमा देशभित्र व्याप्त युद्ध र अशान्तिको विरोध गरिएको छ । जो मर्दा पनि आफ्नै मर्ने, जो बिधुवा हुँद पनि आफ्नै हुने, जो टुहुरो हुँदा पनि आफ्नै हुने, जसको काख रित्तिदा पनि आफ्नै रित्तिने भएको हुनाले युद्ध होइन, काटमार होइन, शान्तिको बाटो रोजौँ भनेर उनी आग्रह गर्छन् । जीउने सबैको अधिकार हो जीवनको रक्षा गर्नुपर्छ भनेर उनका गीतले सचेत पार्न खोजेका छन् । उदाहरणका लागि 'मलाई नमार' शीर्षकको गीतबाट यो अंशलाई लिन सकिन्छः-

"सुनसान छन् गाउँ रित्तो छ गोरेटो
सबैतिर चल्यो सन्त्रासको सिरेटो
यो कस्तो जीत हो सबैको हार ?
मलाई नमार ! मलाई नमार !!"[१२६]

---

१२४.रमेश क्षितिज, आफैँ आफ्नो साथी भएँ (स्वयम) पृ.सं. १२
१२५.ऐजन, पृ.सं.५९

### ६.२.४. प्रणयभावको कोमल अभिव्यक्तिः-

गीतकार क्षितिजका गीतमा प्रणयभावका सुकोमल अभिव्यक्तिहरू पाइन्छन् । हार्दिक प्रेममा विश्वास गरिएका गीतहरूमा कतै मिलन, कतै विछोडको पीडा ल्याइएको छ । कतै प्रेममा धोका हुँदा जिन्दगी निरस भएको कुरा छ भने कतै सामाजिक परम्पराका कारण पवित्र प्रेमबाट बञ्चित हुनु परेको अवस्थाको पीडा छ । सस्तो प्रेममा विश्वास नगरिएका उनका गीतमा छाडा र भड्किला शब्द कतै छैनन् । सरल र सरस भाषाका साथै बिम्ब र प्रतीकको स्थापन पनि सान्दर्भिक छन् । आफ्नो देश छोडेर बाहिरिनु पर्ने वाध्यात्मक अवस्थामा पनि प्रेमले साथ नछोडेको बरू झन प्रगाढ भएका अनुभूति उनका प्रणयभावका गीतले दिएका छन् । प्रेमी वा प्रमिकाको पुकार गरिएको 'समर्पण' शीर्षकको गीत यहाँ उदाहरणका लागि प्रस्तुत गर्न सकिन्छः-

"कथा मेरो जिन्दगीको बुझिदिने तिमी हुनु
सुखको साथी दुःखमा आँसु पुछिदिने तिमी हुनु !

धेरैधेरै मान्छेहरू रूपहरू थरिथरि
पुछिदिने कोही हुन्न आँसु हुन्छ आँखाभरि
एक्लिएर रोएँ भने वरै ! भन्ने तिमी हुनु
वेवारिस भई हिंडे भने मेरो भन्नु तिमी हुनु !

कहाँ बास मागूँ मैले ढकढक्याऊँ कुन ढोका
राति आफ्नै छाया हुन्न साथी सबै उज्यालोका
सबले मलाई छोडी हिंड्दा साथ दिने तिमी हुनु
दोबाटोमा लडेँ भने हात दिने तिमी हुनु !"[१२७]

### ६.२.५. जीवनका अनुभूतिहरूको प्रस्तुतीकरणः-

गीतकार क्षितिजले जीवनमा पर्न सक्ने असङ्ख्य चोटहरूको तथा रमाइला पलहरूको वर्णन पनि गीतहरूमा कलात्मक रूपले गरेका छन् । उनी कतै सुखका कुरा र कतै दुःखका कुरा गर्छन् र सुख र दुःख जीवनका दुई पाटा स्वीकार्छन् । प्रायः गीतमा उनी हृदयभित्रका गहिरा चोटहरूलाई मार्मिक ढङ्गले उठाउँछन् ।

---

१२६.ऐजन, पृ.सं.२३
१२७.ऐजन, पृ.सं.११

जीवनका हरेक पलमा समायोजन हुनुपर्ने वाध्यता जीवन भोगिरहेकालाई भएको उनी आफ्ना गीतमा स्वीकार्छन् । यस्तै भोगाईका अनुभूतिहरू छन् 'आफैँ आफ्नो साथी' शीर्षकको गीतमाः-

"मनै त हो हाँगाहाँगा चाली हिँड्ने वनचरी
खुसी हुँदै उदास हुँदै जीउनु छ यसैगरी
दुख्यो भन्न छोडेँ मैले आजभोलि रूनछाडेँ
आफै आफ्नो साथी भएँ आफैसँग बात मारेँ"[१२८]

यसरी गीति प्रवृत्तिमा विविधता भएका गीतकार क्षितिज वर्तमानका सशक्त र सफल गीतकार हुन् । उनका केही गीतहरू निकै लोकप्रिय भएर आएको पाइन्छ ।

१२८.ऐजन, पृ.सं.४२

# सातौँ परिच्छेद

## ७. योगदानः-

### ७.१. नेपाली कविताको विकासक्रममा रमेश क्षितिजको स्थानः-

कविता विधा साहित्यको सबैभन्दा जेठो विधा हो । लोक कविताको रूपमा जनजिब्रोमा पहिलेदेखि प्रचलित भएपनि नेपाली कविता लेखनको प्रारम्भ नेपाल एकीकरणको थालनीपछि मात्र भएको हो । यस कुराको हालसम्म प्राप्त भएका अनुसन्धानात्मक सामग्रीबाट पुष्टि भैसकेको छ । वि.सं. १८२६ तिर बाट नेपाली कविता लेखनको प्रारम्भ वीरधाराबाट भएको पाइन्छ । नेपाली कविताको पूर्वार्ध ( वि.सं. १८२६-१८७२) मा तत्कालीन राजा महाराजाहरूको गुणगान र जातीय वीरताको गायनलाई महत्व दिइएको देखिन्छ । एकीकरण कार्यको निरन्तरता र सफलताका कारण यस समयमा नेपाली कविहरूले उत्साहित भई वीररस प्रधान कविता लेखेको पाइन्छ ।

नेपाल अङ्ग्रेज युद्ध र नेपालीहरूको पराजयका कारण वि.सं. १८७३ मा सुगौली सन्धी हुन्छ । जुन सन्धीले नेपाल अधिराज्यलाई संकुचित सीमामा बाँध्नेकार्य गर्दछ । त्यसपछि वीरगाथाका गायनलाई थाँती राखेर नेपाली कविहरू भागवत् भक्तिमा लीन भएको देखिन्छन् अनि नेपाली कविता क्षेत्रमा भक्तिधाराको जन्म हुन्छ । यस समयमा कविहरू मौलिक रचना गर्नुभन्दा विभिन्न धार्मिक ग्रन्थको अनुवादतर्फ लागेकोदेखिन्छन् । भक्तिधाराका विभिन्न प्रतिभाहरूको आगमन हुन्छ । भक्तिधारा पनि सगुणभक्ति र निर्गुणभक्तिमा विभाजन हुन पुग्छ । सगुणभक्तिधारा रामभक्ति उपधारा र कृष्णभक्ति उपधारामा विभाजित भएको छ । यस समयमा केन्द्रीय प्रतिभाका रूपमा रामभक्तिधाराका कवि आदिकवि भानुभक्त आचार्य स्थापित हुन्छन् । उनले नै नेपालीहरूलाई भाषिक एकीकरण गरी एउटै मालामा उन्ने सौभाग्य  पाए । यो अवधि वि.सं. १९४० सम्म कायम रह्यो ।

वि.सं. १९४१ मा मोतीराम भट्टको आगमन हुन्छ । त्यसपछि नेपाली कविताले कोल्टे फेर्ने मौका पाउँछ । भाषा सेवा तथा साहित्यसाधकका रूपमा उनले श्रृङ्गारिक धारा भित्र्याउँछन् । नेपाली कविता क्षेत्रमा गजलको सुरूवात गर्छन् । आफ्ना अग्रजहरूको सम्मान गर्ने परम्पराको सुरूवात र जीवनी लेखनको प्रारम्भ पनि मोतीराम भट्टबाट नै हुन्छ । साहित्यको विकासका लागि सचेत सामूहिक प्रयासको शुभारम्भ पनि यही समयदेखि हुन्छ । शिष्ट श्रृङ्गारिक धाराबाट सुरू भएको यो धारा अश्लीलतातर्फ उन्मुख हुँदै चरमोत्कर्षता प्राप्त गर्दछ ।

सूक्तिसिन्धुको प्रकाशनसँगै चरमचुलीमा पुगेर ओरालो झर्न थाल्छ । सङ्गठित र संस्थागत रूपमै कविता लेखनमा संलग्न भए तापनि यस समयको नेतृत्व मोतीरामले नै गर्छन् । यसकालका कवितामा केही मौलिक चिन्तनका साथै प्रकाशनमा जोडदिने जस्ता विशेषता देखिन्छन् ।

वि.सं. १९७३ मा ५० श्लोकको 'वर्षा विचार' लिएर नयाँ नेतृत्व प्रदान गर्न कवि लेखनाथ पौडेल देखापर्छन् । वि.सं. १९७४ मा सूक्तिसिन्धु प्रकाशनमा लागेको प्रतिबन्ध पश्चात् वि.सं. १९७५ मा ऋतुविचारको प्रकाशन हुन्छ । यसैसाथ नेपाली कविताले आधुनिकतामा प्रवेश गर्दछ । लेखनाथ पौडेल केन्द्रीय प्रतिभाका रूपमा स्थापित भई परिष्कारवादी धारालाई डोऱ्याउने कार्य गर्छन् । यसै कालमा त्रिमूर्तिका रूपमा 'सूधपा' उदाउँछन् र जातीय जागरणको बिगुल फुक्न थाल्दछन् । परिष्कारवादी धाराका कविताहरूले नैतिक, आदर्श, चेतना, सामाजिकता, आध्यात्मिकताको सन्देश दिन थाल्छन् । कविताका क्षेत्रमा दार्शनिकताको सुरूवात पनि यही वि.सं. १९७५ देखि १९९० सम्मकै अवधिमा हुन्छ । सौन्दर्यचेत र कलात्मक उचाइका दृष्टिले लेखनाथका कविता उत्कृष्ट देखिन्छन् । कविता विधाले आधुनिकतामा प्रवेश गर्नु र खण्डकाव्यस्तरका मौलिक कृति जन्मनु यस समयका महत्वपूर्ण उपलब्धि हुन् ।

वि.सं. १९९१ मा शारदाको प्रकाशनसँगै नेपाली साहित्याकाशका चम्किला नक्षत्रका रूपमा सिद्धिचरण श्रेष्ठ र लक्ष्मीप्रसाद देवकोटाको उदय हुन्छ । यिनै प्रतिभाद्वयले स्वच्छन्दतावादलाई भित्र्याउने र साहित्यको श्रीबृद्धिमा समर्पित हुने कार्य गर्दछन् । स्वस्फूर्त प्राकृतशैली, सहज भावनाको अविरल प्रवाहका कारण आँसु लेखनका धनी, प्रकृतिप्रेमी, मानवतावादी कविका रूपमा महाकवि लक्ष्मीप्रसाद देवकोटा स्थापित हुन्छन् । सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै चेतनाको दीयो बाल्ने प्रयास सिद्धिचरण श्रेष्ठले गर्दछन् । यसैकालमा गोपालप्रसाद रिमाल आफ्नै मौलिक गद्यशैली दिएर क्रान्तिकारी स्वर सुसेल्न थाल्दछन् । जसको अनुशरण पछि सम, देवकोटा जस्ता नेपाली साहित्यका मूर्धन्य प्रतिभाले समेत गर्न थाल्दछन् । स्वच्छन्दतावादी धाराको काल (वि.सं.१९९१-२०१६) नेपाली साहित्यको इतिहासमा स्वर्णाक्षरले लेखिने काल हो । यसै समयमा समले नेपाली कविता क्षेत्रमा वैज्ञानिकता भित्र्याउँछन् । भावनाको कलात्मक उच्चताका साथै समाज परिवर्तनका स्वरहरू सुसेल्दै नेपाली साहित्यको भण्डार भर्ने कार्य गर्दछन् । यस सयमका प्रतिभाहरूले खण्डकाव्यका क्षेत्रमा उल्लेख्य योगदान दिएका छन् । देवकोटा, सम, सोमनाथ र लेखनाथ जस्ता होनहार

प्रतिभाले नेपाली महाकाव्यको भण्डार भर्ने कार्य गर्दछन् । अर्का उल्लेख्य प्रतिभा भीमनिधि तिवारीको आगमन पनि यही कालमा हुन्छ । स्वच्छन्दतावादी भावना, परिष्कारवादी शिल्प, सङ्क्षिप्तता र कलात्मकता लिएर माधवप्रसाद घिमिरे उदाउँछन् । यिनै मूर्धन्य प्रतिभाहरूको नेतृत्वमा स्वच्छन्दतावादी धारा अगाडि बढ्दछ ।

वि.सं. २०१६ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको देहावसान पश्चात् २०१७ सालमा प्रयोगवादी लेखन (घाइते युग कविता) लिएर मोहन कोइराला देखापर्दछन् । यसपछि कविता क्षेत्रमा अमूर्त लेखनको शुरूवात हुन थाल्दछ । विभिन्न बिम्ब र प्रतीकको अत्याधिक प्रयोगले कविता दूर्बोध्य बन्न पुग्दछन् । यसैभित्र आयामेली आन्दोलनका प्रवर्तक त्रय तिलविक्रम नेम्वाङ, इन्द्रबहादुर राई र ईश्वरबल्लभ जीवनलाई लम्बाई, चौडाई र गहिराईबाट समेत अध्ययन गरिएमा मात्र सम्पूर्णताको अध्ययन हुनसक्ने मान्यता लिएर २०२० सालमा देखापर्छन् । यो प्रयोगवादी धारा वि.सं. २०२९ साल सम्म रहेको पाइन्छ । तत्पश्चात् समसामयिक धाराको शुरूवात हुन्छ । नेपाली कविताको विशेषता के छ भने जे-जस्ता उतार-चढाव, घुम्तीमोड र धाराहरू पार गर्दै नेपाली कविताको विकासक्रम अगाडि बढे पनि गौण रूपमा यी सबै धाराहरू अगाडि हिँडिरहेका छन् ।

यसै परम्परामा वि.सं. २०४३ सालमा गोर्खा पत्रमा 'आमा' शीर्षकको कविता प्रकाशित गरेर रमेश क्षितिज औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गर्दछन् । उनका कविता पनि समसामयिक नेपाली कविताभित्र समेटिएका छन् । उनले पुस्तकाकार रूपमा 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रह वि.सं. २०५७ सालमा प्रकाशनमा ल्याएका छन् । उनी बहुविधामा कलम चलाउने स्रष्टा हुन् । उनले कविताका साथै निबन्ध, कथा, गीतजस्ता विधामा कलम चलाएका छन् । अन्य विधाभन्दा पहिले कविताकै प्रकाशन गर्नुले उनको कविता लेखनको महत्व विशिष्ट देखिन्छ । उनले पटक-पटक पाएको पुरस्कार र सम्मानले पनि उनी उत्कृष्ट कवि बन्न सफल छन् भन्ने कुराको प्रमाण मिल्दछ । गद्यमा प्रशस्त मौलिक तथा प्रचलित बिम्ब र प्रतीकको प्रयोग गर्ने कवि क्षितिजले गोपालप्रासद रिमालबाट प्रभाव ग्रहण गरेको देखिन्छ । भूपि शेरचन पनि उनका प्रभावका श्रोत देखिन्छन् । आफ्ना समकालीन भीष्म उप्रेतीका प्रशंसक कवि क्षितिज नेपाली गद्य कविता परम्परामा तीब्र संवेदना, गम्भीर अनुभूति र विशिष्ट अभिव्यक्ति सौन्दर्य एवम् कला भएका सहज र प्रतिभाशाली कविका रूपमा झुल्केका एक तारा हुन् ।

## ७.२. नेपाली कविता-काव्यक्षेत्रमा रमेश क्षितिजले दिएको योगदान तथा मूल्याङ्कनः-

रमेश क्षितिजले औपचारिक साहित्य यात्रा थालेपछि वि.सं. २०४३ देखि अधावधि साहित्यका विविध विधामा कलम चलाउँदै आएका छन् । कविता विधाबाट साहित्यिक यात्रा शुभारम्भ गर्ने क्षितिज एक सफल कवि, गीतकार तथा काथाकार हुन् । उनका थुप्रै रचनाहरू पत्र-पत्रिकाहरूमा प्रकाशित भए पनि पहिलो प्रकाशित कृति भने वि.सं.२०५७ को 'अर्को साँझ पर्खेर साँझमा' कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा उनका ३७ वटा गद्य कविताहरू छन् । समसामयिक विषयवस्तुका प्रर्याप्त प्रस्तुतीकरणले सुसजित यो सङ्ग्रह नेपाली कविताको समसामयिक धाराको उल्लेख्य कृति हो ।

आफ्ना मौलिक र पवित्र बिम्ब तथा प्रतीकको मीठो प्रस्तुति भएको यस कृतिमा शब्दालङ्कार र अर्थालङ्कारको उपयुक्त प्रयोग पाउन सकिन्छ । शैली गद्य हुँदा हुँदै पनि आन्तरिक लयको सुगन्ध यसमा प्रर्याप्त छ । भाषिक विचलनले कृतिलाई थप कलात्मक बनाएको पाउन सकिन्छ । शब्दात्मक र वाक्यांशात्मक दुई किसिमका शीर्षक चयन गरिएका कविताहरू यसमा सङ्ग्रहित छन् । उनका कविताले समयका पदचापभित्र उत्पन्न भएका विसङ्गति तथा त्यसले जन्माउने मानवीय त्रासदीको चित्र खिचेको पाउन सकिन्छ । उनका कविताले वर्तमान समयको मान्छे विवेकहीन, हृदयहीन, मानवताहीन, संवेदनाशून्य, क्रूर र अपराधी बन्दै गएको देख्छन् । प्रथम भए पनि यो कृति उत्कृष्ट हुनुले उनको काव्यकला सहजै राम्रो भएको अन्दाज गर्न सकिन्छ ।

सङ्ख्यात्मक रूपमा धेरै कृतिहरू प्रकाशनमा ल्याएर पनि चर्चामा आउन नसक्नु भन्दा एउटै तर उत्कृष्ट कृति दिएर सफल कवि बन्न सक्षम देखिन्छन् उनी । एउटै कृतिमा प्रशस्तै विषयवस्तु पाइने उनको यो कविता सङ्ग्रह भाषाशैलीमा पनि सफल छ । क्षितिजका कविता प्रायः प्रथम पुरुषबाट व्यक्त गरिएका आत्मबोधात्मक ढाँचाका छन् तापनि यिनले शैलीको विविधतालाई निर्वाह गरेर वार्तालापीय, , नाटकीय, विस्मयात्मक, प्रश्नात्मक, आत्मालापीय, चित्रात्मक, प्रतीकात्मक, व्यञ्जनात्मक, व्यङ्ग्यात्मक, बिम्बात्मक, आलङ्कारिक, स्वैरकल्पनात्मक, संस्मरणात्मक, चेतनप्रवाह शैली आदिको प्रयोग गरेका छन् ।

आफ्नो दैनिक जीवन सञ्चालन गर्न सरकारी सेवामा लाग्नु परे पनि क्षितिजले उत्कृष्ट कविता कृति र विभिन्न फुटकर कविता दिन सक्नु नेपाली कविता भण्डारमा उनको योगदान महत्वपूर्ण पाउन सकिन्छ । आफ्नो व्यस्त

जीवनमा कविता मार्फत देश र जनतालाई सचेत पार्न सक्नु उल्लेखनीय कार्य हो । बिन्दु-बिन्दु मिलेर नै सिन्धु बन्छ । नेपाली भाषा साहित्यप्रति अगाध प्रेमभाव राख्ने सबै साहित्यानुरागीले कवि क्षितिजबाट प्रेरणा लिनुपर्ने देखिन्छ । आफ्नो कवित्व चेतनालाई उच्च बनाउँदै काव्य तत्वको आधारमा आफ्ना कविताहरूलाई परिष्कृत र परिमार्जित गर्न क्षितिज सफल छन् । फुटकर कविता, गीत तथा कथाले उनलाई नेपाली स्रष्टाको परिचय प्रदान गरेका छन् ।

समग्रमा उनका कविता कृति ज्यादा नभए पनि एउटै सङ्ग्रह र पत्र-पत्रिकामा प्रकाशित रचनाले उनी सफल कवि हुन् । उनको कवितात्मक योगदानलाई मूल्याङ्कन गर्दा आधुनिक नेपाली कविता परम्परामा उनी एक लगनशील प्रतिभा सम्पन्न कविका रूपमा स्थापित भएको पुष्टि हुन आउँछ ।

## ७.३. नेपाली गीतको विकासक्रममा रमेश क्षितिजको स्थान :-

नेपाली भाषामा लेख्य गीतको रचना थालिनुपूर्व लोकगीत समाजमा निकै प्रचलित थियो र अहिले पनि छँदैछ । लोकगायकहरू मेलापात गर्दा चाडपर्व आदि मनाउँदा तथा जात्रा आदिमा जाँदा आफ्ना मनका भावहरू वाद्ययन्त्रका सहयोगबाट र कहिले यसको अभावमा मौखिक रूपले मात्रै पनि व्यक्त गर्ने गर्थे । यस्तै कुनै गीतमा तत्कालीन परिस्थितिको अभिव्यक्ति पनि हुने गर्थ्यो । समाजमा लोकगीत व्याप्त भए पनि नेपालीमा यसको गर्भबाट सोझै लेख्य गीतले जन्म लिन भने सकेन बरू यो लोक विशेषता पहिले कविताले ग्रहण गर्‍यो ।

नेपाली गीतको पृष्ठभूमि काल प्रारम्भबाट वि.सं.१९४० सम्म भएको र यो अवधिमा खासै गीत रचना नभएर गीति ढाँचाका कविताहरू रचना भएको देखिन्छ । नेपाली कविताको इतिहासमा पहिलो मानिएको सुवानन्द दासको 'पृथ्वीनारायण' शीर्षकको कवितामा पनि लोकविशेषता देखिन्छ । यदुनाथ पोखेलका कवितामा बढी गेयता पाइन्छ । यसैगरी गुमानी (लोकराज पन्त), हीनव्यकर्णी विद्यापति, वसन्त शर्मा, पतञ्जलि गजुर्‍याल, भानुभक्त आचार्य, ज्ञानदिल दास जस्ता कविहरूले प्रशस्तै गेय गुण भएका कविता रचना गरेका देखिन्छन् ।

नेपाली गीतको इतिहासमा वि.सं.१९४१ देखि २००७ लाई अनुभूतिप्रधान गीतको प्रारम्भ र विकासकालका रूपमा लिइन्छ । अनुभूतिप्रधान नेपाली गीतको स्वरूपको निर्माण मोतीराम भट्टबाट सर्वप्रथम भएको देखिन्छ । भावको एकान्वितिका दृष्टिले, निजात्मकताका दृष्टिले, लयका दृष्टिले, अनुप्रासीयताका

दृष्टिले र रचनाका दृष्टिले पनि गीत बन्ने सामर्थ्य उनका गीतले राखेका छन् । उनले धेरै गीत र त्यो भन्दा पनि बढी गजल लेखेर नेपाली गीत-गजललाई गुण लगाएका छन् । यस समयमा गीत लेख्ने अन्य गीतकारमा लक्ष्मीदत्त पन्त 'इन्दु', शम्भुप्रसाद ढुङ्गेल, बहादुरसिंह बराल, नेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, अलिमियाँ, भीमनिधि तिवारी, ठाकुरनाथ रिमाल, केवलपुरे किसान, गोकुलप्रासद जोशी, धर्मराज थापा, माधवप्रसाद घिमिरे, सुरेन्द्रबहादुर शाह, गोविन्द शर्मा 'विमल' म.वी.वि.शाह, चक्रपाणि चालिसे तथा तारणीप्रसाद कोइराला आदिको नाम प्रमुख भएर आउँछ । यी गीतकारहरूमध्ये केही पछिल्ला चरणमा पनि सकृय रहे ।

नेपाली गीतको इतिहासमा वि.सं. २००७ देखि हालसम्म विस्तारकाल मानिन्छ । यस चरणमा सञ्चार माध्यम खासगरी रेडियो नेपालको स्थापनाले पनि उल्लेख्य भूमिका खेल्यो । यसपछि रेकर्डको सुविधालाई ध्यानमा राखी ६ देखि १० पङ्क्ति र अझ भन्दा ८ पङ्क्तिमा धेरै गीत लेखिन थाले । हाल आएर यसमा नयाँ नयाँ प्रयोग हुँदै छन् । यस अवधिको पहिलो मोड वि.सं. २००७ देखि २०१६ मानिन्छ । २००७ सालमा रेडियो नेपालको स्थापना पछि पहिले गीत लेखिरहेका धेरै गीतकारहरू नै सकृय रहे । रेडियो नेपालको गीत सङ्गीतको कार्यक्रममा सर्वप्रथम शंकर लामिछानेद्वारा रचित 'मेरो दिल टुक्रा बनेर' शीर्षकको गीति कविता हरिप्रसाद रिमालले गाएको जानकारी पाइन्छ । यस समयका सकृय गीतकारमा शंकर लामिछाने, सिद्धचरण श्रेष्ठ, जनार्दन सम, लक्ष्मण लोहनी, कोइलीदेवी माथेमा , कुलचन्द्र कोइराला, अगमसिंह गिरी, भैरवनाथ रिमाल 'कदम', माधवप्रसाद खनाल 'भावुक', प्रेमविनोद नन्दन, पुष्प नेपाली, लीलासिंह कर्मा, भूपि शेरचन, कृष्णप्रसाद पराजुली, छिन्नलता, डा.राममान तृषित, किरण खरेल, रत्नशमशेर थापा, हरिभक्त कटुवाल, मोदनाथ प्रश्रित, श्यामदास वैष्णव आदि देखिन्छन् ।

यसै समयावधिको दोस्रो मोड २०१७ देखि २०४६ मानिन्छ । यस अवधिमा नेपालमा निर्दलीय पञ्चायती ब्यवस्था थियो । जुनबेला जनताका स्वतन्त्र स्वरहरू प्रतिबन्धित थिए । यसैले यस अवधिमा कुनै गीतकारले व्यवस्था र नेताको भजन-किर्तन गरेर गीत लेखे भने कसैले प्रत्यक्ष वा परोक्ष रूपमा व्यवस्था र नेता विरोधी गीत लेखे । एक किसिमको पञ्चायत समर्थक र विरोधीको जुहारी गीतमा पनि चल्यो । यस समयमा यस पूर्वका साथै नवीन शिल्प र शैलीका साथ अन्य गीतकारहरू देखा  परे । यस कालका सकृय गीतकारमा प्रेमप्रकाश मल्ल

'मधुकर', जगत मर्दन थापा, यादव खरेल, अम्बर गुरूङ, बैरागी काइँला, क्षेत्रप्रताप अधिकारी, भीम विराग, ईश्वरवल्लभ, रवीन्द्र शाह, नगेन्द्र थापा, हिरण्य भोजपुरे, शरण प्रधान, मेघराज मञ्जुल, दैवज्ञराज न्यौपाने, रायन, गणेश रसिक, गोपाल योञ्जन, चेतन कार्की, विश्ववल्लभ, राजेन्द्र थापा, डा.वासुदेव त्रिपाठी, चाँदनी शाह, नीर शाह, रामेश, जी.शाह, कालीप्रसाद रिजाल, अविनाश श्रेष्ठ, श्याम तमोट, कृष्णहरि बराल, श्रीपुरुष ढकाल, दिनेश अधिकारी सँग सँगै रमेश क्षितिज देखा पर्छन् ।

क्षितिजले २०४३ देखि नै गीत लेख्न शुरू गरे पनि वि.सं. २०४७ मा उनको पहिलो गीत रेकर्ड भयो । उक्त गीतको शीर्षक 'तिर्खाएको काकाकुल सरी भएँ' हो । गीति यात्राकै क्रममा रेडियो नेपालबाट उत्कृष्ट आधुनिक गीत रचनाकार तथा उत्कृष्ट बालगीत रचनाकारको सम्मान पाएका क्षितिजका सयौँ गीत रेकर्ड भएका छन् । उनका गीतले नेपालका धेरै नाम चलेका गायकहरूको स्वर तथा प्रतिष्ठित सङ्गीतकारहरूको सङ्गीत पाउनुले पनि उनको नेपाली गीति यात्राको स्थान पहिचान गर्न सकिन्छ ।

जिन्दगीको यात्रामा सिर्जनाको क्षेत्रले मात्र बाँच्न मुस्किल नेपाली परिस्थितिका कारण उनले पनि राष्ट्रसेवक भई काम गर्दा गर्दै यत्रो लगानी साहित्य र कला क्षेत्रलाई दिन सक्नु सामान्य कुरा होइन । उनका धेरै गीतहरू श्रोताले मन पराएको प्रमाण सहजै प्राप्त गर्न सकिन्छ । नेपाल तथा विदेशमा बस्ने नेपाली माझ उनको पहिचान पर्याप्त पाउन सकिनु पनि उनको गीतकारिताको उचाइ हो ।

गीति साधनाको लामो यात्रा पछि रमेश क्षितिजको 'आफैं आफ्नो साथी भएँ' गीत सङ्ग्रह वि.सं. २०६३ मा प्रकाशनमा आयो । जसमा रेकर्ड भएका र नभएका उनका केही गीतहरू छन् । यस सङ्ग्रहमा भएका अठहत्तरवटा गीतमा क्षितिजले प्रेम, वियोग, देशभक्ति तथा परदेशीका पीडालाई विषयवस्तु बनाएका छन् । उनका गीतले मिलनको सुख अथवा विछोडको पीडा दुबैमा पाठकलाई संवेदनशील बनाउन सक्ने सामर्थ्य राखेको देखिन्छ । प्रस्तुत कृतिका गीतहरूमा प्राकृतिक क्रियाकलापलाई मानव जीवनका आरोह-अवरोहसँग जोडेर मान्छे र प्रकृतिको अभेद्य सम्बन्धलाई प्रस्तुत गरिएको पाइन्छ ।

यसरी नेपाली गीति रचनामा प्रतिभा, व्यूत्पत्ति र अभ्यासका कारण उच्च स्थानमा गीतकार क्षितिज पुगेको देख्न सकिन्छ । सङ्ख्यात्मक रूपमा भन्दा पनि गुणात्मक रूपमा उनको रचनाकारिताको तह माथि छ ।

## ७.४. नेपाली गीत क्षेत्रमा रमेश क्षितिजले दिएको योगदान तथा मूल्याङ्कनः-

औपचारिक साहित्ययात्राको थालनीसँगै क्षितिजले बहुविधामा आफूलाई सक्षम साहित्य साधकका रूपमा स्थापित गर्न सके । उनले कविताबाट थालेको यात्रा गीत तथा कथामा पुऱ्याउनुका साथै उपन्यासमा पुऱ्याउने लक्ष्यमा हिँडेको देखिन्छ । कवितामा, गीतमा र कथामा राष्ट्रीयस्तर दिन सक्नु उनको ठूलो विजय हो । किनकि कतिपय साहित्यसाधक वर्षौं लगाएर पनि एउटा विधामा सफल हुन गाह्रो परेका उदाहरण हाम्रा अगाडि छन् । सिर्जना पस्कँदैमा सफल होइने कुरा होइन । यसका लागि उत्कृष्टताको खाँचो अनिवार्य सर्त हो । जसले आफ्नो रचनामा उत्कृष्टता दिन सक्छ ऊ गुणात्मक रूपले पनि सफल बन्न सक्छ ।

क्षितिजले आफ्ना गीतलाई सफलताको चुलीमा पुऱ्याए । यसैकारण उनका गीतले साङ्गीतका मीठा झङ्कार र सुमधुर स्वर पाए । श्रोतामाझ पुगेपछि पनि उनका गीत कतै डग्मगाएको देखिदैन । अधिकांश श्रोताका मनमुटुमा बस्न सकेकाले उनलाई धेरैले चिने । पुस्तकाकार रूपमा उनको गीत सङ्ग्रह ‘आफैं आफ्नो साथी भएँ’ दोस्रो कृति हो । यसमा जम्मा अठहत्तरवटा गीत सङ्ग्रहित छन् । विषयवस्तुका दृष्टिले प्रेम, वियोग, देशभक्ति र परदेशका पीडा समाविष्ट यस सङ्ग्रहमा मिलनका सुख र बिछोडको पीडा दुवैमा पाठकलाई संवेदनशील वनाउने प्रयास गरिएको छ । यस सङ्ग्रहका गीत मिलनभन्दा बढी वियोगमा केन्द्रित छन् । जीवनका निराशाहरूलाई सुन्दर र कलात्मक ढंगले प्रस्तुत गरिएका उनका गीतमा निराशाबाटै आशा खोजिएको छ । सूक्ष्म आख्यानको प्रयोग भएका गीतमा कतै कवितात्मक संरचना र गजलले पनि ठाउँ पाएका छन् । प्रथम पुरुष कथनपद्धतिको प्रयोगका कारण पढ्दै जाँदा पाठक आफैं गीतको नायक भएको अनुभव गर्छ । भावगत तरलता र अभिव्यक्तिगत स्वतःस्फूर्तताका कारण यस सङ्ग्रहका गीत सशक्त छन् ।

गीतकार क्षितिजलाई सङ्ख्यात्मक भन्दा गुणात्मक रूपमा सफल गीतकारका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । उनका गीत गीति संरचनामा खासै खसेका छैनन् । उनलाई रेडियो नेपालले गरेको मूल्याङ्कनले पनि उनी कमजोर गीतकार नभएको पुष्टि गर्छ । समग्रमा उनले नेपाली गीत परम्परामा गतिलो योगदान दिएका कारण यसैअनुरूप उनको गीति साधनाको मूल्याङ्कन गरिनुपर्छ ।

# सन्दर्भग्रन्थ सूची
## पुस्तक विवरण


# अधिकारी, हेमाङ्गराज- 'पूर्वीय समालोचना सिद्धान्त,' छै.सं. साझा प्रकाशन, ललितपुर २०५६

# उपाध्याय, केशवप्रसाद- 'प्राथमिककालीन कवि र काव्यप्रकृत्ति', ने.सं. सा.प्र.२०४९

# उपाध्याय, केशव प्रशाद- 'पूर्वीय साहित्य सिद्धान्त', पा. वि. के. त्रि. वि.२०६३

# उपाध्याय, केशवप्रसाद- 'विचार र व्याख्या', द्वि. सं. सा. प्र. काठमाडौं २०५०

# उपाध्याय, केशवप्रसाद- 'मन्थन', साझा प्रकाशन, ललितपुर २०५९

# क्षितिज, रमेश– 'अर्को साँझ पर्खेर साँझमा', निर्मला शर्मा, काठमाण्डौ, २०५७

# क्षितिज, रमेश– 'आफैँ आफ्नो साथी भएँ', स्वयम्, काठमाण्डौ, २०६३

# गैरे, ईश्वरीप्रसाद- 'आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य', न्यू हीरा बुक्स इन्टरप्राइजेज काठमाण्डौं, २०६०

# जोशी, कुमारबहादुर- 'कविता चर्चा', साझा प्रकाशन, २०४०

# जोशी, कुमारबहादुर – 'केही कृति र कृतिकार', सझा प्रकाशन, ललितपुर, २०५४

# जोशी, कुमारबहादुर– 'देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन', ने.रा.प्र.प्र., २०४७

# जोशी, कुमारबहादुर– 'देवकोटाका प्रमुख कविता कृतिको कालक्रमिक विवेचना', सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, काठमाण्डौ , २०४८

# बराल, कृष्णहरि– 'गीतः सिद्धान्त र इतिहास', विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौ, २०६०

# रिसाल, राममणि– 'नेपाली काव्य र कवि', सा.प्र.ललितपुर, चौ.सं., २०५०

# लुँइटेल, खगेन्द्रप्रसाद– 'कविता सिद्धान्तर र नेपाली कविताको इतिहास', ने.रा.प्र.प्र. काठमाण्डौ, २०६०

# शर्मा, तारानाथ– 'नेपाली साहित्यको इतिहासिक परिचय', श्याम पुस्तक भण्डार, विराटनगर, २०२९

# शर्मा, तारानाथ– 'समसामयिक साझा कविता', साझा प्रकाशन, ललितपुर, २०४१
# शर्मा, मोहनराज– 'नेपालीका केही आधुनिक साहितयकाकार', सहयोगी प्रकाशन, दो.सं. काठमाण्डौ, २०४०
# शर्मा, मोहनराज र अन्य– 'शोधविधि', साझा प्रकाशन, ते.सं. ललितपुर, २०६२
# शर्मा, शरदचन्द्र– 'नेपाली साहित्यको इतिहास (माध्यमिक काल', त्रि.वि.पा.वि.के. काठमाण्डौ, २०३७
# श्रेष्ठ, दयाराम र अन्य- 'नेपाली साहित्यको सङक्षिप्त इतिहास', साझा प्रकाशन, चौ.सं. ललितपुर, २०६२
# सिग्द्याल, सोमनाथ- 'साहित्य प्रदीप', पुस्तक सागर, दो.सं., २०४८

## स्नातकोत्तर शोधपत्र विवरण

# रेग्मी, मदनराज– 'कृष्णराज डी.सी.को जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन', महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज, बाँके, २०६६
# शर्मा, निर्मला– 'दाङ जिल्लाका कवि र तिनको कविता कृतिको अध्ययन', त्रि.वि. कीर्तिपुर, २०५९

## पत्र-पत्रिका विवरण

# आले, वीरबहादुर– 'उज्यालो क्षितिज', (कान्तिपुर दैनिक, २०५१ असोज १ गते शनिबार)
# आचार्य, पुष्पराज– 'साहित्यका उज्याला क्षितिज', (जनज्योति साप्ताहिक, २०६३ पुष १७ गते)
# गोवर्द्धन पूजा– 'साँझमा अर्को साँझ पर्खिने क्षितिज', (युगसम्वाद साप्ताहिक, २०५७ पौष १८ गते)
# डङ्गोल, आर.एम– 'द्रष्टा दृष्टिमा अर्को साँझ पर्खेर साँझमा', ('प्रतिस्पर्धा' साप्ताहिक २०५७ चैत्र २ गते)

# थापा 'नीरव', रोशन– 'समकालीन कविताकाशमा क्षितिजको साँझ पर्खाइ', ( 'मिरमिरे' मासिक २०५८ जेठ)

# दाजुभाइ, दीपकमणि– 'कालजयी कविका कविताहरू', ('घटना र विचार' साप्ताहिक २०५७ कार्तिक २३ गते)

# नयाँघरे, युवराज– 'कविताका शिविरमा क्षितिज', ('कान्तिपुर' दैनिक २०५७ मंसिर २९ गते शनिबार)

# निरौला, उदय – 'बेजोड रचनाहरूको आस्वादन', ('मधुपर्क' मासिक, २०५७ अषाढ)

# बुद्धिसागर– 'सूर्यग्रहण र नयाँ सपना', ('नयाँ पत्रिका' दैनिक २०६५ श्रावण १८ गते शनिबार)

# भट्टराई, भरतकुमार– 'रमेश क्षितिजका कविता', ('गरिमा' मासिक, २०६४ माघ)

# भौकाजी, विमल– 'अनुहार हराउनेलाई अनुहार', ('हिमालय टाइम्स' दैनिक २०५७ श्रावण १८ गते)

# रोदन, श्रीओम– 'प्रथम पुरस्कृत कान्छा कवि रमेश क्षितिज', ('जनभावना' साप्ताहिक २०५१ साल असोज १० गते)

# शर्मा, बिन्दु– 'केही दङ्गाली कविका कृति समीक्षा', ('दोभान' चौमासिक २०६३ वर्ष–७, अङ्क-१)

# शर्मा, सगरमाथा–'जीवन्त कविताको प्रतिबिम्ब', ('खवरपत्रिका' दैनिक २०५७ मंसिर २७ गते)

# शाही, वीरेन्द्र– 'अन्तर्वार्ता', ('सल्यानी आवाज' २०६६ वर्ष-६, अङ्क-६)

# सर्वहारी, कृष्णराज– 'साँझमा अर्को साँझ पर्खिने क्षितिज', (नेपाल समाचारपत्र दैनिक २०५७ पौष १६ गते)

# सुवेदी, भवानी– 'अर्को साँझ पर्खेर साँझ', ('गोरखापत्र' दैनिक २०५७ कार्तिक १९ गते)

# सुवेदी, लालगोपाल– 'यस दशककै एक सफल कविता', ('स्पेसटाइम्स' दैनिक, २०५८ असोज ६ गते शनिवार)